# रातो खबर
साप्ताहिक
Ratokhabar weekly

वर्ष ७, अङ्क ४३, पूर्णाङ्क ३१३ | २०७९ जेठ ११ गते बुधबार | Wednesday, 25 May 2022 | www.eratokhabar.com | मूल्य रु. १०



## ऐतिहासिक तथा दुर्लभ पुस्तक प्रकाशित !

नेकपा (बहुमत) का नेता सुदर्शनद्वारा अनुवाद गरिएको कार्ल मार्क्सको ऐतिहासिक तथा दुर्लभ पुस्तक 'कार्ल मार्क्स : १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' पुस्तक प्रकाशित भयो ! बेलैमा आफ्नो प्रति सुरक्षित गर्नुहोला ।




सम्पर्क : नेकपा (बहुमत) केन्द्रीय प्रकाशन तथा प्रचार विभाग र रातो खबर प्रकाशन गृह, काठमाडौँ । सम्पर्क फोन : ९८५१०३३१९४


# नेकपा (बहुमत) को नवौँ महाधिवेशन फागुन १ गतेदेखि

**वैज्ञानिक समाजवादको कार्यक्रम र संसदीय व्यवस्था अन्त्यको कार्यनीतिक कार्यक्रम पारित गर्दै दोस्रो पूर्ण बैठक सम्पन्न**

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन महासचिव विप्लव र प्रकाण्डलाई कारबाही गरेर पुनर्गठित नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिको दोस्रो पूर्ण बैठक काभ्रेको बनेपामा सोमबार सम्पन्न भएको छ ।

महाधिवेशन आयोजक समितिका संयोजक कञ्चनको अध्यक्षतामा बसेको उक्त बैठकले विचारधारात्मक तथा साङ्गठनिक निर्णय गर्नुका साथै अभियानात्मक रूपमा देशव्यापी सङ्गठन विस्तार, भेला र प्रशिक्षणहरू गर्ने निर्णय गरेको छ ।

केन्द्रीय समितिको बैठकपछि नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले मङ्गलबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै पार्टीले गरेका निर्णयहरू सार्वजनिक गरेका छन् । प्रवक्ता सुदर्शनको विज्ञप्तिमा उल्लेख भएअनुसार नेकपा (बहुमत) ले अब देशव्यापी रूपमा विचारधारात्मक तथा राजनीतिक कार्यअन्तर्गत मालेमावादी नियमित स्कुलिङ सञ्चालन गर्नेछ भने न्यूनतम् कार्यक्रम तथा राजनीतिक कार्यदिशा जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद, कार्यनीति स्वाधीन संयुक्त सरकार, कार्यनीतिक कार्यक्रम संसदीय व्यवस्थाको अन्त्य, राजनीतिक




स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनतालगायत विषयमा समग्र पार्टीपङ्क्ति तथा जनपङ्क्तिलाई स्पष्ट पार्न ब्युरोस्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ ।

तत्कालीन पार्टी नेकपाले अङ्गीकार गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा पदावलीमा गलत नभए पनि विप्लव-प्रकाण्डहरूले व्यावहारिक रूपमा सारसङ्ग्रहवादी बनाएको निष्कर्ष निकाल्दै नेकपा (बहुमत) ले अब आफ्नो पार्टीको क्रान्तिको कार्यदिशा ' न्यूनतम् कार्यक्रम तथा राजनीतिक कार्यदिशा जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद, कार्यनीति स्वाधीन संयुक्त सरकार, कार्यनीतिक कार्यक्रम संसदीय व्यवस्थाको अन्त्य, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता' बनाएको छ ।

यस्तै पार्टीका विचारहरूलाई आमसञ्चार माध्यमहरूबाट प्रसारण गर्ने निर्णय गरिएको प्रवक्ता सुदर्शनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यस्तै नेकपा (बहुमत) क्रान्तिकारी कम्युनिस्टहरूको बृहत् कार्यगत एकता, संयुक्त मोर्चा र पार्टी एकताका लागि तीव्र ... बाँकी पृष्ठ ८ मा

## नेकपा (बहुमत) द्वारा संयुक्त भेटघाट तथा प्रशिक्षण

**चितवन ।**

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) चितवनले भरतपुर महानगरपालिकामा संयुक्त भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । बुधबार भरतपुर महानगरपालिकाको वीरेन्द्र क्याम्पसमा अखिल नेपाल ट्रेड युनियन महासङ्घ र अखिल (क्रान्तिकारी) को संयुक्त आयोजनामा भेटघाट तथा प्रशिक्षण सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा चितवन संयोजक महेशको ... बाँकी पृष्ठ ८ मा

## नेकपा (बहुमत) मोरङको सम्मेलन

**मोरङ ।**

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) मोरङको सम्मेलन सम्पन्न भएको छ । सम्मेलन/भेला आयोजक समितिको ८ औँ पूर्ण बैठक तत्कालीन जिल्ला सचिव तथा नवौँ महाधिवेशन आयोजक समितिका सदस्य नरेशको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । बैठकले पूर्णको संयोजकत्वमा जिल्ला सम्मेलन/भेला आयोजक समिति निर्माण गरी समसामयिक राजनीतिक/साङ्गठनिक विषयमाथि छलफल गरेको छ ।

बैठकमा ३१ महिना लामो जेल जीवन व्यतित गरी हालै रिहा भएका बालकुमारलाई स्वागत तथा सम्मान गरिएको थियो ।

**पेट्रोलियम पदार्थको मूल्य वृद्धिविरुद्ध नेकपा (बहुमत) ले गऱ्यो सङ्घर्ष घोषणा, देशव्यापी सिठी जुलुस सम्पन्न**

# प्रधानमन्त्री, मुख्यमन्त्री कार्यालयमा धर्ना र आयल निगम घेराउदेखि चक्काजामसम्म

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेकपा (बहुमत) ले सरकारले पेट्रोलियम पदार्थलगायत उपभोग्य वस्तुमाथि निरन्तर गरिरहेको मूल्य वृद्धिको विरोध गर्दै जेठ १० देखि २२ गतेसम्म पहिलो चरणको सङ्घर्ष घोषणा गरेको छ । घोषणा भएकै सङ्घर्षको कार्यक्रमअनुसार मङ्गलबार काठमाडौँलगायत देशैभर सिठी जुलुस प्रदर्शन गरिएको छ । काठमाडौँ शान्तिवाटिकामा नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य, विभिन्न जवस, मोर्चा र सर्वसाधारणको सहभागितामा सिठी जुलुस आयोजना गरिएको हो । मङ्गलबार अपराह्न देशैभर महँगीविरुद्ध सिठी जुलुस आयोजना गरिएको हो ।

नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले सोमबार विज्ञप्ति जारी गर्दै जेठ १० गते देशभर सिठी जुलुस,




१२ गते छड्के जुलुससहित कोणसभा, १४ गते देशैभरिका आयल निगम कार्यालयहरूमा धर्ना, १६ गते काठमाडौँमा प्रधानमन्त्री निवास बालुवाटार र सबै प्रदेशका मुख्यमन्त्री कार्यालयमा धर्ना, १८ गते सिंहदरबार र पालिका कार्यालयहरूमा धर्ना, २० गते देशव्यापी मशाल जुलुस ... बाँकी पृष्ठ ८ मा

# बेपत्ता योद्धालाई यथाशीघ्र सार्वजनिक नगरिए सङ्घर्ष : नेकपा (बहुमत)

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेकपा (बहुमत) ले सम्पूर्ण बेपत्ता योद्धाहरूको अवस्था सार्वजनिक गर्न माग गरेको छ । नेकपा (बहुमत) का संयोजक धर्मेन्द्र बास्तोला 'कञ्चन' ले बेपत्ता योद्धा स्मृति दिवसका अवसरमा शनिबार प्रेस विज्ञप्ति जारी गर्दै जनयुद्धका नायक भनिनेहरूकै सत्ता साझेदारी रहेको वर्तमान सरकारलाई बेपत्ता योद्धाहरूको अवस्था र सत्यतथ्य यथाशीघ्र सार्वजनिक नगरिए सहिद र बेपत्ता योद्धाहरूको सपना साकार पार्न नेपाली जनता सङ्घर्षको आँधीबेहरी सृष्टि गर्न बाध्य हुने र त्यसको नेतृत्व नेकपा (बहुमत) ले गर्ने चेतावनी दिएका छन् ।

संयोजक कञ्चनले विज्ञप्तिमा जनयुद्धकै नायक भनिनेहरू राज्यसत्तामा पुग्दासमेत बेपत्ता



योद्धाको अत्तोपत्तो नभएकोमा चिन्ता व्यक्त गर्दै बेपत्ता योद्धा दिवसका अवसरमा उनीहरूको विशेष सम्मान र स्मरण गरेका छन् । विज्ञप्तिमा नेकपा (बहुमत) बेपत्ता योद्धाहरूका परिवारसँग काँधमा काँध मिलाएर उनीहरूको वास्तविकता पत्ता लगाउने सङ्घर्षमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**पेट्रोलियम पदार्थको मूल्य वृद्धिविरुद्ध नेकपा (बहुमत) को जुलुस**

# सरकारले जनतामारा काम गऱ्यो : मिलन राई




■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट अखिल (क्रान्तिकारी) का संयोजक मिलन राईले सरकारले पेट्रोलियमलगायत उपभोग्य वस्तुको मूल्य वृद्धि गरेर जनतामारा काम गरेको बताएका छन् । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध मङ्गलबार दिउँसो काठमाडौँ शान्तिबाटिकामा सिठी जुलुसपछि आयोजित विरोधसभामा सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) ... बाँकी पृष्ठ ८ मा

# संसदीय संशोधनवादविरुद्ध निर्मम सङ्घर्ष गरौँ

**देश/परिवेश**

■ उदयबहादुर चलाउने 'दीपक'



**पृष्ठभूमि**

'संसद्वाद, आत्मसमर्पणवाद र विसर्जनवादका विरुद्ध सङ्घर्ष गरौँ- मार्क्सवाद-लेनिनवाद-माओवादको विकास गरौँ ।'

हजारौँ जनता र कार्यकर्तामाझ २०७३ फागुन १ गते काठमाडौँ खुलामञ्चको उद्घाटन समारोह एवम् रोल्पाको थबाङमा बन्दसत्रसहित सम्पन्न तत्कालीन नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनमा प्रस्तुत एवम् पारित राजनीतिक प्रतिवेदनमा उल्लिखित यो मूल नाराको पृष्ठभूमि थियो- मोहन वैद्य 'किरण' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी- माओवादीबाट विद्रोहका ३ वर्ष, जनसेवा र जनसङ्घर्षका २ वर्ष र कथित दोस्रो संविधानसभाको नौटङ्कीद्वारा जारी नेपालको संविधान- २०७२ घोषणाका करिब डेढ वर्ष ।

नेपाल कम्युनिस्ट पार्टी-माओवादीको जिम्मेवारीअन्तर्गत सँगसँगै रहेर हामीले दोस्रो संविधानसभाको चुनाव बहिष्कार गरे पनि चुनावलाई सङ्घर्षको सशक्त मोर्चामा विकास गर्ने कि नगर्ने ? भन्ने कार्यनीतिमा भएको तात्कालिक मतभेद एवम् विद्रोहको कार्यदिशाका नाममा क्रान्तिलाई सुदूर भविष्यको विषय बनाउने सुधारवादी संशोधनवादको दलदलबाट पार्टी र शीर्ष नेतृत्व नराम्ररी फसेपछि हामीले उक्त पार्टीबाट विद्रोह गरेर त्यसको तीन वर्षपछि आठौँ महाधिवेशन सम्पन्न गरेर नेपाल कम्युनिस्ट पार्टी गठन गरेका थियौँ । आठौँ महाधिवेशनमा हामीले संसद्वादका विरुद्ध लडाइँ लड्दै गर्दा नेकपा-माओवादी फेरि अर्कोपटक विभाजित भयो र एउटा हिस्सा संसद्वादको सुरुङमा छिर्न पुग्यो । महाधिवेशनपूर्व र त्यसपछि पनि भ्रष्टाचार, महँगी, राष्ट्रघातलगायत विषयहरूमा केन्द्रित रहेर सिङ्गो पार्टीपङ्क्ति जनसङ्घर्ष र जनसेवामा समर्पित रह्यो । २०७२ साल वैशाख १२ को विनाशकारी भूकम्पको दबाबलाई कारण बनाएर संसद्वादी शक्तिको नेतृत्वमा जब कथित संविधान जारी भयो तत्पश्चात् संसद्वादले एक आधिकारिक र वैधानिक हैसियत प्राप्त गऱ्यो । एकातिर क्रान्तिकारी आन्दोलनभित्रको वैचारिक चुनौतीका रूपमा र अर्कोतिर राष्ट्रिय राजनीतिको व्यावहारिक चुनौतीका रूपमा जब संसद्वाद हाम्रासामु जबर्जस्ती खडा भयो । त्यसका विरुद्ध सङ्घर्षको सफल वैचारिक मोर्चा बनेको थियो- आठौँ महाधिवेशन जहाँ हामीले बुलन्दी गरेका थियौँ- संसदीय संशोधनवाद मुर्दावाद !

**संसदीय संशोधनवादका जराहरू**

मार्क्सवादलाई विकृत पार्ने ऐँजेरु संशोधनवादका ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# वैज्ञानिक समाजवाद जिन्दावाद ! नवौँ महाधिवेशन जिन्दावाद !

नेकपा (बहुमत) को नवौँ महाधिवेशन ऐतिहासिक जनयुद्ध दिवसको दिन पारेर आगामी फागुन १ गतेबाट सुरु हुने भएको छ। एकीकृत जनयुद्धको कार्यदिशा, वैज्ञानिक समाजवादको कार्यक्रम र संसदीय व्यवस्था अन्त्यको कार्यनीतिक कार्यक्रम पारित गर्दै नेकपा (बहुमत) को दोस्रो पूर्ण बैठकले यो निर्णय गरेको हो। संसद्वादी संशोधनवादमा फसेको विप्लव समूहलाई कारबाही गरी पुनर्गठन भएको नेकपा (बहुमत) को दोस्रो पूर्ण बैठकको ऐतिहासिक महत्व रहेको छ।

मुलुकमा नयाँ जनवादी क्रान्ति, वैज्ञानिक समाजवादी क्रान्ति हुँदै साम्यवाद स्थापना गर्ने उद्देश्यले स्थापित नेपालको कम्युनिस्ट आन्दोलन निरन्तर सङ्घर्ष, क्रान्तिकारी ध्रुवीकरण, फुट, विभाजन र विद्रोह हुँदै अघि बढेको छ। २००६ सालमा कमरेड पुष्पलालको पहल र नेतृत्वमा स्थापित कम्युनिस्ट पार्टी स्थापनाका ७३ वर्षमा दर्जनौँपटक वर्गसङ्घर्ष र अन्तरसङ्घर्षका सीधा र घुमाउरा यात्राहरू पार गर्दै अघि बढेको छ। मूल नेतृत्वबाट हुने दलाली, गद्दारी र आत्मसमर्पणका विरुद्ध सचेत क्रान्तिकारी तप्काले उठाउने क्रान्तिकारी झन्डाले नै कम्युनिस्ट आन्दोलन जोगिँदै आएको छ। कम्युनिस्ट आन्दोलन जोगिनु भनेको राष्ट्रिय वा अन्तर्राष्ट्रिय जनविरोधी, प्रतिक्रियावादी शक्तिका साथै विद्यमान संसद्वादी संशोधनवादी, सुधारवादी शक्तिहरूबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलन जोगिनु हो। नेत्रविक्रम चन्दको नेतृत्वको नेकपाबाट विद्रोह गर्दै र विप्लव-प्रकाण्डहरूलाई कारबाही गर्दै नेकपा (बहुमत) को पुनर्गठनले फेरि एकपटक क्रान्तिकारी झन्डा जोगाएर क्रान्तिकारी आशावाद जाग्रत गरेको छ र नेकपा (बहुमत) को आगामी फागुन १ गतेदेखि सुरु हुने नवौँ महाधिवेशनले नेपाली क्रान्तिका कार्यभारहरू पूरा गर्न अझ ठोस नीति, कार्यक्रम र योजनाहरू समृद्ध गर्दै क्रान्ति अघि बढाउने र पूरा गर्ने अपेक्षा गरिएको छ।

बारम्बार राज्यसत्ताको दमन, प्रतिबन्ध, आन्तरिक घात र प्रतिघात झेल्दै अघि बढेको कम्युनिस्ट आन्दोलन अन्यथा २०१२ सालमै मनमोहनले राजालाई बिन्तीपत्र हालेर गद्दारी गरेपछि अघि बढ्न सक्ने थिएन। राजा महेन्द्रले कू गरेर संसदीय व्यवस्था खाइदिएपछि कम्युनिस्ट पार्टीमाथि लागेको प्रतिबन्ध होस् वा केशरजङ्ग रायमाझीले पार्टी र आन्दोलन दरबारमा बुझाएर राजतन्त्र स्वीकार्ने कबुल गर्दै आन्दोलनमै गद्दारी गर्दा होस्, क्रान्तिकारीहरूले विद्रोहको झन्डा बिसाएनन्। त्यसैको प्रतिफल २०२८ सालमा झापाबाट विद्रोहको भ्रूण रोपियो। क्रमशः २०५२ सालमा क्रान्तिकारी विद्रोह र आन्दोलनले जनयुद्धको आकार ग्रहण गर्न सक्यो। संसारभरकै प्रतिक्रियावादी, संशोधनवादी, यथास्थितिवादी शक्तिको हातबाट रक्तरञ्जित क्रान्तिकारी झन्डा खोसेर रक्षा गर्रिंदै आएकाले नै जनयुद्धमा घात गर्दै पलायन र गद्दारीको बाटो समातेका प्रचण्ड-बाबुरामको संसद्वादी बाटोका विरुद्धको विद्रोह सम्भव भएको थियो। हो आज पनि पलायनवादी नेत्रविक्रम चन्दहरूको समूहबाट कञ्चन, सुदर्शनलगायत क्रान्तिकारी नेताहरूले क्रान्तिकारी झन्डा खोसेर क्रान्तिको भविष्य सुरक्षित गरेका छन्।

निरन्तरको वर्गसङ्घर्ष र अन्तरसङ्घर्ष र विद्रोहकै कारण क्रान्तिकारी झन्डा आजसम्म सुरक्षित छ। यसमा नेपाल र संसारकै क्रान्तिकारी, श्रमिक उत्पीडित सर्वहारा वर्ग र क्रान्ति सञ्चालन गरिरहेका शक्तिहरूले गर्व गर्नुपर्छ- क्रान्तिको बिउ मरेको छैन। बिउ नमरेसम्म क्रान्तिको सम्भावना कायमै रहन्छ। मनमोहन, केशरजङ्ग, मदन भण्डारीहरूकै पथ समात्न पुगेका प्रचण्ड-बाबुराम र अन्त्यमा त्यही नकारात्मक विरासतको सिकार भएका नेत्रविक्रम चन्दको सारसङ्ग्रहवादलाई नयाँ क्रान्तिकारी विद्रोहले प्रतिस्थापन गरेको छ र सुधारवादको निरन्तरता र षड्यन्त्रमा क्रमभङ्ग गर्दै क्रान्तिको नयाँ मार्ग कोरेको छ।

कम्युनिस्ट आन्दोलनकै निरन्तरतामा पछिल्लोपटक 'एकीकृत जनक्रान्ति' को कार्यदिशा तय गर्दै ९ वर्षअघि नेत्रविक्रम चन्दको नेतृत्वमा पुनर्गठित नेपाल कम्युनिस्ट पार्टीको मूल नेतृत्व अर्थात् विप्लव र उक्त पार्टीका प्रवक्ता रहेका खड्गबहादुर विकमा वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा विचलन आएर संसद्वादी संशोधनवादमा पतन भएपछि क्रान्तिकारीहरूले मालेमावादी विद्रोहको झन्डा उठाएका छन् र क्रान्तिको नयाँ खाका कोरेका छन्। चन्दको सारसङ्ग्रहवादी कार्यदिशाबाट विद्रोह गरेर पुनर्गठित नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले वैज्ञानिक समाजवाद- साम्यवाद स्थापनाका लागि क्रान्तिको झन्डा उठाएको हो। नेकपा (बहुमत) ले वैज्ञानिक समाजवाद स्थापनाका लागि वैज्ञानिक समाजवादी क्रान्तिको कार्यदिशा पनि तय गरेको छ। त्यसका लागि जनदबाब, जनसङ्घर्ष र सशस्त्र जनविद्रोहका माध्यमबाट दलाल पुँजीवादी सत्तालाई प्रतिस्थापन गर्ने स्वाधीन, समृद्ध संयुक्त सरकारको नारा पनि अघि सारेको छ। गत वैशाख २१ देखि २३ गतेसम्म चितवनमा सम्पन्न ऐतिहासिक विशेष राष्ट्रिय भेलाबाट पारित राजनीतिक प्रतिवेदनलाई समृद्ध पार्दै पार्टीको दोस्रो पूर्ण बैठकले 'वैज्ञानिक समाजवादको बाटोमा अघि बढौँ, संशोधनवाद, संसद्वाद र विसर्जनवादविरुद्ध सङ्घर्ष गरौँ' भन्ने मूल नारा पनि तय गरेको छ। नेपाली क्रान्ति सफल पार्न नवौँ महाधिवेशन सफल हुनेछ। वैज्ञानिक समाजवाद जिन्दावाद ! नेकपा (बहुमत) को नवौँ महाधिवेशन जिन्दावाद ‼

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– **रातो खबर साप्ताहिक**

# बेपत्ता योद्धा, परिवार र अबको बाटो

## सन्दर्भ : बेपत्ता योद्धा स्मृति दिवस



सावित्रा दुरा 'आस्था'

**पृष्ठभूमि**

मानिस बेपत्ता बनाउने कार्य मानवअधिकारको गम्भीर अपराधअन्तर्गत पर्दछ। संविधान र कानुनअनुसार मुलुक सञ्चालन गर्ने शासकहरूले आफैँले बनाएको कानुनको धज्जी उडाउँदै मानिस बेपत्ता पार्नेजस्तो घृणित कार्य गर्छ भने यस्तो मानवताविरोधी अपराध र फासिवादलाई के भन्ने ? जो रक्षक त्यही भक्षक भनेझैँ नेपालका शासकहरूको चरित्र देखिँदै आएको छ।

जनयुद्ध पुरानो सत्ताविरुद्धको ऐतिहासिक धक्का र विद्रोह थियो। जनयुद्धको आकार विस्तारसँगै पुरानो सत्ता दुनियाँमा भएका अपराध र फासिवादलाई माथ गर्ने गरी हत्या, हिंसा तथा जनदमनमा उत्रियो र मानिस बेपत्ता पार्न योजनाबद्ध रूपमा अघि बढ्यो। राणा शासन, पञ्चायती व्यवस्था, बहुदलीय संसदीय व्यवस्था जे भने पनि राज्यको चरित्र दमनकारी नै रह्यो। २०४२ सालको बमकाण्डको सेरोफेरोमा साकेतचन्द्र मिश्रलाई बेपत्ता बनायो। २०४६ सालको जनआन्दोलनको बेला प्रभाकर सुवेदी, भुवन थापामगर, दिलीप चौधरीलगायतलाई काठमाडौँबाट नै गिरफ्तार गरी बेपत्ता बनाइयो। बेपत्ता छानबिनका आयोग बने तर न आयोगको प्रतिवेदन सार्वजनिक गरियो, न त उनीहरूको स्थिति नै जानकारी दिइयो। अहिलेसम्म उनीहरूको स्थिति के छ ? परिवारलाई कुनै जानकारी छैन। जनयुद्धको उचाइसँगै राज्य योजनाबद्ध, सङ्गठित र सामूहिक रूपमा थोकमा मानिस बेपत्ता बनाई चरम फासिवादमा उत्रियो। जनयुद्धमा राज्यले ०५४ फागुन ३ गते कास्कीका फणिन्द्र सिंड्डालाई चितवनबाट सबैभन्दा पहिला बेपत्ता बनायो। ने.क.पा. (माओवादी) का वैकल्पिक केन्द्रीय सदस्य चितवनका दण्डपाणि न्यौपानेलगायत देशैभरि १,०९६ जनालाई राज्यले एकल तथा समूहमा बेपत्ता गरायो। बर्दिया जिल्लामा मात्र २०० भन्दा बढी मानिस बेपत्ता छन्। जिल्लाजिल्लाको तथ्याङ्क आंकलन गर्दा उल्लेख गरिएको भन्दा बढी मानिस जनयुद्धमा बेपत्ता बनाएको देखिन्छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा गम्भीर अपराधका कारण राज्य बदनाम भयो। अन्तर र्ष्ट्रिय रूपमा नै मानवअधिकार उल्लङ्घनको अग्रस्थानमा नेपाल दर्ता भयो तर राज्यको दमनकारी चरित्रमा आजसम्म आउँदा पनि कुनै सुधार देखिँदैन। बेपत्ता नागरिक खोजीको काम कागज र भाषणमा मात्र सीमित राखियो। वास्तविक व्यवहारमा परिवारको आँखामा छारो हाल्नेबाहेक केही गरेको देखिएन।

**बेपत्ता योद्धा स्मृति दिवस**

प्रत्येक वर्षको जेठ ७ गते बेपत्ता योद्धा स्मृति दिवस मनाउने गरिन्छ। ०५६ साल जेठ ७ गते पार्टीका वैकल्पिक केन्द्रीय सदस्य दण्डपाणि न्यौपाने, मिलन नेपाली, नवीन गौतम र कमला शर्मालाई काठमाडौँको सुन्धाराबाट राज्यले बेपत्ता बनाएको दिनलाई नै बेपत्ता योद्धा स्मृति दिवसका रूपमा स्थापित गरिएको हो। यो दिवस सिङ्गो माओवादी एक हुँदा नै निर्णय गरेर २०६८ सालबाट मनाउँदै आइएको छ। जेठ ७ को प्रतिनिधिमूलक दिनलाई सङ्घर्षको प्रतीकका रूपमा यो दिवस मनाउने गरिन्छ। सम्पूर्ण बेपत्ता योद्धाका परिवार, आफन्त, इष्टमित्रलगायत वैचारिक, राजनीतिक, सङ्गठनात्मक, सङ्घर्ष र भावनात्मक एकताबद्ध हुँदै बेपत्ता योद्धा खोजी अभियानलाई अझ उचाइमा उठाउन एक हुने दिन नै जेठ ७ गते हो। बेपत्ता योद्धा सार्वजनिकीकरणका लागि बालिएको दीपलाई सङ्घर्षको ऊर्जा थप गर्ने दिन हो। बेपत्ता योद्धाका अधुरा सपना पूरा गर्न व्यावहारिक प्रतिबद्धतासहित अघि बढ्ने दिन हो जेठ ७। तसर्थ यो दिनको उच्चता, गरिमा र नयाँ मूल्य-मान्यतालाई परिवारका बीचमा मात्र होइन, समाज र राष्ट्रकै बीचमा स्थापित गर्दै राष्ट्र निर्माणको महान् अभियानमा यो कडीलाई जोड्न सक्नुपर्छ। यो दिवसलाई कर्मकाण्ड र औपचारिकतामा सीमित नराखी बेपत्ता योद्धाले देखाएको मार्गलाई सही तरिकाले अघि बढाउन सक्नुपर्छ।

**बेपत्ता योद्धाका सपना र उद्देश्य**

महान् जनयुद्ध प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध क्रान्तिकारी सङ्घर्षको ज्वारभाटा थियो। हजारौँ युवाहरू क्रान्तिमा मानवजगत्को सुन्दर भविष्य खोज्न लामबद्ध थिए। क्रान्तिकारी लक्ष्य, उद्देश्य र सामूहिक सपनासहित क्रान्तिकारी धाराको नयाँ मोर्चामा सामेल थिए। राजतन्त्रात्मक सामन्तवादी पहाड र त्यसबाट उत्पन्न साम्राज्यवादी पहाडलाई पन्छाएर नयाँ जनवादी व्यवस्था हुँदै वैज्ञानिक समाजवादमा पुग्ने जनयुद्धको लक्ष्य र उद्देश्य थियो। जीवन र जगत्लाई बुझ्ने आआफ्नो दृष्टिकोण हुन्छ। हरेक जीवित वस्तुले आफ्ना लागि बाँच्न जानेका हुन्छन् र आफ्नो अस्तित्वका लागि बाँच्ने आमचरित्र नै हो। यो चरित्रभन्दा माथि उठेर समाज र राष्ट्रका लागि परिस्थितिसँगै सङ्घर्ष गर्न महान् योद्धाहरू जन्मने गर्दछन्। अरूका लागि बाँच्ने र मर्ने योद्धाहरू जन्माउने राम्रो अवसर जनयुद्धले पैदा गर्‍यो। हाम्रा सहिद, बेपत्ता, घाइते, अपाङ्ग योद्धाहरू तिनै थिए जसले आफ्नो तुच्छ स्वार्थलाई तिलाञ्जली दिएर अघि बढे। आफ्ना लागि जीवन रोज्ने कि राष्ट्र र जनताका लागि जीवन बेपत्ता बनाउने भन्नेमा पछिल्लो बाटो रोजे। योभन्दा महानता अरू केही हुन सक्दैन। धर्तीमा रहेका हामीले उनीहरूको सपना, लक्ष्य, उद्देश्यलाई हरदम केन्द्रमा राखेर अघि बढ्न सक्नुपर्छ। सामन्तवादी र साम्राज्यवादी दुई पहाड पन्छाएर जनताको जनगणतन्त्रात्मक व्यवस्था ल्याउने हाम्रा सहिद, बेपत्ता योद्धाको सपना अहिले पनि अधुरै छ। राजतन्त्र त ढल्यो तर लोकतान्त्रिक गणतन्त्र नामको दलाल संसदीय व्यवस्थाले त्यसको स्थान लियो। जुन वर्गविरुद्ध लड्दा हाम्रा योद्धाहरू बेपत्ता भए तिनै वर्गसँग घाँटी जोड्ने काम जनयुद्धको मुख्य नेतृत्वले गर्‍यो। जितेर पनि हारेको जस्तो, भएर पनि नभएको जस्तो स्थितिमा जनयुद्धलाई नेतृत्वले पुर्‍याए। यो नेपालको आजको तीतो यथार्थ हो जुन हामीले भोगिरहेका छौँ। तसर्थ हाम्रा बेपत्ता योद्धाका अधुरा सपना पूरा गर्ने गरी उनीहरूले उठाएका मुद्दालाई जोड्नुपर्छ। बेपत्ता योद्धालाई परिवारको सीमित घेरामा होइन, समाज र राष्ट्रको फराकिलो दायरामा स्थापित गरी बाँकी रहेको काम पूरा गर्न दृढ बन्न सक्नुपर्छ। उनीहरूको उच्च सम्मान भनेकै उनीहरूले उठाएको अभिभारालाई सचेततापूर्वक पूरा गर्नु हो।

**बेपत्ता योद्धाका परिवारको अवस्था**

बेपत्ता योद्धाका परिवारको आँसु सँगाल्न मिल्ने भए सायद ठूलै नदी बन्थ्यो होला ! अहिले पनि परिवारका आँखाहरू ओभाएका छैनन्। पर्खाइका पीडा र छट्पटीले दिनहरू बितिरहेका छन्। चाडपर्व, दुःख-सुखका हरघडीमा बेपत्ता योद्धाहरूलाई तिनका आफन्तले खोजिरहेका हुन्छन्। न लास छ, न सास छ। न छैन भनी ढुक्क हुनु, न त छ भनेर देख्न पाउनु ! योभन्दा ठूलो पीडा परिवारलाई के हुनसक्छ ? अरूको भोगाइलाई महसुस गर्नु र आफैँले भोग्नुमा धेरै फरक हुँदो रहेछ। जल्दा कस्तो हुन्छ जल्नेलाई थाहा हुन्छ, हेर्नेलाई होइन। परिवारलाई यही पीडा भैरहेको छ। छोराछोरी फर्केर आउने आशाका त्यान्द्रा बोकेर दिनहुँ मरेर बाँच्नुपर्ने अवस्था परिवारको छ। राज्य यस विषयमा बोल्न चाहँदैन। जनयुद्धका पहलकर्ता नेतृत्व र जनयुद्ध सिध्याउन, बेपत्ता बनाउन निर्देशन दिनेहरू एकै ठाउँमा बसेर सत्ताको बागडोर पालैपालो समालिरहेका छन् तर बेपत्ता खोजीको मुद्दा पूरै ओझेलमा छ। राज्य यसमा उदासीन छ। चासो दिँदैन र योजनाबद्ध बोल्न चाँहदैन। यो स्थितिमा परिवारको मनभित्र निराशा, कुण्ठा र आक्रोश उत्पन्न भएको छ।

पार्टी नेतृत्वमा देखिएको विचलनसँगै जब माओवादीमा विभाजन देखापर्‍यो परिवारलाई यसले नराम्रोसँग असर पार्‍यो। भेटघाटका क्रममा विभाजनको असर, निराशा र आक्रोश व्यापक नै देखिन्थ्यो। कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्छ। क्रान्तिकारी विचार, सिद्धान्तबिनाको एकता भुसको थैलोजस्तो हो। यसमा क्रान्तिकारी आत्मा हुँदैन भन्ने व्यावहारिक जीवनमा बुझ्न र पचाउन परिवारलाई गाह्रो हुने नै भयो। सहिद, बेपत्ता, घाइते, जनसेना, सत्ता, जनयुद्धलाई जब नेतृत्वले मात्र बार्गेनिङको साधन बनाएर एमालेसँग समाहित भएपछि भने क्रान्तिकारी पार्टी बनाउनु सही रहेछ भन्ने राम्रोसँग परेको छ। आत्मसमर्पण, विचलन र पलायनको बाटोबाट सहिद तथा बेपत्ता योद्धाको सपना पूरा हुँदैन भन्नेमा धेरैजसो परिवारको एकमत देखिन्छ। सहिद, बेपत्ता योद्धाको स्मृति कार्यक्रमसमेत खुलेर गर्न नसक्ने अवस्थामा सरकारी नेकपा पुगेको छ। त्याग, समर्पण र बलिदानको मूल्य-मान्यतालाई आफ्नै पार्टीभित्र अप्ठ्यारो पर्दा बार्गेनिङ गर्ने नत्र ओझेलमा पार्ने मात्र होइन, रछ्यानमा मिल्काउने पार्टी नेतृत्व देख्दा परिवारलाई समाजमा शिर ठाडो पारेर हिँड्ने अवस्था छैन। भोक, रोग, गरिबी र बेरोजगारीको जटिल समस्या र अभाव त छँदैछ, त्यसैमा बलिदानको अपमान र अवमूल्यनले थप पीडा र छट्पटी पैदा भएको छ। अप्ठ्यारोमा बोलिदिने, बेपत्ता योद्धा खोज्न सधैँ साथ दिने र अधुरा क्रान्तिका कार्यभार पूरा गर्ने पार्टी आवश्यक छ। जे गर्छ पार्टीले गर्छ भन्ने आमबुझाइ परिवारमा हुँदै गएको छ। तसर्थ टुटेका र फुटेका भावना र मनोविज्ञानलाई विचार, सङ्गठन र सङ्घर्षको मालामा जोड्न सबैले मेहनत गरेर अघि बढ्नुपर्ने देखिन्छ।

**परिवारको सङ्गठित आवाज र आन्दोलन**

राज्यले योजनाबद्ध सामूहिक र ठूलो संख्यामा मानिस बेपत्ता पार्दै जान थालेपछि सङ्गठित रूपमा आफन्त खोज्नुपर्ने परिस्थिति उत्पन्न भयो। आफ्ना आफन्तहरूको खोजीमा परिवार २०५६ सालबाट सङ्गठित भएका थिए। बेपत्ता योद्धा मिलन नेपालीकी जीवनसङ्गिनी सबिता बस्नेतको नेतृत्वमा २०५६ सालमा 'बेपत्ता नागरिकका परिवार समाज' गठन गरी विज्ञप्तिमार्फत पहिलोपटक सङ्गठित आवाज उठाइएको थियो। २०५९ मा यसको दायरालाई फराकिलो बनाउँदै बेपत्ता योद्धा विपीन भण्डारीका बुबा, वरिष्ठ अधिवक्ता एकराज भण्डारीको नेतृत्वमा समाजको अगुवाइ गरी बेपत्ता नागरिक खोजी सङ्घर्ष अगाडि बढ्यो। बेपत्ता नागरिक सार्वजनिक गर्न विज्ञप्ति निकाल्ने, मानवअधिकार आयोगलगायत विभिन्न निकायमा ज्ञापनपत्र बुझाउने, धर्ना दिने, कानुनी लडाइँ लड्नेजस्ता विविध उपायमार्फत खोजीकार्य जारी रह्यो। सङ्कटकालको जटिलता र अप्ठ्यारसँगै २०६० सालमा बेपत्ता योद्धा विपीन भण्डारीकी आमा शान्ता भण्डारीले उक्त समाजको नेतृत्व गर्नुभयो। पार्टीको प्रत्यक्ष सम्पर्क नहुनु, वैचारिक, साङ्गठनिक र सङ्घर्षसहित नेतृत्व गर्नुपर्ने जटिल अवस्थामा परिवारमा आएका बुझाइका अनेकताका बीचबाट समाजको नेतृत्व गर्दै सङ्घर्ष निरन्तर अघि बढ्यो। शान्तिप्रक्रियासँगै समाजको नेतृत्व बेपत्ता योद्धा ज्ञानेन्द्र त्रिपाठीकी जीवनसङ्गिनी शर्मिला त्रिपाठीले गर्नुभयो। देशव्यापी सङ्गठन विस्तारसँगै सङ्घर्ष र कानुनी दुवै बाटोबाट बेपत्ता खोजीको मुद्दा उठाउनुपर्ने स्थितिमा बृहत् भेला गरी २०६५ सालमा पुनः एकराज भण्डारीले समाजको नेतृत्व गर्नुभयो। सङ्गठनको नाम 'राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज' राखियो। पार्टी विभाजनपछि पनि बेपत्ता योद्धा परिवारको साझा मुद्दा र मनोविज्ञानलाई एकै ठाउँमा जोड्न हरप्रयत्नहरू भए। अप्ठ्यारा र जटिलतालाई चिर्दै २०७१ फागुन १४ मा बर्दियामा राष्ट्रिय सम्मेलन गरी सहिद महेन्द्र र बेपत्ता योद्धा मनोज रोकायाका बुबा अशोक रोकायाले नेतृत्व गर्नुभयो। हाल यो सङ्गठनको नेतृत्व बेपत्ता योद्धा वीरबहादुर थापाका बुबा रामबहादुर थापाले गर्नुभएको छ।

सङ्कटकालको अप्ठ्यारो अवस्थामा बेपत्ता योद्धा खोजी अभियानमा परिवारको अतुलनीय योगदान रह्यो। माओवादीको म पनि उच्चारण गर्न नपाइने, नेता-कार्यकर्ताको टाउकाको मूल्य राज्यले तोकेको स्थिति, पार्टीका नेता-कार्यकर्ता सबै भूमिगत हुनुपर्ने अवस्थामा बेपत्ता नागरिक सार्वजनिक गर्न परिवारले आँट गर्नु त्यति बेला सामान्य विषय छँदै थिएन। विशेषगरी काठमाडौँ उपत्यकाबाट शान्ता भण्डारी, कृष्णा राई, मनोरमा नकर्मी, इन्द्रकेशरी श्रेष्ठ, कृष्णाबेटी प्रजापति, मोहनमाया माली, उदय राई, उमा राई, पोखराबाट मोतीमाया पौडेल, झापाका भीमबहादुर बस्नेत, चन्द्रकुमारी बस्नेत, चितवनकी शर्मिला त्रिपाठी, धादिङका टीका कँडेल, काभ्रेकी सावित्री घिमिरेलगायत (कतिपयको नाम छुटेको छ- लेखक) ले आफन्त खोज्ने कार्यमा कुनै कसर बाँकी राख्नुभएन। उमेर अवस्थाले घरमा आराम गर्नुपर्ने बेलामा राज्यको चरम दमनको स्थितिमा रातदिन नभनी प्रहरीको लाठी, बुट खाँदै ज्यानको परबाह नगरी धर्ना, जुलुस, अनशन, घेराउलगायत विविध दुःखकष्ट उठाउनुभयो। वृद्ध बुबाआमाले गरेको यो ऐतिहासिक सङ्घर्ष क्रान्तिकारी आन्दोलनको इतिहासमा भाबी पुस्तालाई प्रेरणा दिने गरी स्थापित गराउन जरुरी छ।

शान्तिप्रक्रियासँगै परिवार समाजले चौतर्फी सङ्घर्षको ढोका खोल्यो। सडक, सदन र सङ्घर्षका मोर्चा एकसाथ अघि बढायो। वैचारिक तथा मानव शक्ति राम्रैसँग केन्द्रित गर्‍यो। परिवारमा आफन्तहरू सार्वजनिक हुनेमा नयाँ आशा पलायो तर यो आशा धेरै वर्ष टिकेन। नेतृत्वमा देखिएको वैचारिक स्खलनसँगै क्रमशः सङ्घर्षको मोर्चा फितलो बन्दै गयो। जीवनलाई जोखिममा राखेर सङ्कटको बेलामा पनि एकजुट भएर बढेको सङ्घर्ष शान्तिप्रक्रियाको केही वर्षको तामझामसँगै निराशा र उदासीनतामा परिणत हुँदै गयो। अप्ठ्यारोमा गरिएको सङ्घर्ष सजिलो अवस्थामा झन् तुहिँदै जाने स्थिति बन्यो। यो सबै पार्टी नेतृत्वमा देखापरेको विचलन र आत्मसमर्पणका कारण भएको थियो। क्रान्तिकारी आन्दोलनमा देखापरेको कालो बादललाई चिर्दै क्रान्तकारी पार्टी निर्माणसँगै फेरि आशाका किरणहरू देखापर्दै गएका छन्। यो आन्दोलनलाई धर्मर हुन दिनु हुँदैन। बेपत्ता योद्धा खोजी अभियानलाई नयाँ गति, उच्च एकता र मनोबलका साथ अघि बढाउन सक्नुपर्छ।

**परिवार र सङ्गठनको माग**

बेपत्ता योद्धा परिवार समाजले स्थापनादेखि नै आफ्ना निम्नमागहरूलाई स्पष्ट ढङ्गले राख्दै आएको छ :

१) बेपत्ता योद्धाको सार्वजनिकीकरण गर्ने
२) बेपत्ता पार्ने कार्यमा संलग्न अपराधीलाई कारबाही गर्ने
३) बेपत्ता योद्धाहरूलाई राज्यद्वारा सम्मान गर्नुपर्ने
४) परिवारको अभिभावकत्व राज्यले लिनुपर्ने।

परिवार र समाजको पहिलो महत्वपूर्ण माग भनेकै राज्यले बेपत्ता योद्धाको अवस्था सार्वजनिक गर्नुपर्छ भन्ने हो। कि लास कि सास, कि चिहान कि ज्यान देखाऊ भन्ने प्रमुख माग हो। आफन्तका बारेमा जान्न पाउनु परिवारको नैसर्गिक अधिकार हो। दोस्रो माग अपराधीलाई कानुनी दायरामा ल्याएर कारबाही गरिनुपर्छ भन्ने हो। कुन सरकारको पालामा कति मानिस बेपत्ता भए, विवरणसहित पटकपटक राज्यलाई ज्ञापनपत्र बुझाइएको छ। यो मुद्दा सुनुवाइ हुनु त कता हो कता, अपराधीहरूलाई बढुवा गर्ने, प्रोत्साहन गर्ने काम राज्यले गरेको छ। तेस्रो माग भनेको जनयुद्धका सम्पूर्ण सहिदहरूलाई राष्ट्रिय सहिद घोषणा गर्ने, बेपत्ता योद्धाको राज्यबाट नै सम्मान गर्ने हो। जसको बलिदान र त्यागले राज्य यो अवस्थामा आएको छ, त्यही मूल्यमान्यतालाई पन्छाएर राज्य अघि बढ्नु भनेको सहिद, बेपत्ता, घाइने, अपाङ्ग योद्धाहरूको घोर अपमान र अवमूल्यन गर्नु हो। व्यक्तिगत स्वार्थमा लागेकाहरूको समेत मरेपछि तिनका नाममा पार्क, स्मारक, विद्यालय, बाटो आदि बनाएर तिनलाई सम्झने कार्य गरिन्छ भने सहिद बेपत्ता योद्धाहरूलाई स्थापित र सम्मान गर्न राज्य उदासीन हुनु भनेको सहिद र बेपत्ता योद्धाप्रतिको अपमान हो। खोलो तर्‍यो लौरो बिर्स्यो भनेजस्तै भैरहेको छ, परिवारका लागि यो एकदम दुःखको कुरो हो। सहिद, बेपत्ता योद्धाको परिवार हुनुमा गर्व हुनुपर्नेमा सामाजिक तिरस्कार र बहिष्करणमा परेको अनुभूति परिवारले गरिरहेका छन्। योभन्दा विडम्बना अरू के हुनसक्छ ? चौथो माग परिवारको अभिभावकत्व राज्यले गर्नुपर्छ भन्ने हो। राज्यले पटकपटक गरी दिएको १० लाख पनि कतिपय परिवारले अझै पाएका छैनन्। बलिदानको मूल्यलाई १० लाखमा सीमित राख्न खोज्ने सोचाइ नै गलत छ। गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको समस्या त छँदैछ सामाजिक अवहेलना र अपमान पनि छ। आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक अप्ठ्यारोमा अभिभावक बन्ने कुरामा

... बाँकी पृष्ठ ३ मा

## संसदीय संशोधनवाद ....

विविध रूपहरूअन्तर्गत संसदीय संशोधनवाद अर्थात् 'संसद्वाद' आजको विश्व-कम्युनिस्ट आन्दोलनमा एउटा विश्वव्यापी चुनौती बनेको छ । मार्क्सवादको प्रारम्भमा 'जनता केही होइनन्, निश्चित वीरहरू सब थोक हुन्' भन्ने अराजकतावादी संशोधनवाद केही समयपछि 'आन्दोलन सब थोक हो, लक्ष्य केही पनि होइन' भन्ने सुधारवादी संशोधनवादका रूपमा प्रकट भएको थियो । 'पितृभूमि रक्षा' को नारा फलाक्दै बुर्जुवा प्रतिक्रियावादसमक्ष लम्पसार परेको आत्मसमर्पणवादी संशोधनवाद पछि गएर शान्तिपूर्ण सङ्क्रमणको नाराका साथ चरम दक्षिणपन्थमा विकसित भयो । यही दक्षिणपन्थी संशोधनवादको एउटा शाखाका रूपमा आज विश्वव्यापी बनेको छ- संसद्वादी संशोधनवाद !

'समाजवादको शान्तिपूर्ण प्रचार- २०१२', ' विघटित संसद्को पुनर्स्थापना- २०१७' हुँदै ' जनताको बहुदलीय जनवाद- २०४९', 'लोकतान्त्रिक गणतन्त्र- २०६२' सम्म आइपुग्दा नेपाली कम्युनिस्ट आन्दोलनभित्र संशोधनवादको नाङ्गो स्वरूपमा संसद्वादले प्रवेश पायो । संसद्वादको आधारभूत विशेषता भनेको चुनावबाटै कम्युनिस्ट सत्ता अर्थात् समाजवादको स्थापना गर्ने भन्ने हो । नेपालमा नेकपा (एमाले) संसद्वादी संशोधनवादको प्रमुख नाइके हो तर चुनावलाई कार्यनीतिक प्रयोग भन्दै बर्सौं-वर्ष संसदीय सुमेरुको वरिपरि फन्को लगाइरहने, जनतालाई क्रान्तिकारी पहलकदमीबाट अलग-थलग पार्ने तथा प्रतिक्रियावादी सत्तालाई नै परोक्ष टेकोभरोसा गर्ने संसदीय संशोधनवादको पछिल्लो भद्दा प्रयोग हो जसलाई नवसंशोधनवादका रूपमा चिन्ने र बुझ्ने गरिन्छ । यही नेपाली संसदीय संशोधनवादको पछिल्लो प्रयोगअन्तर्गत 'विप्लवी' प्रवृत्तिको विकास भएको छ । संसदीय संशोधनवादको यो प्रवृत्तिअन्तर्गत एक चरण पुरानो सत्ताविरुद्ध युद्धसमेत घोषणा गर्ने, सेना निर्माण गर्ने, सत्ता निर्माण गर्ने र अन्त्यमा साझेदारीको ट्रिक अपनाएर पुरानो सत्ताकै टाङमुनि छिर्ने यसका विशेषताहरू रहेका छन् । विप्लव नेतृत्वको एकीकृत जनक्रान्तिले मात्र होइन, प्रचण्ड नेतृत्वको जनयुद्धले समेत यही नियति बेहोर्नुपरेको वास्तविकतालाई गम्भीरतापूर्वक लिन जरुरी हुन्छ ।

**एकीकृत जनक्रान्तिको संसद्वादी गन्तव्य**

झापा विद्रोहको रगत र पसिनाबाट निस्किएको संसद्वादी कचेरा सफा गर्दै स्थापित माओवादी विद्रोह अन्ततः त्यही संसद्वादी दलदलमा भासिन सुरु भएपछि शुद्धीकरण अभियानअन्तर्गत पछिल्लो भरोसा बनेको 'एकीकृत जनक्रान्ति' पनि झापाली र माओवादी आन्दोलनकै पदचाप पछ्याउँदै आज संसद्वादकै आहालमा डुब्न पुगेको छ ।

मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा-माओवादीबाट छुट्टिँदा जसरी क. विप्लवले नेतृत्व गरेको टिमले संविधानसभाको कथित दोस्रो चुनावलाई केवल कार्यनीतिको मात्र विषय बनाउनु हुँदैन र उक्त चुनावलाई वर्गसङ्घर्षको एक सशक्त मोर्चा बनाउनुपर्छ भनेर बहस गरेको थियो, ठीक त्यसैगरी क. विप्लव नेतृत्वको नेकपामा क. कञ्चन, क. सुदर्शनलगायत अधिकांश कमरेडहरूले चुनावलाई संसद्वादी आहालमा डुबुल्की मार्ने प्रस्थानबिन्दु बनाउनु हुँदैन भनेका थिए । स्मरणीय कुरा के छ भने संसद्वादविरुद्धको रापिलो मोर्चा आठौँ महाधिवेशनको निष्कर्ष नै यो थियो, 'दलाल संसदीय व्यवस्थाअन्तर्गत हुने चुनावको कार्यनीतिक उपयोगको समेत अब औचित्य समाप्त भयो ।' कार्यनीतिक उपयोगको समेत औचित्य समाप्त भैसक्यो भनेर घोषणा गरिएको आठौँ महाधिवेशनको पाँच वर्ष बित्दानबित्दै स्थानीय तहको चुनाव उपयोगको प्रस्ताव महासचिवको जिम्मेवारीमा रहेका क. विप्लवले केन्द्रीय समितिमा पेस गर्नु आठौँ महाधिवेशनको संश्लेषणविपरीत संसद्वादी विचलन तथा क. किरण नेतृत्वको पार्टीबाट गरेको विद्रोहको अनौचित्य साबिती हो ।

यहाँनिर केही प्रश्नहरूले क. विप्लवप्रति औँलो ठड्याउँछन्- क. किरण नेतृत्वको पार्टीबाट अलग हुनु के आफू महासचिव बन्नलाई मात्र थियो त ? दलाल संसदीय व्यवस्थाभित्र चुनाव उपयोगको औचित्य समाप्त भैसक्यो भनेर घोषणा गरिएको आठौँ महाधिवेशनको निष्कर्ष के गलत हो ? हिजो चुनाव कार्यनीतिक विषय मात्र होइन, बरु यो त क्रान्तिको सिङ्गो रणनीतिसँग जोडिएको रणनीतिक महत्वको कार्यनीति हो भन्ने अनि आज चुनाव कार्यनीति मात्र कसरी हुन सक्छ ? साँचो कुरा के हो भने हिजो पनि र आज पनि कोहीकसैलाई महासचिव बन्ने रहरमा वा पार्टी फुटाउने हतारोमा विद्रोह भएको होइन । हिजो पनि र आज पनि पार्टीलाई संसद्वाद र सुधारवादको रसातलबाट जोगाउन नै विद्रोह भएको थियो र हो । आठौँ महाधिवेशनको निष्कर्ष वस्तुवादी थियो, त्यो आज पनि उत्तिकै वस्तुवादी र सही छ किनकि संसदीय व्यवस्थाभित्रको चुनाव 'साम, दाम, दण्ड र भेद' को चक्रव्यूहबाट उम्किनै नसकिने गरी फसेको छ । संसद्वादभित्र इमानदारीको कुनै अर्थ छैन । कठिन सङ्घर्ष, त्याग र समर्पण गरेको पङ्क्ति सबै दलहरूमा बहिष्कृत हुँदै गैरहेको छ । पार्टीभित्र टिकट बिक्रीको टेन्डर खुल्ने र नेताहरूले पैसा असुल्नेजस्ता घिनलाग्दा कुकर्महरू आमजनताले बुझ्ने गरी छताछुल्ल भैरहेका छन् ।

अर्को कुरा, आज चुनाव उपयोगको सन्दर्भ न यो लेनिनले दुमा प्रयोग गरेको जस्तो हो, न माओवादी पार्टीले २०४८ सालमा प्रयोग गरेजस्तो हो । रुसमा सन् १९०५ को जनविद्रोह असफल भएर हजारौँ जनताको हत्यापछि पार्टी निकै कमजोर हुन पुगेपछिको रक्षात्मक स्थितिमा लेनिनले संसदीय चुनावको प्रयोग गरेका थिए । तत्कालीन एकताकेन्द्रले २०४८ सालमा बहुदलीय व्यवस्था स्थापनाको विशेष स्थितिमा संसदीय र स्थानीय दुवै चुनावमा भाग लिएको थियो जब कि आजको सन्दर्भ त्यस्तो छैन । अतः आज चुनावको विषय केवल कार्यनीति मात्र हुन सक्दैन । जनताबाट दिन-प्रतिदिन बहिष्कृत र तिरष्कृत भैरहेको दलाल संसदीय व्यवस्थालाई चुनाव उपयोगको कार्यनीतिले कमजोर होइन, बरु मजबुत बनाउँछ । यसले जनताको क्रान्तिकारी चेतनालाई धारिलो बनाउने होइन, भुत्ते बनाउँछ । क्रान्तिकारी पहलकदमीलाई अघि बढाउने होइन, पछि धकेल्ने गर्छ । क्रान्तिकारी कार्यकर्ताहरूलाई जनताको निःस्वार्थ सेवा गर्न, जनतालाई सङ्गठित र आन्दोलित गर्न जनताको घरदैलोमा पठाउन उत्प्रेरित गर्ने होइन, बरु निजी जीवन र सत्तामोहकै सुमेरुमा फन्फनी घुमाउँछ ।

यो कुरा साँचो हो, नेकपाको गठन र एकीकृत जनक्रान्ति संश्लेषणको आरम्भमा पार्टीपङ्क्तिमा निकै राम्रो उत्साह थियो तर समय बित्दै जाँदा क्रान्तिको कार्यदिशालाई अमूर्त बनाइराख्ने, तयारीका नाममा बर्सौं अल्झाउने र सङ्घर्षको कार्यक्रमलाई अनन्त गोलचक्करमा घुमाइराख्ने, पार्टीको नीति-कार्यक्रमप्रति प्रस्टताको माग गर्दा स्पष्ट पार्ने होइन, बरु पार्टी छोड्न उत्प्रेरित गर्ने, समस्या र सम्भावनाहरूलाई मुख्य र सहायकको स्थानमा वर्गीकरण गरेर कार्यकर्ता परिचालन गर्ने होइन, बरु विषयलाई गोलमटोल पारेर सहायकलाई मुख्य र मुख्यलाई सहायक बनाउनेजस्ता गम्भीर गल्तीहरू आठ वर्षसम्म दोहोरिइरहे जसको परिणाम एकीकृत जनक्रान्तिको कार्यदिशा केन्द्रीय समितिका सदस्यहरूले समेत एकरूपतामा बुझ्न नसकिने बन्न गयो । अझ भन्ने हो भने विप्लवबाहेक अरू कसैले पनि बुझ्न नसक्ने कार्यदिशा- एकीकृत जनक्रान्ति हुन गयो । सङ्घर्षको कार्यक्रम यस्तो गोलचक्करमा फस्न गयो ता कि कालोमोसोबाट सुरु भएर कुटपिट, बम विस्फोट, प्रतिबन्ध, बलिदानी (सहादत, घाइते, जेल आदि), वार्ता हुँदै पुनः कालोमोसोमै फर्कियो । वैधानिक र अवैधानिक सङ्घर्षको कुनै तालमेल भएन । न भनेजस्तो वैधानिक सङ्घर्ष हुन सक्यो, न अवैधानिक सङ्घर्षले नेतृत्व लिन सक्यो । परिणामतः एकीकृत जनक्रान्ति गोलचक्कर, अकर्मण्यता र सुधारवादको कोलमा फनफनी घुमिरह्यो ।

राम्रै नियतका साथ सुरु गरिएको भए पनि आन्दोलनले किन यसप्रकारको दुर्गति झेल्नुपर्‍यो त ? यसको प्रमुख कारण हो- क. विप्लवमा रहेको अधिभूतवादी कमजोरी । अधिभूतवादले हरेक घटनालाई वस्तुस्थितिको उपज होइन, बरु उसको मनोगत चाहनाको उपज ठान्दछ । क्रान्ति वस्तुगत आवश्यकताको एक नियमसङ्गत प्रक्रिया हो । मानिस, अझ त नेतृत्वको भूमिका त्यसमा निर्णायक उत्प्रेरकको हुने गर्दछ । यो प्रक्रियाअन्तर्गत हरेक नेताले वस्तुगत नियमहरूलाई कलात्मक र पहलकदमीका साथ सञ्चालन भने अवश्य गर्नुपर्दछ । कलाको अर्थ हो आन्दोलनलाई जनतासँग जोड्नु । अनि पहलकदमीको अर्थ हो आन्दोलनलाई योजनाबद्ध सञ्चालन गर्नु तर एकीकृत जनक्रान्तिको आठ वर्षमा सङ्घर्षको मुख्य तरिका जनतालाई जोड्ने नभएर जनताबाट कट्ने प्रकृतिको रह्यो । बम विस्फोटसहितको चुनाव बहिष्कार र एनसेलमा गरिएको कारबाही यसका मुख्य दृष्टान्त हुन् । जब पार्टीले बम विस्फोटनसहितको कार्यक्रम अघि सार्दछ अनि त्यसपछि हुने सम्भावित चुनौतीका बारे पूर्वअनुमान वा पूर्वयोजना नहुनु अदूरदर्शिता अर्थात् पहलकदमीविहीनताको द्योतक हो ।

दृष्टिकोणमा रहेको यही अधिभूतवादी गल्तीका कारण विप्लवले पार्टीलाई विपरीतको एकत्व होइन भन्न पुगे । पार्टी विचार, दृष्टिकोण मिल्नेहरूको सङ्गठित र अनुशासित संस्था हुनुपर्नेमा उनले मन मिल्नेहरूको जत्थामा परिणत गरे । परिणामतः अस्पष्ट वा असन्तुष्ट नेता तथा कार्यकर्ताहरूले आफुलाई रूपान्तरण गर्नुको साटो स्थानान्तरण र पलायनको बाटो समाउन पुगे । पार्टीमा ऊर्जाशील क्रियाशीलता नभएर उत्साहहीन सहभागिता हुन पुग्यो । सही र गलतको निर्धारक विचार, दृष्टिकोण, कार्यक्रम होइन, 'मन मिल्नु' हुन गयो । यसको अर्को नकारात्मक परिणाम के भयो भने मन मिल्दासम्म हदैसम्मका गलत कार्यहरू पनि संरक्षित भैरहने र मन नमिल्नासाथ पराकाष्टामा पुगेर विरोध गर्ने स्थिति जबर्जस्ती उत्पन्न भयो ।

उपर्युक्त सीमा र कमजोरीहरू हुँदाहुँदै पनि पार्टी आधारभूत रूपमा क्रान्तिकारी उद्देश्यप्रति कटिबद्ध नै थियो । हरेक तहका नेता एवम् कार्यकर्ताहरू क्रान्तिको सर्तमा आन्दोलनमा समर्पित भैरहेका थिए । पार्टी र नेतृत्व (हरेक तहको) वैकल्पिक शक्ति र नेताका रूपमा स्थापित हुँदै गैरहेको थियो । जनतामा एउटा भरोसा स्थापित हुँदै गैरहेको थियो तर जब पार्टी केन्द्रीय समितिको बाह्रौँ बैठकमा चुनाव उपयोगका नाममा संसद्वादमा पदार्पण गर्ने योजना सतहमा स्पष्ट भयो तब केन्द्रीय समितिमा पेचिलो वैचारिक सङ्घर्ष सुरु भयो । यसै पनि पार्टीमा बहस निषेधित नै थियो, झन् त्यसमा पार्टी महासचिवकै प्रस्तावप्रति असहमति व्यक्त भएपछि त्यो कारबाही र पार्टी पुनर्गठनको स्थितिसम्म विकसित भयो ।

केन्द्रीय समितिको निर्णयविपरीत पार्टीलाई जबर्जस्ती चुनावमा धकेल्न खोज्नु विप्लवको गम्भीर वैचारिक विचलन हो । यो संसदीय सुधारवादको ओरालोको यात्रा हो । चुनावमा किन जाने ? यसको जबाफमा भनिएको छ- पार्टीमा कार्यकर्ताको भर्ती भनेजस्तो हुन सकेन, त्यसकारण ! पार्टीमा जनताको सहभागिता र कार्यकर्ताको भर्ती हुनका लागि सही प्रकारको कार्ययोजना हुनु आवश्यक हुन्छ । के आफूले लिएको कार्ययोजनाका बारेमा विप्लवले कहिल्यै समीक्षा गरे ? कार्यदिशाको सारसङ्ग्रहवादी चरित्र र प्रयोगका बारे गरिएको सुझाव सुन्ने हिम्मत, धैर्य र साहस गरे ? आज पार्टी जुन हालतमा पुगेको छ, त्यो उनमा रहेको यही सैद्धान्तिक र कार्यक्रमिक गल्तीका कारणले भएको हो । चुनावको उपयोग र शर्मनाक पराजयले दलाल संसदीय व्यवस्थाप्रति उनको दृष्टिकोणमा रहेको भ्रमको पर्दा त खसेको छ नै, त्यसले क्रान्तिकारी कार्यकर्ता र क्रान्तिका शुभेच्छुक जनताको समेत शिर झुकाइदिएको छ ।

क्रान्तिको नयाँ कार्यभार

नेपाली क्रान्तिको अबको कार्यभार संसदीय संशोधनवादका विरुद्धको निर्मम सङ्घर्ष र त्यसमाथिको विजय हो । त्यसका लागि आधारभूत कार्य हो- कार्यदिशाको सही निरूपण । हामीले जनवादी कार्यभारसहितको सामाजवादी क्रान्तिलाई पूरा गर्नुपर्ने भएको छ । त्यो कार्यभारलाई पूरा गर्न सङ्घर्षको दिशा भनेको आमसशस्त्र विद्रोह र दीर्घकालीन जनयुद्धका सार्भभौम मूल्यहरूलाई एकीकृत गर्नु, ती दुवैलाई परिपूरक बनाएर परिचालन गर्नु, सोहीअनुरूपमको कार्ययोजना तय गर्नु र शक्तिको परिचालन गर्नु हो । तिलस्मी, रहस्यमयी र षड्यन्त्रको तरिका प्रयोग गर्न खोज्नु मार्क्सवाद होइन । आजको दुनियाँमा दीर्घकालीन जनयुद्ध र आमसशस्त्र विद्रोहमध्ये एउटालाई मात्र समातेर अघि बढ्न खोज्नु भनेको एउटा खुट्टाले हिँड्नु हो । परिस्थितिको विकास र आत्मगत स्थितिको सुदृढीकरणलाई जोडेर एउटा निश्चित अवधिमा ती दुईमध्ये कुनै एउटालाई प्रधान र अर्कोलाई सहायक बनाएर अघि बढ्नु नै आजको आवश्यकता हो । यो विषयलाई सम्पूर्ण क्रान्तिकारी पङ्क्तिले गम्भीर आत्मबोध गर्नु पहिलो आवश्यकता हो ।

दोस्रो महत्वपूर्ण विषय भनेको वस्तुवादी कार्यनीति एवम् वैज्ञानिक कार्ययोजनाको निर्माण हो । हरेक लक्ष्य र उद्देश्यलाई प्राप्त गर्ने बाटो भनेकै कार्यनीतिक योजनाको तर्जुमा हो । कार्यनीतिले जहिले पनि रणनीतिको रक्षा गर्नु अनिवार्य हुन्छ । रणनीतिको गला रेट्ने कार्यनीतिले आन्दोलन विध्वंस गर्दछ । जसरी कार्यनीतिले रणनीतिको रक्षा गर्नु अनिवार्य हुन्छ त्यसरी नै कार्यनीति र कार्ययोजनाबीच उचित संयोजन हुनु पनि उत्तिकै जरुरी हुन्छ । कार्यनीतिबिनाको रणनीति र कार्ययोजनाबिनाको कार्यनीतिले आन्दोलनको रक्षा असम्भव हुन्छ । अझ त कछुवाको अण्डा पारेझैँ भद्रगोले कार्ययोजनाले झन् बर्बादी नै निम्त्याउँछ ।

नेपाली कम्युनिस्ट आन्दोलनमा कार्यनीतिले नै रणनीतिको हत्या गर्ने र आन्दोलनको विसर्जन गर्ने गरेको तीतो यथार्थ हामीसँग रहेको छ । जसरी हिजो प्रचण्डले लोकतान्त्रिक गणतन्त्रका नाममा जनवादी क्रान्तिको गला रेटे त्यसरी नै चुनाव उपयोगको उप-कार्यनीतिमार्फत विप्लवले फेरि अर्कोपटक क्रान्तिको गला रेटे । कार्ययोजनालाई जनताको जीवनसँग जोड्नु अनिवार्य हुन्छ । जनताको जीवनसँग जोडिएको कार्ययोजना र त्यसको सही परिचालनले मात्र रणनीतिक लक्ष्य हासिल गर्न सम्भव बनाउँछ । दलाल संसदीय सत्ताको जनविरोधी चरित्रका कारण जनताका दैनिक जीवनका विषयहरू निकै भयानक बन्दै गैरहेका छन् । महँगी, घूस, भ्रष्टाचार, बेरोजगारी चरम बढिरहेको छ । सामाजिक भेदभाव व्यापक बढिरहेको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा आमजनताको पहुँच निकै कमजोर बन्दै गैरहेको छ । अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको चलखेलले आर्थिक पराधीनता र राजनीतिक अस्थिरता चरम बढिरहेको छ । राष्ट्रघाती सन्धि-सम्झौताहरू एकपछि अर्को थोपरिँदैछन् र देश नवऔपनिवेशिकताको चङ्गुलमा दिनप्रतिदिन जकडिँदै गएको छ । यो अवस्थामा सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनतासहितको राजनीतिक स्थिरता अनिवार्य बन्न गएको छ ।

तेस्रो, महत्वपूर्ण कुरा भनेको हामीले स्वाधीनता कसरी प्राप्त गर्छौं ? आर्थिक-सामाजिक रूपान्तरणको विधि के हुनसक्छ ? भन्ने हुन्छ । वर्गविभाजित एवम् भूमण्डलीकृत साम्राज्यको दुनियाँमा कुनै पनि देशको स्वाधीनता र आमजनताको अधिकार स्थापनासम्बन्धी मार्क्सवादको आधारभूत प्रस्टीकरण भनेको राष्ट्रिय मुक्तियुद्ध एवम् वर्ग मुक्तियुद्ध हो । यसभन्दा बाहिरबाट सोच्नु संशोधनवाद, अवसरवाद र विसर्जनवाद हो । सङ्घर्षको दृष्टिबाट हेर्दा यसो गर्नु आत्मसमर्पण र गद्दारी हो । यही संशोधनवाद, अवसरवाद, विसर्जनवाद र आत्मसमर्पणकारी गद्दारीको मूलभूत अभिव्यक्ति भनेको संसद्वादी विसर्जनवाद हो ।

हामीले माथि नै उल्लेख गरेझैँ संसद्वादी विसर्जनवादको मुख्य चरित्र भनेको संसदीय निर्वाचनमा भाग लिनु हो । यो कुरा पनि वास्तविक हो, चुनावमा जानु नै गैरमार्क्सवाद होइन तर कुन परिस्थितिमा चुनावमा भाग लिने भन्ने परिस्थितिको सही विश्लेषण गर्नु उचित हुन्छ । पुरानो राजनीतिक परिस्थितिको अन्त्य हुँदैछ र नयाँ परिस्थितिको सिर्जना भएको छ भने त्यो बेला कार्यनीतिक रूपले चुनावमा भाग लिनु उचित हुनसक्छ वा कुनै ठूलो विद्रोह वा युद्धको पराजयपछि वा पार्टीको निकै रक्षात्मक अवस्थामा चुनावमा भाग लिनु कार्यनीतिक दृष्टिले उचित हुनसक्छ । अतः कुनै न कुनै नाममा, कुनै न कुनै निहुँमा चुनावमा भाग लिनु र संसद्वादको वरिपरि फन्को मारिरहनु संसदीय संशोधनवाद हो । अतः नेपाली क्रान्तिको आजको आवश्यकता भनेको संसदीय संशोधनवादका विरुद्धको निर्मम सङ्घर्ष र त्यसमाथिको विजय हो ।

१० जेठ, २०७९

## वेपत्ता योद्धा ....

राज्यको ध्यान गएको छैन । सहिद, बेपत्ता नागरिकका परिवारले सामान्य परिचयपत्र पनि राज्यबाट प्राप्त गर्न सकेका छैनन् । औपचारिकतामा झारा टार्नेबाहेक राज्यले अरू काम गरेको देखिँदैन ।

**माओवादी र सरकारबीच भएका सहमति र सम्झौता**

माओवादी पार्टी र सात राजनीतिक दलबीच २०६२ मङ्सिर ७ गते १२ बुँदे समझदारी भयो । यो समझदारीको १२ औँ बुँदामा दुवै पक्षबाट भएका घटनाहरूलाई छानबिन गर्ने, यथार्थ पत्ता लगाउने, दोषीलाई कारबाही गर्ने भनियो । २०६३ मङ्सिर ५ गते विस्तृत शान्तिसम्झौता भयो । यो सम्झौतामा पनि बेपत्ता व्यक्तिको सूचना ६० दिनभित्र दिने, परिवारलाई राहत दिने, बेपत्ता व्यक्ति सार्वजनिक गर्ने र परिवारलाई जानकारी गराउन दुवै पक्ष सहमत छन् भनी ५.२.३, ७.१.३ र ७.३.२ नं. बुँदामा उल्लेख गरियो । यसैगरी अन्तरिम संविधान २०६३ मा राज्यको दायित्व र निर्देशक सिद्धान्तअन्तर्गत बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन, राहतलगायत विषय उल्लेख गरियो । २०७२ को नेपालको संविधानमा पनि विस्तृत शान्तिसम्झौता, अन्तरिम संविधानबमोजिमका शान्तिप्रक्रियाका कार्यहरूलाई यसै संविधानबमोजिम भएको मानिनेछ भनी लेखियो । बेपत्ता पारिएका व्यक्तिको छाबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ बनेपछि आयोगहरू गठन भए । यी आयोगहरूले चार वर्षसम्म पनि कुनै उपलब्धिमूलक काम गर्न नसकेपछि २०७६ सालमा पुनः दुवै आयोग गठन गरिएको छ । उक्त आयोगमा पीडित र सरोकारवालाहरूले आफ्नो सहभागिताको विषय उठाइरहे तर यो कुराको सुनुवाइ भएन । दलीय भागबन्डामा यी आयोग गठन, पुनर्गठन गरिए । आयोगको दायरा र अधिकार पनि साँघुरो पारियो । न यी आयोगप्रति परिवारको अपनत्व रह्यो न त छानबिनमा पूर्ण अधिकार आयोगलाई दिइयो । देखाउन र झारा टार्न मात्र सरकारले यो आयोग बनाएको देखिन्छ ।

शान्तिप्रक्रियामा आउनेबित्तिकै प्रचण्डलगायत नेताहरूले बेपत्ता योद्धा ६० दिनभित्र सार्वजनिक गराउँछौँ, बेपत्ता योद्धा सार्वजनिक नहुँदासम्म शान्तिप्रक्रिया पूरा नै हुँदैन, संविधान निर्माण र सेना समायोजनको काम बेपत्ता योद्धा सार्वजनिक भएपछि मात्र हुन्छ भनेर परिवारका बीचमा दर्जनौँपटक आश्वासन बाँडिरहे । विस्तृत शान्तिसम्झौता भएको अहिले १३ वर्ष नाघिसकेको छ । यो अवधिमा ८२ वटा ६० दिन पूरा भैसकेका छन् तर बेपत्ता योद्धा सार्वजनिक गर्ने विषय थाती नै छ । लिखितम् र बकितम् केही पनि पूरा गरिएन । कथनी र करनीमा ठूलो अन्तर भयो । पछिल्लो प्रतिबद्धता, विज्ञप्ति र बजेट हेर्दा बेपत्ता सार्वजनिक गर्ने विषय नै ओझेल परेको देखिन्छ । जसको निर्देशन र कासनमा जीवन दाउमा राखेर योद्धाहरू बेपत्ता भएका थिए तिनैले परिवारलाई समेत पीडित बनाइरहेका छन् ।

**अहिलेको स्थिति**

२०५२ साल माघ २२ गते माओवादी पार्टीले संयुक्त जनमोर्चाको नामबाट डा. बाबुराम भट्टराईको नेतृत्वमा प्रम शेरबहादुर देउवालाई ४० बुँदे मागपत्र बुझायो । त्यसैको १६ नं. बुँदामा २०४६ सालको जनआन्दोलनमा बेपत्ता बनाइएका भुवन थापा, दिलीप चौधरी र प्रभाकर सुवेदीको यथार्थ छानबिन र दोषीलाई कारबाही गर भनियो । लगत्तै जनयुद्ध सुरु भयो । राज्यले शिक्षक, विद्यार्थी, कर्मचारी, किसान, मजदुर केही भनेन । हजारौँलाई सहिद र बेपत्ता बनायो । जनयुद्धको उद्देश्य पूरा नहुँदै शान्तिप्रक्रियाको सुरुआत गरियो । अहिले नेपालको राजनीति फेरिएको छ । जनयुद्धको नेतृत्व गर्ने र सङ्कटकाल लगाएर मान्छे मार्ने, बेपत्ता बनाउनेहरू मिलीजुली राज्य सञ्चालनको एउटै सहयात्रामा छन् । गिरिजाप्रसाद कोइरालाबाहेक शान्तिप्रक्रियाका हस्ताक्षरकर्ता र पहलकर्ता भनिएकाहरू यो धर्तीमा जिउँदै छन् । सत्तास्वार्थ र अस्तित्व रक्षार्थ कहिले सँगै, कहिले फरक भएर लोकतान्त्रिक गणतन्त्र नामको दलाल संसदीय व्यवस्थाको डुङ्गामा सँगै सयर छन् । विगतमा २०४६ सालमा बेपत्ता बनाइएकाहरूको स्थिति सार्वजनिक गर्न माग गर्नेहरू आफ्नै नेतृत्वमा भएको जनयुद्धमा बेपत्ता हुनेहरूको अवस्था सार्वजनिक गर्नसक्ने स्थानमा हुँदासमेत यो मुद्दा ओझेलमा पारिरहेका छन् । बेपत्ता योद्धा सार्वजनिक नहुनुमा अरू कसैको दोष छैन, राज्यको छ, दलाल संसदीय खेलका क्याप्टेनहरूको छ, सरकारको छ । बेपत्ता नागरिक सार्वजनिक गर्दा आफू पनि अप्ठ्यारोमा परिने डरले यो मुद्दालाई ओझेलमा पार्न चाहन्छन् । दरबार हत्याकाण्ड, मदन-आश्रित हत्याकाण्डजस्तै यो मुद्दालाई अनन्त नटुङ्गिने मुद्दा बनाउन चाहन्छन् । जीवनभरि यसलाइ राजनीतिक मुद्दा बनाएर आफ्नो सुरक्षित राजनीतिक भविष्यको यात्रा तयार गर्न संसदीय दलहरू लागिपरेका छन् ।

जुन वर्गका विरुद्ध जनयुद्ध छेडियो त्यही वर्गसँग आत्मसमर्पण र घाँटी जोडेर प्रचण्ड-बाबुरामहरूले जनयुद्ध अन्त्य भएको घोषणा गरे । त्याग, समर्पण र बलिदानबाट प्राप्त समानताको संस्कृतिलाई विस्थापित गरे । भ्रष्ट, दलाली र उत्पीडनको पुरातन संस्कृतिलाई नै स्थापित गरे । नयाँ जनवाद र वैज्ञानिक समाजवादको सपना बाँडे तर उनीहरू यथार्थमा दलाल संसदीय व्यवस्थाको असली ठेकेदार बने । अहिले यही व्यवस्थाले जनतालाई कङ्गाल बनाइरहेको छ । दलाल व्यवस्थाले जनसेवा र सामाजिक सेवा भन्दैन । जे गरेर पनि मुठीभरले नाफा कमाऊ भन्छ । सरकार नीतिगत भ्रष्टाचार गरेर कमिसन र भ्रष्टाचारलाई प्रोत्साहन दिने गर्छ । सरकारी सम्पत्ति व्यक्तिको स्वार्थमा अथाह दोहन गरिन्छ । उत्पादन र आत्मनिर्भर अर्थतन्त्र होइन, उपभोग र परनिर्भर अर्थतन्त्र लागू गरेर देश खोक्रो बनाउँछ । जनताको राष्ट्रवादी भावना र मनोविज्ञानमा कस्मेटिक राष्ट्रवादी जालोले भ्रम उत्पन्न गरिन्छ । ठूलाठूला राष्ट्रघातलाई मौसमी राष्ट्रवादले छोपेर पुनः जनमत पाउने वातावरण बनाइन्छ । नेपालको आजको यथार्थ यसरी नै अघि बढिरहेको छ ।

**अबको बाटो**

एउटै पीडा, साझा मुद्दा र समान भावना भएका हामी परिवारले विषयलाई केन्द्रित ढङ्गले उठाउन सक्नुपर्छ । टुटेको मन र फाटेको मनोविज्ञानलाई एकताबद्ध गराएर अघि बढ्न सक्नुपर्छ । परिवारको एकताबिना बेपत्ता खोजीको मुद्दा झन् कमजोर हुन्छ । टुटफुट र भागबन्डाको अभ्यस्त संस्कारको अन्त्य गरी एक ठाउँमा जोडिनुपर्छ । पीडा, आासु र भावनामा मात्र होइन, विचार, सङ्गठन र सङ्घर्षमा पनि परिवार एक ठाउँमा उभिन सक्नुपर्छ ।

हाम्रा आफन्तको त्याग, वीरता र बलिदान दलाल व्यवस्था ल्याउनका लागि थिएन, बरु यो व्यवस्थालाई जरैबाट उखेल्न थियो । त्यसैले बेपत्ता योद्धाहरूको सपना र उद्देश्य अपूरा र अधुरा छन् । नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद ल्याउने उनीहरूको सुन्दर सपना यथार्थमा पूरा गराउन हामी परिवार निरन्तर लागिपर्नुपर्छ । बेपत्ता योद्धाको वास्तविक सम्मान भनेकै उनीहरूले छोडेर गएको अधुरो क्रान्तिलाई पूरा गरेर मात्र हुन्छ । हामीले यो कुरालाई कहिल्यै बिर्सनु हुँदैन ।

परिवार र सङ्गठनको पहिलो ध्यान भनेकै बेपत्ता योद्धा सार्वजनिक गर्नेमा हुनुपर्छ । जो उत्पीडनमा छ लडाइँ उसैले थाल्नुपर्छ । हाम्रा आफन्त बेपत्ता छन् भने खोजीकार्य पनि हामीले नै अघि बढाउनुपर्छ । थाकेर, गलेर, भ्रममा परेर यो मुद्दा ओझेलमा पार्ने अधिकार हामीलाई छैन । सङ्घर्ष र कानुनी दुवै लडाइँ सँगै बढाउनुपर्छ । एकता र सङ्घर्षबिनाको कानुनी लडाइँले मात्र खासै अर्थ राख्दैन । त्यसैले सङ्घर्षको बलमा बेपत्ता योद्धा खोजी गर्न विशेष जोड दिनुपर्छ ।

सहिद, बेपत्ता योद्धाहरूलाई राज्यबाट नै सम्मान दिन विशेष दबाब दिइरहनुपर्छ । हाम्रातर्फबाट पनि हाम्रा आफन्तलाई समाजमा स्थापित र सम्मान गर्न स्थानीय स्तरबाट पहल गर्दै जानुपर्छ । सहिद, बेपत्ता योद्धा कुनै व्यक्ति, समुदाय र पार्टीका मात्र होइनन्, राष्ट्र निर्माणमा योगदान दिने अमूल्य निधि हुन् । यी अमूल्य निधिलाई जनताको मनमस्तिष्कमा स्थापित गराउने गरी हामी सबैले पहलकदमी लिँदै जानुपर्छ ।

बेपत्ता पार्ने कार्यमा संलग्न अपराधीहरूलाई कारबाही राज्यस्तरबाट नै गराउन निरन्तर दबाब दिनुपर्छ । राज्यको मात्र मुख ताकेर बस्दा केही नहुन पनि सक्छ किनकि राज्य नै त्यस्ता अपराधीको बढुवा र सम्मानमा लागेको देखिन्छ । त्यसैले जनस्तरबाट नै त्यस्ता अपराधीहरूको भन्डाफोर, सामाजिक बहिष्कार गर्दै जाने वातावरण बनाउन सक्नुपर्छ ।

सहिद, बेपत्ता योद्धाका परिवार र घाइते, अपाङ्ग योद्धाहरूले सामाजिक तथा आर्थिक अभाव र समस्या झेलिरहेका छन् । तिनको अभिभावकत्व उठाउने दायित्व र कर्तव्य राज्यको हो । यो दयित्वबाट राज्य पन्छिएकाले अब निरन्तर हाम्रो दबाब रहनुपर्दछ । समाजले पनि अत्यन्तै अभाव र पीडामा रहेका परिवारलाई साथ र सहयोग दिँदै जानुपर्छ ।

'द्वन्द्व' को घाउमा मलमपट्टी लगाउने सहयोगी हात भनेर विभिन्न सङ्घ, सङ्गठन, एनजीओ/आईएनजीओहरू हाम्रोबीचमा आइरहेका हुन्छन् । अभाव र गरिबीमा खेलेर खानपिन, भत्ता, आर्थिक प्रलोभनका सामान्य प्याकेज फालेर हाम्रो मनोविज्ञान भड्काउन खोज्ने विगतको तीतो अनुभवबाट हामीले पाठ सिक्नुपर्छ । हाम्रो योजनामा उनीहरूलाई सहयोगी बनाउनुपर्छ, न कि उनको योजनामा हामी ।

मानिस बेपत्ता बनाउने कार्य मानवअधिकारको गम्भीर उल्लङ्घन र अपराधभित्र पर्छ । यो मुद्दालाई कानुनी हिसाबले पनि राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा उठान गरी न्यायको सबै ढोका ढकढक्याउन सकिन्छ ।

हामी एकताबद्ध भएर सङ्घर्षमा अघि बढ्दाबढ्दै पनि हाम्रा मुद्दाहरूलाई बर्सौंसम्म राज्यले चासो नदिन सक्छ । त्यस्तो अवस्थामा निराशा, कुण्ठा र आफैँभित्र आक्रोश पनि पैदा हुनसक्छ । यस्तो स्थितिमा यथास्थितिभन्दा माथि उठेर जनताको शक्ति, सत्ता र जनअदालतमार्फत न्याय पाउने वैकल्पिक उपायहरूको खोजी गर्नुपर्छ ।

हामीले उठाएका मुद्दाहरू राजनीतिक मुद्दा हुन् । परिवारले मात्र यो मुद्दाको सही तरिकाले पार लगाउन सक्दैनन् । दलाल सत्ता यो विषयलाई सतहमा उजागर गर्न चाहँदैन । यस्तो बेला सही विचार, कार्यदिशा र योजना भएको क्रान्तिकारी पार्टीनेतृत्व हाम्रो साथमा हुनुपर्छ जसले सहिद तथा बेपत्ता योद्धाको सपना पूरा गरोस् साथै बेपत्ता खोजी अभियानलाई पार्टीकै महत्वपूर्ण अभियान बनाई अगाडि बढाओस् । तसर्थ नेपालको अहिलेको स्थितिमा नेपाल कम्युनिस्ट पार्टी जसले एकीकृत जनक्रान्तिमार्फत सहिद, बेपत्ता योद्धाहरूले देखेको वैज्ञानिक समाजवादको सपना साकार पार्न अघि बढेको छ, यसलाई साथसहयोग दिई बेपत्ता योद्धा सार्वजनिकीकरणको मुद्दालाई एकजुट भएर अघि बढाउँदा नै सही निष्कर्षमा पुग्ने उपयुक्त विकल्प हुनसक्छ ।

*(माओवादी नेत्री आस्था राज्यद्वारा बेपत्ता योद्धा परिवार समाजकी पूर्वकेन्द्रीय उपाध्यक्ष तथा सल्लाहकार हुन् । यसअघि जनक्रान्तिका महान् सहिद परिवार सङ्गठन नेपालको केन्द्रीय प्रकाशन 'बलिदान गाथा' मा समेत प्रकाशित भइसकेको यो लेखको महत्व अझै बढेको र समयसान्दर्भिक रहेकाले पुनः प्रकाशित गरेका हौँ- सम्पादक ।)*

वर्ष ७, अङ्क ४३, पूर्णाङ्क ३१३ रातो खबर साप्ताहिक

# जनवादी केन्द्रीयतासम्बन्धी मालेमावादी दृष्टिकोण


लोकेन्द्र विश्वकर्मा 'सुजन'

> राजनीतिक-वैचारिक-साङ्ठनिक क्षेत्रभित्र हुने नियमित जनवादी केन्द्रीयतामार्फत आत्मालोचना र आलोचनाभन्दा प्रशंसामा रमाउने गुट मानसिकताको विकासले नेपाल कम्युनिस्ट पार्टीको जीवनमा आठ वर्षसम्म पनि सङ्ठनात्मक रुपमा खासै परिणाममुखी काम हुन सकेन । यसको मुख्य कारण भनेको पार्टीभित्र जनवादी केन्द्रीयतालाई सही तरिकाले प्रयोग नगर्नु हो । सङ्गठनको अधीनभन्दा व्यक्तिको अधीनमा सङ्गठनलाई राख्नु हो । द्वन्द्वात्मक दृष्टिकोणभन्दा प्राविधिक सोचाइले प्रथम स्थान पाउनु हो । सङ्गठनमा उठेका विषयको समाधान नहुनु हो । पार्टीका जिल्ला र केन्द्रीय समितिमा आफूलाई मनपर्ने र मेरो मान्छे भन्दै भर्ती गर्नु हो । क्रान्तिलाईभन्दा चुनावी कार्यनीतिलाई प्रधान बनाउने समस्याले पार्टी-सङ्गठनभित्र हुर्किंदै गएको सारसङ्ग्रहवाद, संसदीय सशोधनवाद, निषेधात्मक अधिभूतवाद र विसर्जनवाद, आत्मसुरक्षावाद, जुझारु अर्थवाद हुँदै पार्टी-सङ्गठन र क्रान्तिकारी आन्दोलनलाई विसर्जन गर्ने बाटोमा पुग्यो ।

जनवादी केन्द्रीयता कम्युनिस्ट पार्टी सञ्चालनको नीति तथा सिद्धान्त महान् लेनिनले प्रतिपादन गरेका थिए । आजसम्म त्यसै सिद्धान्तका आधारमा हरेक कम्युनिस्ट पार्टीहरू सञ्चालित र परिचालित हुने गरेका छन् । त्यही सङ्गठनात्मक सिद्धान्तका विधिलाई लेनिनवादी सङ्गठनात्मक सिद्धान्त भनिन्छ । लेनिनले सङ्गठनात्मक सिद्धान्तहरूको चर्चाका सिलसिलामा जनवादी केन्द्रीयतामाथि अत्यन्त जोड दिएका छन् तर अर्कोतिर त्यसलाई यान्त्रिक रूपमा ग्रहण गर्ने कुराको जोडदार किसिमले विरोध गरेका छन् । संसारका विभिन्न देशहरूमा जनवादी केन्द्रीयतासम्बन्धी सही समझदारीको अभावको परिणाम के भएको छ भने यो दक्षिणपन्थी अवसरवादीहरूका हातमा क्रान्तिकारी कम्युनिस्टहरूलाई हाँक्ने, यसरी उनीहरूलाई गैरक्रान्तिकारी रूप र दिशा दिने र उनीहरूलाई उपयोग गर्ने एउटा शक्तिशाली हतियार भएको छ ।

लेनिनको केन्द्रीयतासम्बन्धी द्वन्द्वात्मक दृष्टिकोणले माओको नेतृत्वमा चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्तिका क्रममा उच्चतम् रूपमा विकास गर्‍यो । जनवादी केन्द्रीयतासम्बन्धी अधिभूतवादी दृष्टिकोणको परिणामस्वरूप विभिन्न प्रकारका अवसरवादीहरूले क्रान्तिकारी कम्युनिस्टहरूबाट नाजायज फाइदा उठाउन नपाऊन् भन्नाका लागि सच्चा कम्युनिस्टहरूले जनवादी केन्द्रीयताबारे सही लेनिनवादी समझदारी अपनाउनु आवश्यक छ । जनवादी केन्द्रीयतालाई सही रूप दिनलाई दुईवटा कुरा आवश्यक हुन्छन् : प्रथम, त्यो सिद्धान्त र सर्वहारा क्रान्तिका हितहरूअन्तर्गत हुनुपर्दछ; द्वितीय, त्यसले जनवादी र अन्तरपार्टी सङ्घर्ष अधिकारको रक्षा गर्नुपर्छ ।

लेनिनले जनवादी केन्द्रीयताको व्याख्याको सिलसिलामा के कुरामा जोड दिएका छन् भने प्रथम महाधिवेशनका निर्णयहरू र त्यसमा सम्पन्न चुनावहरू पार्टीका निर्णयहरू हुन् र सबै पार्टी सङ्गठनहरूमाथि लागू हुन्छन्, जुनसुकै बहानामा पनि कसैद्वारा त्यसलाई चुनौती दिन सकिन्न । अर्को महाधिवेशनमा नै तिनीहरूलाई काट्न सकिनेछ वा संशोधन गर्न सकिनेछ । उल्लेखनीय छ, यो भनाइ द्वितीय महाधिवेशनद्वारा स्वीकृत पार्टी नियमावलीको हो र त्यसलाई लेनिनले आफ्ना रचनामा उद्धृत गरेका छन् । द्वितीय, केन्द्रीय समितिका निर्णय र निर्देशनहरू पूरै पार्टीमाथि लागू हुन्छन् तर उक्त दुवै प्रश्नहरूमा लेनिनको दृष्टिकोण अधिभूतवादी वा यान्त्रिक नभएर द्वन्द्वात्मक छ । लेनिन माथिका दुवै कुराहरूमा निरपेक्ष किसिमले विचार नगरेर सम्बन्धित परिस्थितिमाथि ध्यान राखेर विचार गर्ने कुरामा जोड दिन्छन् । चतुर्थ महाधिवेशन जसलाई एकता महाधिवेशन भनिन्छ, त्यसमा मेन्सेबिकहरूको बहुमत भयो । त्यसमा उनीहरूको बहुमत कुन कारणले हुन गयो भने जस्तो कि सोभियत सङ्घ कम्युनिस्ट पार्टीका इतिहास (बो) मा भनिएको छ, '१९०५ मा मेन्सेबिकहरूले आफ्नो पङ्क्तिमा ठूलो सङ्ख्यामा निम्नपुँजीवादी बुद्धिजीवीहरूलाई भर्ना गरेका थिए । क्रान्तिकारी मार्क्सवादसित यिनीहरूको कुनै पनि सम्बन्ध थिएन । यसप्रकारका कैयौँ कुराहरूको परिणाम के भयो भने स्टकहोम काङ्ग्रेसमा मेन्सेबिकहरूको बहुमत रह्यो, यद्यपि त्यो नगण्य थियो ।' यसरी स्पष्ट छ, मुख्यतः क्रान्तिकारी मार्क्सवादसित कुनै पनि सम्बन्ध नभएका निम्नपुँजीवादी बुद्धिजीवीहरूलाई मेन्सेबिकहरूले प्रतिनिधिका रूपमा ल्याएको हुनाले नै त्यो महाधिवेशनमा उनीहरूको बहुमत भएको थियो र त्यसले कैयौँ प्रश्नहरूमा गलत निर्णयहरू लियो । महाधिवेशनमा त्यो अवस्थामा लेनिनले महाधिवेशनमा भाग लिएका प्रतिनिधिहरूका तर्फबाट पार्टीका नाममा प्रसारित एउटा अपिलमा यो मत प्रकट गरे- हामीले महाधिवेशनका ती निर्णयहरू जसलाई हामीले गलत ठान्दछौँ तिनका विरुद्ध सङ्घर्ष गर्नुपर्छ र गर्नेछौँ तर त्यसका साथै पूरै पार्टीका अगाडि हामी यो घोषणा गर्दछौँ- हामी कुनै पनि फुटका विरुद्ध छौँ ।

हामी महाधिवेशनका निर्णयहरूलाई मान्ने पक्षमा छौँ तर त्यसका साथै पार्टीसित सम्बन्धित प्रश्नहरूमा व्यापक र स्वतन्त्र बहस हुनुपर्दछ । कमरेड्ली आलोचना र पार्टीजीवनका घटनाहरूको सिंहावलोकन हुनुपर्छ । हामीले पार्टीका सबै सदस्यहरूलाई महाधिवेशनका निर्णयहरूबारे सावधानीपूर्वक सिंहावलोकन गर्न अनुरोध गरेका छौँ । यो विचार सामान्य रूपमा हेर्दा लेनिनले पहिले द्वितीय महाधिवेशनपछि स्पष्ट गरेका विचार, अर्थात् अर्को महाधिवेशनभन्दा पहिलो महाधिवेशनका निर्णयहरू र चुनावलाई चुनौती दिन पाइन्न भन्ने विचारसित विरोधाभास भएजस्तो देखिन्छ तर कुरा त्यसो होइन । त्यसले दुईवटा कुरा बताउँछ : प्रथम, कुनै कुरालाई हेर्ने उनको द्वन्द्वात्मक दृष्टिकोण; द्वितीय, आवश्यकताअनुसार आफ्ना विचारहरूमा सिर्जनात्मक विकास गर्ने उनको पद्धति । उनका विचारहरूलाई ठीकसँग बुझ्नका लागि उक्त दुवै कुराहरूलाई ख्याल राख्नुपर्छ ।

तर कतिपय मानिसहरू लेनिनका विचार हरूलाई समग्र र द्वन्द्वात्मक अर्थमा बुझ्नुको सट्टा उनका रचनाहरूबाट एउटा वा अर्को विचार टिपेर प्रस्तुत गर्दछन् । त्यसरी उनीहरूले जुन निष्कर्षहरू निकाल्छन्, ती प्रायजसो स्वयम् लेनिनवादी सिद्धान्तहरूका विरुद्ध हुन्छन् । अवसरवादीहरूले प्रायजसो त्यही गलत र अधिभूतवादी तरिका अपनाउँछन् । लेनिनले केन्द्रीय समितिको निर्णय पूरै पार्टीमाथि लागू हुने नियमलाई पनि निरपेक्ष र अधिभूतवादी किसिमले लिएका छैनन् । केन्द्रीय समितिलाई त्यसप्रकारको अधिकार पूरै पार्टीमाथि आफ्नो निर्णय र निर्देशनहरूलाई लागू गर्नेअधिकार त्यो बेला नै हुन्छ जब त्यो केन्द्रीय समिति स्वयम् अनुशासनमा बस्छ ।

तर त्यसले स्वयम् अनुशासनको उल्लङ्घन गर्न थालेपछि त्यसका निर्णयहरू वा निर्देशनहरू पनि अवैधानिक हुन्छन् ।

त्यो अवस्थामा तल्ला समिति वा पार्टी सदस्यहरू ती अवैधानिक निर्णयहरू मान्न बाध्य हुन्नन् । लेनिन लेख्छन्- केन्द्रीय समितिका निर्णय र निर्देशनहरू पूरै पार्टीमाथि लागू हुने कुरा महाधिवेशनका निर्णयहरूको सीमाभित्र नै लागू हुन्छन् । १९०६ मा केन्द्रीय समितिले जसमा मेन्सेबिकहरूको बहुमत थियो कैडेटहरूसित गठबन्धन गर्ने निर्णय गर्‍यो त्यो कुराको चर्चा गर्दै लेनिनले लेख्छन्- त्यसले मेन्सेबिकहरू पार्टीको अवसरवादी पक्ष भएको कुरा प्रस्ट गर्‍यो । हामीले क्याडेटहरूसित गठबन्धन गर्ने कुराका विरुद्ध निर्मम सङ्घर्ष चलाइराखेका छौँ र त्यो सङ्घर्ष सम्भव भएसम्म व्यापक रूपमा चलाउनु पर्दछ ।

महाधिवेशनले क्याडेट मन्त्रिमण्डलमाथि दबाब हाल्ने, उपयोग गर्ने र विरोध गर्ने निर्णय गरेको थियो । तर त्यो भनाइको तोडमोड गरेर उनीहरूले गठबन्धन गर्ने निर्णय गरे । त्यो निर्णय महाधिवेशनको स्पिरिटका विरुद्ध थियो । त्यसकारण लेनिनले यो स्पष्ट गरे- महाधिवेशनका निर्णयहरूका घेराहरूभित्र रहेर त्यो निर्णयको विरोध गर्नु हाम्रो अधिकार र कर्तव्य हुन्छ ।

पार्टीभित्र एकता र सङ्घर्षका बीचमा कसरी सन्तुलन कायम गर्ने, त्यो प्रश्नमाथि प्रकाश पार्दै लेनिन लेख्छन्- सैद्धान्तिक सङ्घर्ष र सर्वहारा पार्टीको अनुशासनलाई कसरी कार्यको एकता, बहस आलोचना आत्मालोचना, स्वतन्त्रता र अनुशासन नै अग्रीम वर्गको योग्य हुन्छ ।

यो लेनिनवादी सिद्धान्तले सर्वहारा पार्टी द्वन्द्वात्मक प्रकृतिमाथि राम्ररी प्रकाश पार्दछन् । लेनिनले सर्वहारा वर्गको सङ्गठनलाई सधैँ अत्यन्त महत्व दिए । लेनिन भन्छन्- सङ्गठन सबै थोक हो । तर यो कुरालाई पनि लेनिनले यान्त्रिक अर्थमा हेर्दैनन् । लेनिन लेख्छन्- सङ्गठनको अर्थ हो कार्यको एकता, व्यावहारिक कामहरूमा एकता । तर निश्चय पनि कुनै कार्य मूल्यवान् खालि त्यो बेला, त्यसकारण त्यो बेलासम्म यसले कामहरूलाई अगाडि बढाउन मद्दत गर्छ , पछाडि हटाउन होइन; जबसम्म यसले सर्वहारा वर्गलाई सैद्धान्तिक रूपले एकताबद्ध पार्न माथि उठाउन मद्दत गर्दछ तर त्यसलाई गिराउने भ्रष्ट बनाउने वा कमजोर पार्न होइन । सिद्धान्तमाथि आधारित नभएको सङ्गठन अर्थहीन हो र व्यवहारमा मजदुर वर्गलाई सत्तारूढ पुँजीपति वर्गको औजारमा बदल्छ । त्यसकारण सर्वहारा वर्गले बहस र आलोचना र आत्मालोचना स्वतन्त्रता कार्यको एकतालाई समर्थन गर्छ । त्यसकारण वर्ग सचेत मजदुरहरूले कहिल्यै पनि बिर्सन हुन्न कि सिद्धान्तहरूको गम्भीर उल्लङ्घनले सबै सङ्गठनात्मक सम्बन्धहरूको विच्छेदलाई कार्यकारी बनाउँछन् । यसरी लेनिनले सिद्धान्तहरूको गम्भीर रूपले उल्लङ्घन भएपछि जनवादी केन्द्रीयता र अनुशासनलाई पालन गर्ने कुरा परै छ ।

सङ्गठनसित नै सम्बन्धविच्छेदमा जोड दिन्छन् र त्यो अवस्थामा विद्रोहलाई पनि उचित ठहर्‍याउँछन् । अनुशासन र जनवादी केन्द्रीयतालाई अधिभूतवादी वा यान्त्रिक अर्थ अपनाउने कुराको लेनिन कति घोर विरोधी रहेछन् । त्यसबाट सिद्धान्त तथा पार्टी तथा क्रान्तिका हितहरूभन्दा माथि अनुशासनलाई राख्ने कुरासित लेनिनवादको टाढाको सम्बन्ध नरहेको कुरा हो ।

विद्रोहबारे पनि लेनिनले क्रान्तिकारी किसिमले विचार गर्दछन् । उनी लेख्छन्- जब क्रान्तिकारी पक्षले अवसरवादी पक्षका विरुद्ध सङ्घर्ष गर्दछ, त्यो राम्रो कुरा हो । जब अवसरवादी पक्षले क्रान्तिकारी पक्षका विरुद्ध विद्रोह गर्दछ, त्यो नराम्रो व्यवहार हो ।

यसरी लेनिन कुनै पनि कुरामाथि विचार गर्दा कोरा सैद्धान्तिक किसिमले विचार नगरेर सर्वहारा क्रान्तिको प्रश्नलाई सबै भन्दामाथि राख्दछन् र क्रान्तिलाई मद्दत पुर्‍याउने कुरालाई राम्रो तथा नोक्सान पुराउने सबै कुराहरूलाई खराब भन्छन् ।

लेनिनले पार्टीको अन्तरसङ्घर्षका क्रममा सबै व्यक्तिगत कटुता, गुटहरूका कलह, झगडाहरू, दुर्व्यवहारहरू र फुटहरूलाई क्रान्तिकारीहरू र अवसरवादीहरूका दुई कार्यनीतिका तुलनामा क्षुद्र कुरा भन्छन् । लेनिन लेख्छन्- इतिहासको विकासक्रममा हाम्रा झगडा र फुटहरू बिर्सिनेछन् । कार्यनीतिक सिद्धान्तहरूमा लेनिन आफ्ना रचनाहरूमा ट्र्याक्टिस शब्दलाई पनि रणनीतिका अर्थमा बुझ्छन् । रुसको समाजवाद र मजदुर आन्दोलनको इतिहासमा आधारशिलाका रूपमा रहनेछन् । त्यसरी लेनिनले दुई लाइनको सङ्घर्षका क्रममा अन्य सबै कुराहरूलाई क्षुद्र बताए र सिद्धान्तको पक्षलाई सर्वोपरि राखे । त्यही सिद्धान्तअनुरूप पछि माओले राजनीतिलाई सबै कुराहरूभन्दा माथि राख्ने कुरामा जोड दिए ।

लेनिनले रूसका मेन्सेबिकहरू वा अन्य देशहरूका पार्टीमा दुई लाइन सङ्घर्षमा सैद्धान्तिक पक्षलाईभन्दा अन्य विषयहरूलाई माथि राख्ने कुराहरूको हमेसा विरोध गरे र त्यसलाई असैद्धान्तिक कुरा भने । माओले लेनिनको अन्तरपार्टी सङ्घर्षसम्बन्धी द्वन्द्वात्मक सोचाइलाई अझ अगाडि बढाए र त्यसलाई उच्चतम् रूपमा पुर्‍याए । माओले एकपल्ट एकजना कमरेडसित सोधेका थिए- केन्द्रीय समितिमा संशोधनवाद देखापर्‍यो भने तिमी के गर्नेछौ ? यसबारे माओले आफ्नो विचार यसरी प्रकट गरेका छन्- हाम्रो सधैँ यो विचार रहेको छ, जब केन्द्रीय समितिहरूले खराब काम गर्दछन्, म स्थानीय सङ्गठनहरूलाई विद्रोह गर्न र केन्द्रमाथि आक्रमण गर्न आह्वान गर्नेछु । उनले त्यो कुरालाई अरू स्पष्ट गर्दै भने- मार्क्सवादमा हजारौँ सत्यहरू छन् तर ती सबैलाई एउटै वाक्यमा भन्न सकिन्छ : विद्रोह गर्नु न्याय हो ।

जब चीनमा केन्द्रीय समितिमा संशोधनवादीहरूको नेतृत्व कायम भयो माओले महान् सर्वहारा सांस्कृतिक क्रान्ति सुरु गरे र केन्द्रीय कार्यालयमाथि बम बर्साऊ जस्ता क्रान्तिकारी नारा दिए । माओले जब पार्टीको दक्षिणपन्थी संशोधनवादी नेतृत्वका कारणले क्रान्तिका उपलब्धिहरूमाथि गम्भीर खतरा देखे, पार्टीभित्रको सङ्घर्षलाई सडक र आमजनतामा पुर्‍याए । त्यो महान् सर्वहारा सांस्कृतिक क्रान्तिको मूर्त रूप थियो । उनले क्रान्तिको हित र पार्टीको अनुशासनभन्दा माथि राखेका थिए सांस्कृतिक क्रान्तिलाई भन्ने कुरा यसबाट नै प्रस्ट हुन्छ । संसारभरिका कम्युनिस्टहरूले यसबाट शिक्षा ग्रहण गर्नुपर्ने अवस्था आएको छ । पार्टीको सङ्गठन र अनुशासन सर्वहारा क्रान्तिलाई अगाडि बढाउनका लागि हुन्छ । त्यसमा संशोधनवादीहरूको प्रभुत्व कायम हुन्छ भने त्यसप्रकारको सङ्गठन क्रान्तिकारीहरूका लागि कुनै अर्थ र महत्व राख्दैन । जनवादी केन्द्रीयताप्रतिको त्यसप्रकारको यान्त्रिक र अधिभूतवादी दृष्टिकोण वास्तवमा विश्व-क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको पतनको एउटा मुख्य कारण बनेको छ र आज जनवादी केन्द्रीयताको सही उपयोग हुन नसक्दा विश्वव्यापी रूपमा संशोधनवादको सेवा गर्न पुगेको छ ।

विश्व कम्युनिस्ट आन्दोलनको अनुभवबाट संसारभरिका कम्युनिस्टहरूले शिक्षा लिएर प्रथम त्यसलाई सिद्धान्त र क्रान्तिको हितहरूका अधीन राख्ने, द्वितीय त्यसलाई जनवाद र अन्तरपार्टी सङ्घर्षको अधिकारको सीमाभित्र नै बुझ्ने, ग्रहण गर्ने र पालना गर्नु पर्दछ । त्यो अवस्थामा जनवादी केन्द्रीयताले सही, यथार्थवादी र क्रान्तिकारी रूप लिनेछ, क्रान्तिको सेवा गर्ने र क्रान्तिलाई अगाडि बढाउनेछ । मार्क्सवाद-लेनिनवाद-माओवादको विकास र पार्टीमा देखापर्ने दक्षिणपन्थी नेतृत्वका विरुद्ध विदोहमा उत्रिनु र सङ्घर्षलाई तीव्र पार्नु हो । समाजवादी क्रान्तिहरू विश्वमा सफल र असफल भएका देशहरूमा पनि दक्षिणपन्थी तत्वहरू एकपल्ट ठूलो भागले जनवादी केन्द्रीयता र अनुशासनप्रतिको यान्त्रिक वा अधिभूतवादी दृष्टिकोणका कारणले उनीहरूको नेतृत्वलाई र उनीहरूका गैरक्रान्तिकारी निर्णय र निर्देशनहरूलाई स्वीकार गर्ने गर्दछन् ।

यो पृष्ठभूमिमा कोरा प्रकारका जनवादी केन्द्रीयता र अनुशासन होइन तर तिनीहरूबारे लेनिनवादी मान्यताहरूको पुनर्स्थापना कम्युनिस्ट पार्टीका लागि निर्णायक महत्वको कुरा बन्न गएको छ । जनवादी केन्द्रीयतामा हरेक सदस्यलाई समितिभित्र खुलस्त रूपमा धक फुकाएर छलफल गर्ने अधिकार हुन्छ । हरेक पार्टी सदस्यहरूलाई मनमा लागेका कुराहरू व्यक्त गर्न दिनुपर्दछ र उपल्लो समितिबाट आएका सर्कुलरहरू वा निर्देशनमा चित्त नबुझे त्यसबारे सोही समितिभित्र छलफल चलाउनु र त्यो कुरा उपल्लो समितिमा पठाउन पाइन्छ । केन्द्रीय समितिले पनि त्यसमा नियन्त्रण गर्न पाउन्न र त्यसो गर्नु पार्टीको विधान र दस्ताबेजविरुद्धको कुरा र नोकरशाही कुरा हुन्छ । कुनै उच्च समिति वा केन्द्रीय समितिले त्यसो गरेमा त्यसले पार्टीको एकता वा अनुशासनलाई कमजोर पार्दछ र पार्टी तथा क्रान्तिलाई गलत दिशामा लैजान्छ । त्यो स्थितिमा त्यसका विरुद्ध सङ्घर्षमा उत्रिनु सबै पार्टी सदस्यहरूको कर्तव्य हुन्छ । केन्द्रीय नेताहरूको आलोचनालाई दबाउने वा बदला लिने नीतिलाई अनुशासनको उल्लङ्घन र त्यसका विरुद्ध दृढतापूर्वक सङ्घर्ष गर्नुपर्ने कुरामा जोड दिएको छ ।

महान् सर्वहारा सांस्कृतिक क्रान्तिले केन्द्रीयता र जनवाद, अनुशासन र स्वतन्त्रता दुवैमा जोड दिएर वास्तवमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको स्पिरिटलाई पकड्ने प्रयत्न गरेको थियो । दक्षिणपन्थी अवसरवादीहरूले आलोचनालाई दबाउनका लागि नै त्यसप्रकारको नोकरशाही र प्रतिशोधात्मक व्यवहार गर्दछन् । माओको नेतृत्वमा सुरु भएको महान् सर्वहारा सांस्कृतिक क्रान्तिले सिद्धान्त सङ्गठनसम्बन्धी लेनिनवादी सिद्धान्तहरूको विकसित रूप हो र कुनै पनि देशमा पार्टीलाई राजनीतिक वा सङ्गठनात्मक रूपमा गलत दिशामा लैजाने प्रयत्नहरूका विरुद्ध सहजताका लागि यो सिद्धान्तले संसारभरिका सच्चा मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्तलाई स्वीकार गर्नेछ ।

विश्वका कम्युनिस्टहरूले हालसम्म लेनिनले विकास गरेको जनवादी केन्द्रीयतालाई स्विकार गर्दै आएका छन् ।

केही वर्षपहिला नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनबाट जनवादी केन्द्रीयता र सङ्ठनात्मक पद्धतिसम्बन्धी आवधिक प्रणालीको विषयलाई अगाडि सारेका थियौँ तर यसको परिणामस्वरूप दार्शनिक, राजनीतिक, वैचारिक, सङ्ठनात्मक रूपमा गलत व्याख्या गरेकै परिणाममा यसले दार्शनिक रूपले सारसङ्ग्रहवाद, राजनीतिक रूपले संसदीय संशोधनवाद, सङ्ठनात्मक रूपले निषेधात्मक अधिभूतवाद र विसर्जनवादको जन्म दिन पुग्यो र पार्टी सङ्ठनमा जनवादी केन्द्रीयता हराउँदै गयो । नेतृत्वमा नोकरशाही प्रवृत्ति एकमनावादको विकास हुँदै पार्टीपङ्क्तिमा चाकडी, चाप्लुसी गर्ने मान्छेहरूको भीड जम्मा हुन आइपुग्यो । कतिसम्म भने आफ्नु कार्यक्षेत्र भएको जिल्लामा आफ्नै गुल्लाम, चाप्लुस, मर्यादापालक हुनैपर्छ । सिद्धान्त, विचार, राजनीतिक सङ्ठानात्मक पद्धति केही होइन । पछिल्लो समयमा त नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय राजनीतिक ब्युरो पीबी र ब्युरो समितिहरू नै विघटन गरियो । जनवादी केन्द्रीयता पार्टीभित्र हुने रचनात्मक आत्मालोचना र आलोचनाको विषय हराउँदै गयो । तथ्यबाट सत्यको खोज गर्नेभन्दा पनि नेतृत्वका प्रिय सल्लाहकार हरूले सल्लाह दिएकै भरमा पार्टीभित्रका मन नमिल्ने जिल्ला तहका नेतृत्व पङ्क्तिमा रहेका कमरेडहरूलाई कुन जिल्लामा सरुवा गरिदिने हो, थाहा पनि नपाउने अवस्था आउने गरेको थियो ।

सिद्धान्त, राजनीतिक-वैचारिक-साङ्ठनिक क्षेत्रभित्र हुने नियमित जनवादी केन्द्रीयतामार्फत आत्मालोचना र आलोचनाभन्दा प्रशंसामा रमाउने गुट मानसिकताको विकासले नेपाल कम्युनिस्ट पार्टीको जीवनमा आठ वर्षसम्म पनि सङ्ठनात्मक रूपमा खासै परिणाममुखी काम हुन सकेन । यसको मुख्य कारण भनेको पार्टीभित्र जनवादी केन्द्रीयतालाई सही तरिकाले प्रयोग नगर्नु हो । सङ्गठनको अधीनभन्दा व्यक्तिको अधीनमा सङ्गठनलाई राख्नु हो । द्वन्द्वात्मक दृष्टिकोणभन्दा प्राविधिक सोचाइले प्रथम स्थान पाउनु हो । सङ्गठनमा उठेका विषयको समाधान नहुनु हो । पार्टीका जिल्ला र केन्द्रीय समितिमा आफूलाई मनपर्ने र मेरो मान्छे भन्दै भर्ती गर्नु हो । क्रान्तिलाईभन्दा चुनावी कार्यनीतिलाई प्रधान बनाउने समस्याले पार्टी-सङ्गठनभित्र हुर्किंदै गएको सारसङ्ग्रहवाद, संसदीय सशोधनवाद, निषेधात्मक अधिभूतवाद र विसर्जनवाद, आत्मसुरक्षावाद, जुझारु अर्थवाद हुँदै पार्टी-सङ्गठन र क्रान्तिकारी आन्दोलनलाई विसर्जन गर्ने बाटोमा पुग्यो ।

## नेत्रविक्रम चन्दलाई पूर्वकार्यकर्ताको मार्मिक पत्र

# एक्ले बहादुरले गर्ने क्रान्तिको मोडेल कस्तो हुन्छ ?

*पार्टीले जोडेका दर्जनौँ बिघा जमिन आन्दोलनमा लागेका पूर्वजनमुक्ति सेनालाई उत्पादनको जिम्मेवारी दिएर आफू फेरि क्रान्तिको केन्द्रमा उभिएर अभिवादन गर्नुहुनेछ जहाँ आदरणीय नेता कञ्चन र सुदर्शनले गला मिलाएर स्वागत अभिवादन गर्नुहुनेछ । त्यसैले फेरि खुला दिलले, इमानदारीपूर्वक क्रान्तिकारी चेतका साथ वैज्ञानिक समाजवादी क्रान्तिमा तपाईंसहित जान मन छ । बाँकी कुरा तपाईंको सोचाइको कुरा भयो । म कामना गर्दछु- हाम्रो रगतपसिनाले बनेको विप्लव हाम्रै आँखाअगाडि दलाल पुँजीवादी व्यवस्थाको कुर्सीमा गजक्क बसेको देख्न नपरोस् ।*



लोकेश विश्वकर्मा

आदरणीय कमरेड नेत्रविक्रम चन्द

यति बेला म निकै भावुक र स्तब्ध छु । जुन रगत-पसिनाले तपाईं नेत्रविक्रम चन्दलाई विप्लव बनायौँ आज त्यही भन्न नपाउने अवस्थामा पुग्नुपर्दा आफैँप्रति समीक्षित छु । मैले तपाईंलाई आदरणीय कमरेड विप्लव भनेरै सम्बोधन गरौँला सोचेको थिएँ । फेरि वैधानिक बाटोमा आइसकेको व्यक्तिलाई अवैधानिक बनाउने षड्यन्त्र भयो भनेर केही कमरेडहरूले उजुरी गर्लान् कि भन्ने डरले विप्लव भन्न सकिनँ । यसर्थ अब तपाईंको नाममा धेरै खतरा मोल्न नसक्ने भएको छु । यसप्रति मैले निकै खिन्नता महसुस गरेको छु ।

आदरणीय कमरेड

मैले आजसम्म भित्रैदेखि श्रद्धा गर्ने सीमित पात्रमध्ये तपाईं शीर्ष स्थानमा नै हुनुहुन्थ्यो । तर आज त्यो बुझाइको रङ बिस्तारै धमिलो हुँदै खुइलिने खतराको सन्निकट छ । तपाईंका केही शैलीदेखि निकै प्रभावित छु, जस्तै तपाईं स्वास्थ्यको निकै ख्याल गर्नुहुन्छ । यसबाट म के बुझ्थेँ भने आफैँलाई माया नगर्ने नेतालाई जनताले पनि माया गर्दैन । तपाईं प्रायः भेटमा घरपरिवारको सन्चोबिसन्चोसम्म सोध्न भ्याउनुहुन्थ्यो । त्यसबाट बुझ्थेँ- मेरो कमान्डरले मेरो परिवारको जस्तै हजारौँ परिवारका बारेमा चासो र चिन्ता गर्छ । त्यसैले यो सही छ । तपाईंले आफैँले पसिना बगाएर केही फलाउनुहुन्छ । लाग्थ्यो कम्युनिस्ट श्रमसँग जोडिनैपर्छ भनेर एउटा सही सन्देश दिइरहनुभएको छ । सेतो कमिज लगाउँदा पनि सोच्थेँ कम्युनिस्ट नेता यस्तै निष्कङ्लक हुनुपर्छ जहाँ थोरै मात्र छिटाले पनि कुरूप देखिन्छ भन्ने आम सर्कुलर बुझ्थेँ । तपाईंको कालो पाइन्टको अर्थ हरपाइला वर्गवैरीका विरुद्ध रहस्य, शक्तिशाली भव्यता र परिष्कारको प्रतीक हो । अर्थात् सदैव विद्रोही मार्गमा रहिरहनेछ । कतिसम्म भने तपाईंका प्रत्येक कुरालाई आदर्शीकरण गर्ने कोसिसमा थाकेकै थिइनँ तर आज म तपाईंलाई हेर्दा थप थकितजस्तो हुन्छु । थाहा छैन यस्तो हुनुमा बढी दोषी तपाईं हो कि म आफैँ हुँ ?

आदरणीय कमरेड

प्रतिबन्धले जनतासँग छुटेको सम्बन्ध जोड्न निर्वाचनमा जाने कुराले मलाई त्यति छोएन जति कम्युनिस्ट पार्टी सजातीयहरूको एकत्वभन्दा पोलेको थियो । तीनबुँदे गर्दा त्यति दुःख मानेकै थिइनँ जति बेला जनमतसङ्ग्रहबाट समाजवाद ल्याउने सुन्दै गर्दा घाइते भएको थिएँ । प्रतिबन्ध फुकुवा भएकै केही दिनमा शिवगढी पुगेर आधा घन्टा भेट्दा जति आशावादी थिएँ त्यति निराश शिवगढी बैठकको चुनाबी एजेन्डाले बनायो ।

मैले विचारभन्दा बढी तपाईंको गति मन पराएको थिएँ । त्यो मेरो भावना रहेछ । आज विचार ब्युँझियो अनि बिस्तारै तपाईंलाई पढेँ, बुझेँ । फेरि पढेँ, फेरि बुझेँ अनि थाहा पाएँ- तपाईं कुनै कम्पनीको एक कुशल बजार प्रतिनिधिजस्तै कपाल नै नभएको मानिसलाई काइँयो बेच्ने कुशल व्यापारीजस्तो पाएँ, यो स्याम्पुले ६ महिना नुहाउनुस्, कपाल आउँछ अनि यो काइँयोले कोर्नुस् र तेल लगाउनुस् भन्दै बेच्ने क्षमतावान् प्रतिनिधिजस्तै । यो क्षमता सबैमा हुनै सक्दैन जुन तपाईंमा छ । तपाईंसग नभएको त्यही एक कुरा विचारप्रतिको इमानदारी र नेतृत्वका बारेमा अधिभूतवादी बुझाइ र गराइ नै हो । अरू सबै कुराले तपाईं भरिपूर्ण नै हुनुहुन्छ ।

आदरणीय कमरेड

तपाईंले म र मजस्ताका बारेमा के-कसरी सोच्नुहुन्छ भन्ने त खास मेसो छैन तर म र मजस्ता धेरैले तपाईंलाई हेरेर चेलाई भुल्न खोज्दै थियौँ । तपाईंलाई एक युगको एक नेता बनाउने कोसिस गर्दै गर्दा धेरै खप्की र षड्यन्त्रका सिकार भएकै हौँ । कहिलेकहीँ मलाई यस्तो लाग्छ- तपाईंलाई तपाईं हुने दिएनन् । हुनत यो कुरा द्वन्द्वात्मक भौतिकवादसँग बाझिन्छ होला तर जेसुकैसँग बाझिए पनि केही महिना अगाडिसम्म तपाईंप्रतिको बुझाइ त्यस्तैखाले थियो । अर्थात् तपाइ ब्यारेल मात्र बन्नुभयो, भर्ने र पड्काउने कोही अर्कै थियो । कहीँ मेरो भावना सही छ भने एकपटक वरिपरि हेर्नुहोला ।

तपाईंप्रतिको अगाध प्रेममा म मात्र होइन, मजस्ता हजारौँ युवाहरू जोडिएका थिए । गण्डक बाँध थुन्दाखेरि विप्लव आऊ, बम पड्काऊ, एनसेलले ब्रह्मलुट गर्दा विप्लव आऊ... यस्तैयस्तै दर्जनौँपटक सक्नेले सडक, नक्सनेले सामाजिक सञ्जालबाटै भए पनि बोलेकै थिए । अर्थात् विप्लव नयाँ आशावाद बन्दै थिए । दुई वर्षको प्रतिबन्धको बेला तपाईंकै नाममा दुईपटक गिरफ्तारीमा परियो । विप्लवलाई भ्यालीको सूचना दिने तैँ होस् भन्दै हिरासतभित्र सबै तुच्छ व्यवहार गरियो । अझ तीतो भोगाइ त गिरफ्तार नहुँदासम्म हाम्रो पार्टीका होइनन्, तिनीहरूलाई नभेट्नू, स्टाटसमा लाइक-कमेन्टसमेत नगर्नू भन्दै बैठकमा उर्दी जारी गरेका एकजना मित्रले गिरफ्तार परेकै साँझ प्रहरीलाई फोन गरेर उहाँ हाम्रो भित्री टिमको मान्छे हो भन्नसम्म भ्याएछन् । यो विषयलाई समयसँगै बाहिर ल्याउँदै गरौँला । जेजस्ता हर्कत भए पनि म विचलित भएकै थिइनँ । मलाई लाग्छ, यस्तो भोगाइ भोगेर पनि तपाईं अर्थात् क्रान्तिप्रतिको बुझाइलाई कहिल्यै सेलाउन नदिन् कार्यकर्ता धेरै नै छन् ।

प्रतिबन्धको बीचमा फाट्टफुट्ट भिडन्त र फायरिङ भएका समाचारहरू आउँदा पहिलो सम्झना आउने अनुहार नै विप्लव थियो । प्युठान र अर्घाखाँचीको माथि सरकारी ड्रोन उडेको समाचारले निदाउनै कठिन हुन्थ्यो । हामी केही साथीहरू नियमितजस्तो भेट हुन्थ्यौँ । अनि काठमाडौँ आएको बेला केही जिल्लाका नेताहरूसँग भेटेर तपाईंका बारेमा कुरा गरिराख्थ्यौँ । कहिलेकहीँ त निकै चर्काचर्कीजस्तै हुन्थ्यो । त्यही समायमा तपाईं काठमाडौँ छिर्दै हुनुहुन्छ भन्ने खबर आयो, निकै उत्साहित थिएँ । सञ्चार माध्यमले विप्लवलाई लिन हेलिकोप्टर जाँदैछ भन्दा पनि रवीन्द्र अधिकारीको घटना झल्याँस्स सम्झिएर आधा मन भएको थिएँ । त्यस्तो भयो भने... भनेर । बरु भुइँको बाटो आए हुन्थ्यो भन्ने लाग्थ्यो । नभन्दै तपाईं त्यसरी आउँदै गरेको खबरले निकै ठूलो राहत मिलेको थियो । बिहानै सभागृहवरिपरि पुगेर व्यग्र प्रतीक्षामा थियौँ । तपाईं हात हल्लाउँदै आउँदा नयाँ रक्तसञ्चार भएको अनुभूति भएको थियो । तपाईं मञ्चमा आएदेखि ननिस्किँदासम्मका सबै हाउभाउ अहिले पनि ताजै छन् । तपाईंको नखुलेको अनुहार, अझ मनपर्ने प्रेमी छुटाएर अर्कैसँग विवाह गर्न लागेका जोडीको जस्तो उदास देखिथ्यो । सोचेँ- कामको चाप वा यात्राको थकानले यस्तो भएको होला... । केहीबेरमा तीनबुँदे सहमति पढेर सुनाइयो । म निकै झस्केँ । त्यहाँ कुमार, महान, प्रज्वल, दीपेन्द्र, रामकुमारहरू (जनक्रान्तिका सहिदहरू) का बारेमा वाक्य त के एक अक्षरसम्म नदेखेपछि मनमा चिसो पस्यो । यद्यपि त्यहाँ तपाईंले बोलेका धेरै विषयमा सहमत भए पनि दुईचार विषय अलिक गम्भीर प्रकृतिका थिए । जस्तो : सहिदहरूप्रतिको मौनता, जनमतसङ्ग्रह, ओलीसँग १२ वर्ष अगाडिको भेट अर्थात् ओलीको बयानमा जुन शब्द खर्चिनुभयो यसले अर्कै सङ्केत गरेको त्यही बेला बुझिसकेको थिएँ ।

तपाईंलाई नै भेटेर यसबारे बुझौँला भन्ने सोचेर तत्कालीन कार्यालय सचिव कमरेड असललाई फोन-म्यासेज गरेको थिएँ । तर चापले काठमाडौँमा भेट हुन सकेन । त्यसको लगत्तै तत्कालीन पाल्पा जिल्लाका इन्चार्ज कमरेड प्रवीणको पहलमा म शिवगढी नै पुगेर आधा घन्टा भेटेँ । मैले यति भनेको थिएँ- आदरणीय महासचिव, हामी जीवित छौँ । यस्तै सन्देश र केही सुझाव राखेको थिएँ मैले । त्यसमध्ये हामी सामूहिक भेट्न चाहन्छौँ भन्ने कुरा नै प्राथमिक र शीर्ष स्थानमा नै थियो । तपाईंले अब काठमाडौँ आउँदा भेट्ने सूची छ भनेपछि म भोलिपल्टै बिहान फर्किएको थिएँ जुन कुराले केही साथीहरू मसँग आगो नै हुनुभएको थियो, एक्लै भेट्यो भन्ने सवालमा जब कि हामी सामूहिक जानेबारे छलफलमा थियौँ । यद्यपि मैले फोनबाट सविस्तार भनेपछि साथीहरू विश्वस्त भएझैँ गर्दै हुनुहुन्थ्यो । हामी त्यो सामूहिक भेट एउटा पत्रका आधारमा गर्न चाहन्थ्यौँ ।

न्याय, मुक्ति, स्वाधीनता र समानतामा आधारित अर्थात् वैज्ञानिक समाजवाद स्थापनाको महान् उद्देश्यसहित स्थापित गौरवशाली पार्टीले नेपाल कम्युनिस्ट पार्टी नेपाली जनताको विश्वास र विश्वक्रान्तिको एक आशाको केन्द्रको बन्दै जाला भन्ने सोचेको थिएँ । पार्टी र नेतृत्वप्रतिको भरोसा झन्झन् कसिलो र प्रगाढ बन्दै जानेछ सोचेको थिएँ । एकीकृत जनक्रान्तिको कार्यदिशाले जनताका बीचमा साथ, सहयोग र समर्थनले दलाल राज्य व्यवस्था आतङ्कित मात्र होइन, त्यो व्यवस्थालाई धक्का नै देला भन्ने सोचेको थिएँ । तर दुर्भाग्य ! क्रान्तिकारीका विरुद्ध अन्तिम मूर्खता प्रदर्शन गर्ने साधनजस्तो बन्न पुग्यो । यो परिस्थितिको संवेदनशीलतालाई गहिरो गरी मनन गर्दै जिम्मेवारीबोधसहित वैज्ञानिक समाजवादी सत्ता स्थापनाका लागि अन्तिमसम्म लड्ने प्रतिबद्धता झन् स्पातिलो बनाउन मद्दत गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु ।

क्रान्ति सहज र सरल मात्रै नभएर घुम्ती, भुमरी र विपत्तिसहित अगाडि बढ्दछ भन्ने विषयलाई हृदयङ्गम गर्नेमध्येकै हौँ हामी तर जनवादको जल छर्केर केन्द्रीयताको आवरणमा कर्म पूरा गर्ने कुराले मात्रै दुस्मनको कठालो समात्ने शक्ति पैदा गर्न सक्दैनथ्यो । त्यसैले हामीलाई आधा दशक बेरोजगारजस्तो बनाइयो ।

व्यक्तिगत जीवनलाई तिलाञ्जली दिँदै क्रान्तिलाई जीवन र पार्टीलाई नै अभिभावक मानेर २०/२१ वर्ष बिताएकालाई न्यूनतम् छलफलसम्म नगरी झन्डै चार दर्जन नेताहरू गलहत्याउँदासमेत चुपचाप बस्ने हामी नै होइन र ? त्यसको एक मात्र उद्देश्य क्रान्तिप्रतिको प्रतिबद्धताबाहेक केही थिएन र होइन । त्यो बेला पार्टीको व्यवहारले खल्लो महसुस मात्रै गराएको थिएन, केही प्रश्नहरू पनि जन्माएको थियो । किन यस्तो भयो होला ? जहाँ हामी बाहिरिएका, खुल्न सकिरहेका थिएनौँ भने भित्रिएकाहरूमा पनि कुनै खुसीको धर्सो देखिँदैनथ्यो । यसको गम्भीरतापूर्वक समीक्षा गर्न कसले रोक्यो ?

त्यो बेला पार्टीबाट सङ्गठनलाई मार्गदर्शन गर्न आउने नेताको कलात्मक कमजोरी वा नियत मात्र होला भन्ने लागेको थियो तर आजसम्म आउँदा त्यहाँ तपाईंहरूकै रुचि नै रहेछ भन्ने लुकाउनै सक्नुभएन । जिम्मेवार बन्नुपर्ने नेताहरूलाई नै रत्तिभर जिम्मेवारीबोध नहुने र बैठक, भेला, सम्मेलनहरूमा चातुर्यपूर्वक खेल्ने मैदान बनाउनुलाई कम्युनिस्ट चरित्र नमान्नु हाम्रो कमजोरी हो र ?

जीवनमरणको विषय बनेर उभिएको नेपाली क्रान्तिका प्रबल सम्भावनाहरूमा भिन्न रङका प्रवृत्तिहरू भित्रिने वातावरण बन्नु खतराको सङ्केत हो भनेर दर्जनौँपटक नभनेको पनि त होइन नि । क्रान्तिको वैचारिक बलले हरेक षड्यन्त्रलाई ध्वस्त पार्दै वर्गप्रति घृणा र आक्रोश पैदा गरी विचार र नेतृत्वप्रतिको प्रतिबद्धतामा सम्झौता नगर्नु अपराध हुन्थ्यो र ?

किन त्यस्तो भयो ? विरोधीसँग लड्न दयामाया देखाउने तर आफ्नो भित्र छलफलसम्म गर्न पनि मन नपराउने कुरा सोचनीय थिएन र ? अझ त्यसमा पनि विभिन्न मनोगत तर्कहरू सिर्जना गरेर गलत सूचना दिने, विभिन्न प्रोपोगान्डा गर्ने कुराले क्रान्तिको सेवा गऱ्यो कि नोक्सान, आफैँ हिसाब गर्नुहोला ।

तत्कालीन अवस्थामा वैचारिक अन्तरसङ्घर्षमा फिल्डमा भोग्नुपरेको अपमान र उपेक्षाले अहिले पनि पोल्छ । सङ्गठनको जीवनमा देखिएको अराजकतावादी व्यक्तिवादले जुन स्तरबाट आन्दोलनलाई क्षति पुगेको थियो त्यसबाट बचाउन गम्भीरता र जिम्मेवार नेतृत्वसमक्ष गम्भीरतापूर्वक छलफलका लागि माग गर्दा तपाईं किन अनिच्छुक हुनुभयो ?

हामीले पटकपटक पत्र लेख्यौँ, न जबाफ आयो न क्रान्तिकारी पार्टी एकै ठाउँ रह्यो । अब त आफ्नो प्रश्नको जबाफ आफैँले दिन पर्ने बाध्यतामा छु ।

आदरणीय कमरेड

तपाईं कुनै बेला भोकको भोजन र प्यासको पानीजस्तै प्रिय हुनुहुन्थ्यो तर एकाएक तपाईंमा के सवार भयो, थाहा छैन । प्रतिबन्धपछि राष्ट्रिय सभागृहमा तपाईंको नखुलेको अनुहार हेरेर निकै सोच्न बाध्य पारेकै थियो । अझ भनूँ, तपाईं त्यहाँसम्म कसैको करकापमा आउनुभएको थियो । तर शिवगढी बैठकसम्म पुग्दा तपाईंलाई सम्झिए तनाव हुनेजस्तो भयो । आखिर यो किन भयो ? कसरी भयो ? यसको जबाफ तपाईंबाहेक अरूले दिनै सक्दैनथे तर परिस्थिति कस्तो बन्यो भने तमाम प्रश्नको जबाफ आज एकैचोटि समयले नै दिइसक्यो ।

आदरणीय कमरेड

म आज पनि तपाईंको व्यक्तित्वदेखि निकै नै प्रभावित छु तर माफ गर्नुहोला, तपाईंको विचारमा विश्वस्त हुन सक्ने ठाउँचाहिँ अब रहेन । केही दिनअघि चितवनमा आयोजित भेलामा तपाईंको उपस्थिति निकै 'मिस' गरेको थिएँ । मैले मात्र होइन, त्यहाँ उपस्थित धेरैले अव्यक्त रूपमा तपाईंको प्रतीक्षा गरेका थिए । तर सल्लाहकार समितिका अध्यक्ष असारे काकाले तपाईंलाई निष्कासनको घोषणा गर्दा ताली बजाउन बाध्य भएँ । यो इतिहासको अपरिहार्य आवश्यकता बनेको छ किनकि म आफ्नै बाले बोकेको राजनीतिक विचारसमेत लत्याएर स्कुले जीवनबाटै माओवादी भएको हुँ । त्यसैले तपाईं मेरा लागि जति प्रिय र मन खाने भए पनि विचार र दृष्टिकोणका अगाडि अरू विषय कमजोर बन्ने रहेछन् ।

आज म तपाईंले नेतृत्व गरेको पार्टी र सङ्गठनमा त छैन तर पनि तपाईंप्रतिको चासो र चिन्ता हराएको छैन । कतिसम्म भने स्थानीय निर्वाचनमा तपाईंहरू जानुभयो, यद्यपि त्यो मेरो रुचिको विषय त होइन तर पनि तपाईंले कति मत ल्याउनुहुन्छ, कसरी अघि बढ्नुहुन्छ भन्ने खोजिरहेकै छु । सोचेको थिएँ- केही लाख मत र केही गाउँ, नगरपालिकासहित संसदीय व्यवस्थामा पनि सम्मानित भएर रहनुहुनेछ... तर दुःखद् कुरा, परिणामले मेरो आशामा निकै चिसो पानी खन्याइदिएको छ । यद्यपि चुनावको परिणामलाई लिएर अरूले झैं खिसीट्युरी गर्ने मुडमा म छैन किनकि प्रचण्ड, किरण र विप्लव सबैलाई बनाउन हाम्रो पनि रगतपसिना उत्तिकै बगेको छ । त्यसैले धोका पाए पनि माया लागिरहने एक एकोहोरो प्रेमीजस्तै भएको छु ।

आदरणीय कमरेड

आजको दिनमा मसँग केही जिज्ञासा र प्रश्नहरू छन्- के क्रान्ति सम्भव छैन र सकिँदैन ? कि सम्भव छ तर अहिले सकिँदैन ? कि त क्रान्ति सम्भव छ र सकिन्छ ? के दार्शनिक जगबिना कम्युनिस्ट आन्दोलन सम्भव छ ? के अब सङ्घर्ष सकिएकै हो ? के विचारको उच्चताभन्दा अरू केही प्रमुख हुन्छ ? के जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवाद आउँछ ? के कम्युनिस्ट पार्टी सजातीयहरूको पार्टी हो ? के कम्युनिस्ट पार्टी आन्दोलनमा बल प्रयोगको कुनै स्थान रहँदैन ? के क्रान्ति गर्न राज्यको सद्भभाव चाहिने हो ? कि क्रान्ति कुनै व्यक्तिबाहेकले गर्न सक्दैन ? के मुख्य नेताको जीवनभन्दा आन्दोलन कम महत्वपूर्ण हुन्छ ? जुन कार्यनीतिले रणनीतिलाई शून्यबराबर सेवा गर्दैन त्यसका लागि समय बर्बाद गर्नु खास अर्थ के हुन्छ ?

आदरणीय कमरेड

वार्ता र सहमति क्रान्तिको बृहत् स्तरको तयारी हो भन्ने बुझेको मलाई तपाईंकै आवास बनाउने कुराले निकै नराम्रोसँग घोचेको छ । हिजो तयारीका लागि भन्दै जनमुक्ति सेना ब्यारेकमा बर्सौं राखेर रुवाउँदै घर पठाएभन्दा फरक अर्को के हुन्छ होला र ? यस्तै सोचिरहेको छु । मेरो बुझाइमा एकीकृत जनक्रान्तिको प्रयोग अकर्मण्यतामा फस्यो । त्यसको दार्शनिक आधार सारसङ्ग्रहवादी भयो । अर्थात् एकीकृत जनक्रान्ति मनचिन्ते पोको भयो । तपाईं पटकपटक लेनिनको भनाइ उद्धृत गर्दै भन्नुहुन्थ्यो- काट्नुभन्दा अगाडि धेरैपटक नाप्नुपर्छ तर दुःख साथ भन्नुपर्छ कमरेड तपाईंले काट्ने गरी नाप्नुभएकै रहेनछ ।

विश्व कम्युनिस्ट सङ्घर्ष रक्षात्मक अवस्थामा रहेको देखिन्छ यद्यपि यो लामो आयुको भने छँदैछैन । यो अवस्थाका पछाडि पनि केही कारणहरू अवश्य होलान् जुन कुरा कम्युनिस्टहरूका लागि मात्र होइन, विश्वव्यापी व्यवस्थाका लागि ठूलो सैद्धान्तिक चुनौती हो । मालेमाको रचनात्मक विकासका नाममा बेग्लै नारा दिएर जनतालाई आकर्षित गर्न सकिन्छ भन्ने रोमान्टिक बुझाइका कारण कम्युनिस्टहरूमा उपभोक्तावाद तीव्र रूपमा मौलाएको छ । यसको हल भनेकै वैचारिक सङ्घर्ष हो ।

आदरणीय कमरेड

पुरानो उत्पादन सम्बन्धले खडा गरेका आधारहरूलाई भत्काउनेबारेमा सोच्दै-सोच्नुभएन । जसलाई कुल्चिनु पर्दथ्यो, त्यसैलाई अँगालो हाल्नुभयो । विगतका हरेक विचलनबाट पाठ सिक्नुपर्नेमा तपाईंले तरिका मात्र सिक्नुभएछ । मलाई लाग्छ, कोही पनि अपमानित भएर, सम्भावना नदेखेर व्यर्थै रगतपसिना पोख्न सक्दैन तर तपाईंलाई हार्दिक धन्यवाद नै छ किनकि क्रान्तिकारीलाई यहाँसम्म ल्याउने नेतृत्व गर्नुभयो ।

आदरणीय कमरेड

मलाई राम्रोसँग थाहा छ, तपाईं जुन पार्टीको महासचिव हुनुहुन्छ त्यहाँ तपाईंका विरुद्ध खासखुस गर्नेहरूको सङ्ख्या नै बढी छ । अहिले नेपाली कम्युनिस्ट आन्दोलनमा नेताको खल्तीमा पैसा हालेर आफ्नो झोलामा रुपैयाँ भर्नेहरूको बिगबिगी सर्वत्र नै छ । तर यो लामो समय नटिकोस् । सङ्घर्षबाट थाक्नै हुँदैन । सुनेको छु, तपाईंसँगै भएका केन्द्रीय समितिका मध्ये १७ जनाले समीक्षाको माग गर्दै पत्र लेखेका छन् । उहाँहरूको बुझाइप्रति मेरो सम्मान नै छ । तर उहाँहरूको चिन्ता सम्बोधन हुनेमा म निकै कम आशावादी छु । सुभेच्छा छ, तपाईंले उहाँहरूलाई पनि म एक्लै गर्छु, तपाईंहरू निहुँ नखोज्नुस्, बरु जानुस् भन्नहुनेछैन । हुनत बजारमा हल्ला तपाईं एमालेमा जाँदै हुनुहुन्छ, प्रचण्डसग छलफलमा हुनुहुन्छ भन्ने सुनिन्छ । तर मलाई त्यो बहसतिर ध्यान दिनु नै छैन । तपाईं त एक्लै भए पनि आफैँ गर्छु भन्नुहुन्छ । कसरी त्यतिका ठूला भीडमा जान सक्नुहोला र ? तर मलाई थाहा छैन एक्ले बहादुरले गर्ने क्रान्तिको मोडेल कस्तो हुन्छ ? अर्थात् विचार होइन, सीमित स्वार्थ मिल्नेहरूले मात्रै गर्ने सङ्घर्ष कस्तो हुन्छ ? भएछ भने बिनापूर्वाग्रह समर्थन गर्ने नै छु ।

आदरणीय कमरेड

काठमाडौँबाट पश्चिम फर्केर तपाईंको प्रतीक्षा गरिरहेको छु । सोच्दैछु यो केही वर्षमा विचार, नेतृत्व, सङ्गठन र सङ्घर्षमा आएको ऋणात्मकतालाई गम्भीर समीक्षासहित नयाँ आधार खडा गर्नुहुनेछ । यो त केवल मेरो सोचाइ भयो । के गर्नुहुन्छ, तपाईंको कुरा भयो । अझ यस्तो लागिरहेको छ- शिवगढीमा बन्दै गरेको आवासमा सहिद परिवारको सामूहिक बसाइको व्यवस्थापन गर्नुहुनेछ । पार्टीले जोडेका दर्जनौँ बिघा जमिन आन्दोलनमा लागेका पूर्वजनमुक्ति सेनालाई उत्पादनको जिम्मेवारी दिएर आफू फेरि क्रान्तिको केन्द्रमा उभिएर अभिवादन गर्नुहुनेछ जहाँ आदरणीय नेता कञ्चन र सुदर्शनले गला मिलाएर स्वागत अभिवादन गर्नुहुनेछ । त्यसैले फेरि खुला दिलले, इमानदारीपूर्वक क्रान्तिकारी चेतका साथ वैज्ञानिक समाजवादी क्रान्तिमा तपाईंसहित जान मन छ । बाँकी कुरा तपाईंको सोचाइको कुरा भयो । म कामना गर्दछु- हाम्रो रगतपसिनाले बनेको विप्लव हाम्रै आँखाअगाडि दलाल पुँजीवादी व्यवस्थाको कुर्सीमा गजक्क बसेको देख्न नपरोस् ।

जीवनी/समाला

## सन्दर्भ : २१ औं इच्छुक स्मृति दिवस

# जनयुद्ध सिर्जित नयाँ यथार्थ र कृष्ण सेन 'इच्छुक'



अशोक सुवेदी

नेकपा माओवादीको नेतृत्व र आह्वानमा २०५२ सालबाट आरम्भ भएको जनयुद्ध आफैँमा समग्र युद्ध थियो। उत्पीडित वर्ग, जाति, लिङ्ग, क्षेत्रको समग्र मुक्तिका लागि आरम्भ भएको यो युद्ध १० वर्षसम्म सशस्त्र युद्धका रूपमा जारी रह्यो भने त्यसपछिको अवधिमा पनि भिन्न ढङ्गबाट यो युद्ध जारी छ। जनयुद्धले नेपालमा सामन्ती राजतन्त्रबाट सयौँ वर्षदेखि शोषित-उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनसमुदाय आफ्नो वर्गको मुक्तिका लागि सचेततापूर्वक अग्रपङ्क्तिमा लामबद्ध हुन सिकायो। ९ हजार योद्धासहित १७ हजार जनताले रगत बगाए। व्यक्तिगत स्वार्थ त्यागेर वर्गको मुक्तिका लागि हाँसीहाँसी रगत बगाउन तयार नेपाली जनताले जनयुद्धका क्रममा देखाएको त्याग, शौर्य र बलिदानले संसारकै वर्गसङ्घर्षको इतिहासमा अद्वितीय स्थान हासिल गरेको छ। पुरुषप्रधान सामन्ती समाज र राज्यसत्ताका अन्याय-अत्याचारका हजारौँ माखेसाङ्लाहरू छिनाएर नेपाली महिलाले शासकको हातको बन्दुक खोस्न युद्धमा लामबद्ध भएको, भीषण मोर्चाहरूको नेतृत्व गरेको र विजय प्राप्त गरेको गौरवशाली इतिहास जनयुद्धले कायम गरेको छ।

राज्यसत्ता, कानुन, धर्मशास्त्र र समग्र हिन्दु अतिवादी सत्ताबाट उत्पीडित दलित समुदाय, ब्राह्मणवादी सामन्ती अभिजात्यवादबाट उत्पीडित तराई-मधेसका उत्पीडित जनसमुदायदेखि राज्यको दृष्टिबाट सधैँ टाढा रहेका कर्णालीलगायत दूरदराजका शोषित-उत्पीडित वर्गले व्यक्तिगत स्वार्थ त्यागेर वर्गयुद्धमा हामफालेको सुन्दर इतिहास बनाएको छ जनयुद्धले। जनयुद्धका क्रममा के कर्णाली, के हिमाल, के मधेस, के महिला, के दलित, के पहाड र उपत्यका, के किसान-मजदुर र विद्यार्थी-बुद्धिजीवी सबैसबै युद्धको मोर्चामा ऊभन्दा ऊ अघि लागेर शोषणमूलक राज्यसत्तालाई आछुआछु पारेको छ। जनयुद्धमा अथाह उत्साह, त्याग, शौर्य र बलिदानका, अनन्त पीडा, दुःख र यातनाका, अद्वितीय कलात्मक युद्धका कीर्तिमानहरू कायम भएका छन्। घरभित्र चुलोचौको र पुरुषको स्वार्थमा कैद महिलाहरूले जनमुक्ति सेनामा देखाएको कौशल होस् वा तराईदेखि कर्णालीसम्मका विपन्नवर्गका किसान, मजदुर र सर्वसाधारणले शोषकसामन्तमाथि कारबाहीमा उत्साहपूर्ण रूपमा भाग लिएर मोर्चामा सहभागिता जनाएका प्रसङ्ग हुन्, यी सबै नेपालको राजनीतिक इतिहासलाई बदल्ने परिघटनाहरू हुन्। यी परिघटनाहरूका कारण नेपालको राजनीतिमा मात्र होइन, साहित्य, कला र संस्कृतिमा पनि नयाँनयाँ यथार्थहरूको उद्घाटन भएको छ। सामन्तवादी र शोषणमूलक यथार्थ उल्ट्याएर त्याग, शौर्य र बलिदानका नवीन यथार्थहरू कायम भएका छन्। मानिसको जीवन र चेतना नै कायापलट भएका अद्वितीय उदाहरण स्थापना भएका छन्। सामूहिक चेतना र वर्गीय मुक्तिका लागि भएका अद्भुत घटनाहरूले वर्गसङ्घर्षमार्फत वैज्ञानिक समाजवाद र साम्यवादी समाज मात्र उत्पीडित वर्गको विकल्प हो भन्ने प्रस्ट उदाहरणहरू देखिएका छन्।

वर्गयुद्धका उदात्त भावना, नवीन विचार र घटना-परिघटना समेटिएका समाजवादी यथार्थवादको उद्घाटन र स्थापना गर्ने किसिमका साहित्यका विविध विधाहरूको रचना भएको छ। जनयुद्धमा एउटै व्यक्ति कहीँ योद्धा, कहीँ सङ्गठक र कहीँ संस्कृतिकर्मी/स्रष्टा बनेर कलम, मादल र बन्दुकको समायोजन भएको अवस्था उत्पन्न भएको छ। यस्ता कयौँ नयाँ अवस्थाहरूलाई समालोचक तथा सौन्दर्यचिन्तकहरूले नयाँ यथार्थका रूपमा परिभाषा गरेका छन्। नेपालको मार्क्सवादी साहित्य, कला र सांस्कृतिक आन्दोलनमा कृष्ण सेन 'इच्छुक' जनयुद्धले उद्घाटन गरेको यही नयाँ यथार्थका वाहक र एक उदाहरणीय योद्धा थिए।

हरेक महान् मानिसको जीवन अभाव, पीडा, शोक, खुसी अथवा आरोह र अवरोहपूर्ण बाटो हुँदै अघि बढेको पाइन्छ। मानिस विचार, व्यवहार, श्रम र सीपका कारण सबै र प्रायः आफ्नो वर्गको प्रिय हुन्छ। अधिकांश शोषित-उत्पीडित जनता र सर्वहारा वर्गको मुक्तिका लागि सुन्दर जीवन अर्पण गर्नेहरू नै समाजमा महान् भएका छन्। व्यक्तिगत स्वार्थ र लाभलाई तिरस्कार गरेर वर्ग र समूहका लागि, न्यायका लागि, समानता र स्वतन्त्रताका लागि जीवन अर्पण गर्नेहरू नै महान् बनेका छन्। आफ्ना लागि, आफ्नो परिवार र सीमित स्वार्थका लागि बोल्ने र काम गर्नेहरू धेरै हुन्छन्। केवल आफ्ना लागि त हरेक जीव र जन्तुले पनि यत्न गर्छ। सीमित र व्यक्तिगत स्वार्थका लागि जसले पनि सङ्घर्ष गर्छ। तर शोषणमूलक सत्ताको अत्याचार र दोहनको अन्त्य गरेर संसारका करोडौँ श्रमजीवी जनताको समानतामूलक समाज निर्माण गर्न त्याग, शौर्य र इमानदारीका साथ बलिदान गर्नेहरू नै समाजका महान् मानिस हुन्। महान् हुन स्वार्थ र लालसाका सिमानाहरू काट्नुपर्छ, लोभ र 'पाप' का साङ्लाहरू चुँडाल्नुपर्छ। वैयक्तिक सुख र सुविधाका सपनाहरू मार्नुपर्छ। सामान्यबाट र बहुसङ्ख्यक श्रमजीवी र आमव्यक्तित्व निर्माणका लागि चरित्र, स्वभाव र व्यवहार पनि आफ्नो वर्गले स्वीकार्ने बन्नुपर्छ। आफ्नो वर्गका लागि विचार दिन, योजना निर्माण गर्न, गाँठाहरू फुकाउन र त्याग तथा बलिदान गर्न पनि तम्तयार र सक्षम हुनुपर्छ। संसारका कयौँ मानिसहरू विचारका कारण महान् बनेका छन् भने कतिपय मानिस कर्मका कारण। शब्द र कर्मलाई एकाकार बनाउनसक्ने मानिस मात्र महानताको मार्गमा अघि बढ्नसक्छ, नायकत्व ग्रहण गर्नसक्छ। सुन्दर व्यक्तिगत जीवनको परवाह नगरी आफ्नो वर्गका लागि हाँसीहाँसी बलिदान गर्ने हजारौँ सहिदको सूचीमा अग्रपङ्क्तिमा आउने नाम हो- आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'। इच्छुक नेपालको जनवादी सांस्कृतिक, वैचारिक र साहित्यिक आन्दोलनका एक आदर्श नायक हुन्।

अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुक नेपाल र यहाँका शोषित-उत्पीडित जनताको मुक्तिका लागि विगतका सङ्घर्षहरूमा क्रमभङ्ग गर्दै २०५२ साल फागुन १ गतेबाट नेकपा माओवादीको आह्वान र नेतृत्वमा १० वर्षसम्म सञ्चालित महान् जनयुद्धका क्रममा साहस र वीरतापूर्ण बलिदान गर्ने दसौँ हजार नेपाली वीरवीराङ्गनाका अग्रपङ्क्तिमा नाम लेखाउने महान् सहिद हुन् कृष्ण सेन 'इच्छुक'। निरङ्कुशतालाई जोगाउन, अन्यायअत्याचारको साम्राज्य कायम राख्न निर्माण गरिएका हिटलरी ग्याँस च्याम्बरहरू र तिनका संरक्षक/सञ्चालकहरूलाई ललकार्दै विशाल जनताका प्रिय कमरेड बनेका, सादा जीवन उच्च विचार, बलिदानी भाव, चट्टानी दृढता बोकेर देश र जनताको मुक्तिका भाका सुसेल्दासुसेल्दै यातनागृहहरूमा कैद गरिए पनि असत्यलाई सत्य र कालोलाई सेतो स्वीकार गर्न नमानेको अभियोगमा आततायी राज्यसत्ताबाट कायरतापूर्वक हत्या गरिएका जनताका असल र महान् सारथी हुन् कृष्ण सेन 'इच्छुक'। उनी श्रमजीवी जनता र मुक्तियोद्धाहरूका पनि आदर्श नायक हुन्। महान् जनयुद्धले स्थापना गरेको नयाँ यथार्थको अगुवा हुन्।

कति मानिस सक्छन् सधैँ क्रान्तिकारी विचारमा टिकिरहन ? कसले सक्छ जोगाइराख्न मालेमावादको महान् आस्था ? को सक्छ देश र जनताको मुक्ति नभएसम्म आमजनताकै पङ्क्तिमा क्रान्तिकारी विचार बचाएर निष्ठामै रहिरहन ? को सक्छ सत्ताले दिएका यातना वा दर्दनाक पीडा र चोटहरूलाई निरन्तर सहन र प्रलोभनका ललीपपहरूलाई निरन्तर घृणा र तिरस्कार गरिरहन ? तर आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक' समाजको आमूल परिवर्तनका लागि व्यक्तिगत स्वार्थ र सुखसुविधाहरू त्यागेर आततायी सत्ताहरूलाई ललकार्दै तिनका विरुद्ध निरन्तर जुधिरहे। चाहे जेलका काला कोठरी होऊन् वा फलामका नेल र हतकडी ? चाहे राज्यआतङ्कका डरलाग्दा पलहरू होऊन् वा पार्टीराजनीतिको आन्तरिक जीवनका अन्तरसङ्घर्षका क्षणहरू, कृष्ण सेन 'इच्छुक' का लागि ती सबै सहज र सामान्य बने। उनले जनयुद्धले निर्माण गरेको जीवन र मृत्युको नयाँ परिभाषामा अर्को उचाइ थपे। समाजका लागि, आफ्नो वर्गका लागि र विश्व-सर्वहारा वर्गको मुक्तिका लागि इच्छुकले आफ्नो जीवन बलिदान गरेर नयाँ परिभाषा र परिचय कायम गरे।

अधिकांश ग्रामीण र विपन्नवर्गीय नेपालीहरू रोजगारीका लागि भौँतारिँदै पहाडबाट तराई, सहर र खुला सीमा रहेको मुलुक भारतका विभिन्न सहरमा जाने गरेका छन्। यो क्रम लामो समयदेखि जारी छ। पश्चिम नेपालको प्युठानको साराङकोटबाट कृष्ण सेन 'इच्छुक' का बुबा यमबहादुर सेन पनि कामको खोजीमा भारतको देहरादुन पुगे र भारतीय सेनामा जागिरे बने। कयौँ नेपालीहरू त्यहाँ आफ्नो अस्तित्व नै मेटिने गरी दुःख र कष्टसाथ श्रममा सामेल भएका हुन्छन्, भइरहेका छन्। त्यो उनीहरूको विवशता र बाध्यता पनि हो। उद्योगव्यवसायको कमी, खेतीकिसानीमा घट्दै गएको उत्पादनअवस्था, राज्यसत्तामा जनविरोधी शक्तिहरूको नियन्त्रण र कब्जाका कारण नेपाली श्रमिकहरू गाउँ छोड्न बाध्य बनेका छन्। कतिपय श्रमिकहरू आफ्नो जन्मभूमिलाई छोडेरै पलायन हुने गरेका छन् भने कतिपय श्रमिक ऋणधन गरेर बाहिर जाने र कमाएर फर्कने लालसा बोकेर मुग्लानिन्छन्। इच्छुकका बुबा पनि आफ्नो पुर्ख्यौली थलोबाट लाहुरेका रूपमा भारत पुगे।

भारतकै देहरादूनमा २०१३ साल कात्तिक १३ यमकुमारी सेनको कोखबाट कृष्ण सेनको जन्म हुन्छ। उनी श्रमिक नेपालीहरूकै बीचमा हुर्कन, हिँड्न र बोल्न सिक्छन्। बाबुको जागिर गोरखपुर सरुवा भएपछि त्यहीँको सरकारी विद्यालयमा भर्ना भएर पढ्न थाल्छन् उनी।

भारतका सहर र गल्लीहरूमा अत्यन्त निम्न कोटीको श्रममा लाउनखान मुस्किल हुने तलब वा ज्याला लिएर काम गरिरहेका नेपालीहरूमाथि भारतीय साहूमहाजन र कम्पनीहरूबाट हुने गरेको अन्याय-अत्याचार बालक कृष्ण सेनले आफ्नै आँखाले देखे, सुने र भोगे पनि। नेपालीहरूको दयनीय जीवन देखेर उनको बालकमन चिन्तित भयो। नेपालीहरूमाथि भएको शोषण र दोहनप्रति उनको बालापन आक्रोशित पनि बन्दै गयो। एउटा संवेदनशील चेतनाको बालकमा देशबासीहरूको कष्टपूर्ण जीवनले गहिरो छाप पार्‍यो। उनलाई नेपालीहरूमाथि भएको चरम शोषण-दमन सहेर अर्काको देशमा अपमान सहेर बस्नु उचित लागिरहेको थिएन। त्यसैले उनी बाबुसँगै २०१९ सालमा स्वदेश फर्किएर यहीँको विद्यालयमा भर्ना भए। २०१९ सालमा पुर्ख्यौली थलो प्युठान फर्किएपछि उनकी ममतामयी आमाको निधन भयो। बाबु यमबहादुरले कृष्ण सेनको मातृवात्सल्य खोसिएकै वर्ष अर्को बिहे गरे। एकातिर मातृवियोगको पीडा र अर्कोतिर सौतेनी आमाको निम्नकोटीको व्यवहार, यो बालक कृष्ण सेनको चहर्‍याइरहेको आलो घाउमा नुनचुक बन्न पुग्यो। उनीमाथि अर्को बज्र पर्‍यो। कृष्ण सेनको जीवनमा एकैसाथ पीडा, वेदना र दुःखको आँधीबेहरी सुरु भयो। आफ्नी आमाले दिने स्नेह सौतेनी आमाले दिनसक्ने कुरै भएन, तिनकै कारण उल्टै कृष्ण सेनले विक्षिप्त बन्नुपर्ने अवस्था उत्पन्न भयो। त्यसपछि कृष्ण सेन दाङ देउखुरीको आदर्श मावि‌मा भर्ना भए र आठ कक्षासम्मको पढाइ पूरा गरे।

माध्यमिक शिक्षाका लागि कृष्ण सेन दाङको सरस्वती हाईस्कुलमा भर्ने। १९ वर्षको उमेरमा २०३२ सालमा कृष्ण सेनले दोस्रो श्रेणीमा एसएलसी उत्तीर्ण गरे। आर्थिक अभावकै कारण एसएलसीपछि दुई वर्षसम्म उनको क्याम्पस जीवन (उच्चशिक्षा) सुरु हुन सकेन। उनी दाङको कोइलाबासस्थित साल्ट ट्रेडिङ कार्यालयमा अस्थायी खरिदार पदमा जागिरे भए। भ्रष्टाचार र कमिसनमा डुबेको साल्ट ट्रेडिङमा उनको आदर्श र जीवनबीच मेल खान सकेन। उनले अनैतिकता अस्वीकार्य छ भन्दै जागिरबाट राजीनामा दिए।

संवेदनशील किशोर कृष्ण सेनमा सिर्जनाप्रतिको रुचि र भोक जाग्न थालिसकेको थियो। उनी अध्ययनका साथसाथै नेपाल र नेपालीलाई देशभित्रै र बाहिर पनि यति शोषित, दमित र अपमानित बनाउने कारक के हो र को हो भन्ने खोजीमा लागे। उनले प्रगतिशील र प्रगतिवादी राजनीति र साहित्यका पुस्तक तथा पत्रिकाहरू पढे। राजनीतिक पार्टीका नेताहरूलाई भेटे। तिनका कुरा सुने। उनलाई संसारकै श्रमजीवी मजदुर हरूको मुक्तिका लागि लड्ने सर्वहारावर्गीय विचार मन पर्न थाल्यो। उनी कम्युनिस्ट पार्टीका नेताहरूको नजिक पुगे। उनमा उच्चशिक्षा अध्ययन गर्ने भोक जागिरहेको थियो। त्यसैले उनी आईए तहको अध्ययनका लागि बनारसतिर लागे। त्यहाँ उनले कम्युनिस्ट आन्दोलनमा लागेर निर्वासित जीवन बिताइरहेका धेरै मानिसलाई भेटे। विशेषगरी निर्मल लामासँगको सङ्गतले उनलाई कम्युनिस्ट पार्टीप्रति आकर्षित गरायो। उनले त्यहीँ अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका नेता तथा दार्शनिक मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ त्सेतुङ, क्यास्ट्रो, चे ग्वेभारालगायतको जीवनी र तिनका दर्शन तथा विचारको अध्ययन गरे। त्यसले कृष्ण सेनलाई प्रभावित पार्न थाल्यो। उनी चारु मजुमदार र चियाङ चिङको जीवनीबाट प्रभावित हुन थाले। जेनी मार्क्स र क्रुप्सकायाको प्रेरणाले उनलाई खिच्न थाल्यो।

अन्तर्राष्ट्रिय सर्वहारावादी दर्शन, विचार, राजनीतिसँगै कृष्ण सेन गोर्की र लु सुनका पुस्तकका माध्यमबाट प्रगतिवादी साहित्यतिर पनि डोहोरिए। आफ्नै देशका कृष्णलाल अधिकारी, गोपालप्रसाद रिमाल, भूपी शेरचन र युद्धप्रसाद मिश्रका रचनाहरूले पनि कृष्ण सेनलाई प्रभावित बनाउन थाल्यो। नेपालमा रहँदा उनी तत्कालीन नेकपा मसालको सम्पर्कमा थिए। दाङमा छँदै उनले आफ्ना भावनाहरूलाई सिर्जनामा रूपान्तरण गर्ने अभ्यास थालिसकेका थिए। उनले दाङमा छँदै कविता लेख्न पनि सुरु गरिसकेका थिए। उनी निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध सङ्घर्षरत विद्यार्थी सङ्गठनमा आबद्ध भए। देशभरका क्रान्तिकारी विद्यार्थी नेता र कार्यकर्तासँगको सम्पर्कले उनलाई देशभरका किसान, मजदुर र विभिन्न क्षेत्रका जाति-जनजातिको राजनीतिक, आर्थिक, सांस्कृतिक र समग्र सामाजिक अवस्था बुझ्न सहयोग पुर्‍यायो।

यता देशभित्र छँदा पनि नेपालीको अवस्था कमजोर बनेको देख्नु, उता भारत पुगेका नेपालीको अवस्था पनि अत्यन्त दयनीय पाउनु, देशका विभिन्न भागमा सञ्चालित किसान, मजदुर, महिला र राजनीतिक पार्टीले गरेका आन्दोलन निर्ममतापूर्वक दबाइनु, आफ्नै परिवारको आर्थिक अवस्था पनि दिनप्रतिदिन कमजोर बन्दै जानुले किशोरबाट युवा अवस्थामा लागेका कृष्ण सेनको मन आहत र आक्रोशित बन्दै गयो।

कम्युनिस्ट आन्दोलन र राजनीतिप्रति झुकाव राख्दै, आन्दोलित बन्दै र अध्ययन तथा जीविकोपार्जनलाई पनि साथसाथै अघि बढाएका कृष्ण सेनको सबैभन्दा पहिलो प्रकाशित कविता २०३२ सालको मातृभूमि साप्ताहिकको 'भोलिप्रति' हो। त्यही कविताबाट उनी कृष्ण सेनबाट कृष्णबहादुर सेन 'इच्छुक' बने। उनले केही पछि कृष्ण सेन 'इच्छुक' मात्र लेख्न थाले। बनारसबाट उनी नेपाल फर्किए। त्यसपछि विभिन्न पत्रपत्रिकामा उनका फुटकर कविताहरू प्रकाशित हुन थाले। कृष्ण सेनले आफू दाङको लालमटिया र त्यसआसपासका स्कुलमा अध्यापन गर्दा त्यहाँको साहित्यिक वातावरणबाट प्रभावित भएर कविता लेख्न सुरु गरेको र आफूलाई साहित्यमा आकर्षित गर्ने प्रेरक व्यक्तित्वचाहिँ दाङकै साहित्यकार तथा पत्रकार नारायण शर्मा रहेको बताएका छन्।

कृष्ण सेनको सक्रिय राजनीतिक जीवन भने ०३६ सालको जनमतसङ्ग्रहबाट आरम्भ भएको पाइन्छ। २०३६-०३७ सालमा तत्कालीन नेकपा एकीकृत चौथो महाधिवेशनमा आबद्ध कृष्ण सेन 'इच्छुक' जनमतसङ्ग्रहमा बहुदललाई षड्यन्त्रपूर्वक हराएर निर्दलीय पञ्चायती व्यवस्थालाई जिताइएको घोषणापछि पञ्चायतले घोषणा गरेको २०३८ सालको निर्दलीय चुनावको बहिस्कार गर्ने पार्टी निर्णयलाई सक्रियतासाथ कार्यान्वयन गर्न कार्यक्षेत्रमा खटे। रोल्पाको थबाङ र अर्घाको ढाकाबाङमा निर्दलीय चुनाव पूर्ण रूपमा बहिष्कृत भयो। कयौँ बुथहरूमा एक मत पनि परेन। निरङ्कुश पञ्चायती व्यवस्थाका शोषण र दमनहरूका विरुद्ध जुझारु प्रतिरोधमा उत्रिएको थबाङ र थबाङबासीको चट्टानी दृढताले संवेदनशील कविहृदय र देश एवम् जनताप्रति जिम्मेवारीबोध भएका कृष्ण सेन 'इच्छुक' ले २०३८ सालमै 'त्यो प्यारो-प्यारो गाउँको नाम थबाङ हो' शीर्षकमा अत्यन्त प्रभावशाली र मार्मिक कविता लेखे। त्यो कविता ऋषिराज बरालद्वारा सम्पादित 'त्रिकोण' साहित्यिक त्रैमासिकको तेस्रो अङ्कमा २०३८ सालमै प्रकाशित भयो। साहित्यकार कृष्ण सेनलाई कृष्ण सेन 'इच्छुक' बनाउने र कविका रूपमा स्थापित गर्ने काम यसै कविताले गर्‍यो। त्यो 'त्यो प्यारो-प्यारो गाउँको नाम थबाङ हो' शीर्षक कविताको एउटा अंश यस्तो थियो :

ती प्यारा-प्यारा हिमाली मान्छे
त्यो प्यारो-प्यारो नेपाली बस्तीको नाम थबाङ हो
थबाङ, जो आज पनि
उत्तरतिर टल्किने निर्मल स्फटिक हिमालजस्तै
मीठो मुस्कान मुस्कुराइरहेछ।
थबाङ, जो आज पनि
त्यही हिमालपल्तिर
ऐतिहासिक चिङ काङ सानजस्तै
गैरवको हाँसो हाँसिरहेछ।
(त्रिकोण साहित्यिक त्रैमासिक, २०३८)

निर्दलीय पञ्चायती व्यवस्थाको चुनाव बहिस्कारकै विषयलाई लिएर तत्कालीन सरकारले विद्यार्थीनेता एवम् कवि कृष्ण सेन 'इच्छुक' लाई कायरतापूर्वक गिरफ्तार गर्‍यो र दाङ कारागारमा बन्दी बनायो। उनलाई २०३९ साल वैशाख ११ गतेबाट २०४४ साल असार ३० गतेसम्म जेलमा बन्दी बनाइयो। उनी जेलमा हुँदै उनका विद्यार्थी राजनीतिक आन्दोलनका प्रिय मित्र मित्रमणि आचार्याको चितवन रामपुर क्याम्पसमा २०४२ साल वैशाख १८ गते नेविसङ्घका गुन्डाहरूबाट निर्ममतापूर्वक हत्या गरियो। मित्रवियोगको पीडाले चिन्तित कृष्ण सेन 'इच्छुक' ले जेलभित्रै सहिद साथीको स्मरणमा 'शोकाञ्जली' काव्य रचना गरे। विविध कारणले उक्त काव्यको प्रकाशन भने २०४८ सालमा आएर मात्र सम्भव भयो। 'शोकाञ्जली' मा आफ्नो प्रिय मित्रको हत्याले उब्जाएको शोक, व्याकुलता र त्यो शोकलाई शक्तिमा रूपान्तरण गर्ने प्रगतिवादी दृष्टिकोणका भरपर्दा उदाहरणका रूपमा निम्न पङ्क्तिहरूलाई लिनु उचित हुनेछ :

के सोधौँ ! शीत रोइरहेको छ
उजेलोमा हेर्छु दिन रोइरहेको छ
फूल रोइरहेको छ, कली रोइरहेको छ
कोसित मैले के सोधौँ र खोइ ? यसघडी
जता हेर्छु सारा प्रकृति रोइरहेको छ।
(पृ. १)
अर्को उदाहरण :
मेरो कविताका प्रिय पाठक तिमी
अब ती कविताहरू पढिदिने तिमी नै हुनेछैनौ
मेरो गीतका प्रथम गायक तिमी
अब ती गीतहरू गाइदिने तिमी नै हुनेछैनौ
मेरो जीवनको अमीट प्रेरणा तिमी
अब मभित्र उत्साहहरू भरिदिने तिमी नै हुनेछैनौ।
(पृ. ११)

इच्छुक मित्रवियोगको पीडाले आहत मात्र हुँदैनन्। उनीभित्र कष्टसाध्य पलहरूपछि सुन्दर बिहान र सुखी संसार प्राप्त हुन्छ भन्ने क्रान्तिकारी आशावाद पनि प्रस्ट पाइन्छ। वर्गयुद्धको लामो र कष्टपूर्ण यात्रामा सयौँ-हजारौँ योद्धाहरूले जीवन गुमाउनुपर्ने यथार्थ कवि इच्छुकलाई बोध भएको छ। उनी लेख्छन् :

आँसुले पग्लेर तप्केको बलेनीजस्तै
क्षणभर प्रबल संवेदनाले चरक्क छाती चर्क्यो
र म रोएँ
हरपल भावुकताले मलाई थिचिरहनेछैन
यो रक्तिम युद्ध हो वर्गसङ्घर्षको
हाम्रो विकट जिन्दगीका हरसङ्कटपूर्ण घडीमा
यो कठोर वास्तविक्तालाई भुल्नेछैन
(पृ.१८)

वर्गयुद्धमा वर्गमित्र र योद्धाको बलिदानी एकातिर शोक, पीडा र करुणाको विषय बन्छ भने अर्कोतिर त्यही विषय उदात्त भाव र शक्तिमा रूपान्तरित हुन्छ। कवि इच्छुकको 'शोकाञ्जली' काव्यका यी दुई प्रसङ्गले क्रान्तिकारीहरू कसरी शोकलाई शक्तिमा र प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरित गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गर्छन्।

स्पातजस्तै तिम्रो दरिलो हातलाई मुठ्ठीमा कसेर
अब म गरमजोशीका साथ
फेरि तिम्रो अभिवादन गर्न सक्नेछैन।
भेट हुँदाको प्रिय घडीमा
गहिरो आत्मीयताले डोरिएर
पहिलेजस्तै फेरि तिमीलाई
अब म बलियो अँगालोमा कस्न सक्नेछैन
(पृ. ९)

क्रान्तिनायकको बलिदानीको पीडा र त्यो पीडाले जन्माएको आहतपनलाई इच्छुकले फेरि समालिएर शक्ति र बदलाभावमा, क्रान्तिको ऊर्जामा यसरी रूपान्तरण गरेका छन् :

ए ! मेरो प्रिय सखा !!
तिम्रो सुन्दर सपनाको रमणीय बगैँचामा
सुखद विपनाका फूलहरू नफुलेसम्म
तिम्रो सम्मानमा यही नै साँचो श्रद्धाञ्जली हुनेछ
यो रक्तिम युद्धको निर्मम सङ्घर्षमा लड्दालड्दै
निराशाको मझेरीबाट
आँसुका शोकाञ्जली नचढाऊन् कोही
(पृ. ३४)

क्रान्तिको मोर्चामा दृढतापूर्वक लड्दालड्दै बलिदान हुने योद्धालाई आँसुले होइन, रगतले श्रद्धाञ्जली चढाउनुपर्छ र उसका सपना साकार पार्न उसले रोजेको बाटोमा निरन्तर लागिरहनुपर्छ भन्ने भाव यस काव्यले पस्किएको छ।

२०४४ साल असार ३० गते जेलमुक्त भएपछि कृष्ण सेन 'इच्छुक' फेरि राजनीतिको बाहिरी मोर्चामा लामबद्ध भए र उनलाई अनेरास्ववियु छैटौँको संयोजकको भूमिका दिइयो। त्यतिबेलासम्म नेकपा एकीकृत चौम तीन चिरामा विभक्त भइसकेको थियो। चौम र मसालले मध्यपन्थी एवं ट्राटस्कीपन्थी विचारको नेतृत्व गर्थे भने नेकपा (मशाल) ले क्रान्तिकारी विचारको। कृष्ण सेन पनि क्रान्तिकारी विचारकै पक्षमा थिए। उनकै नेतृत्वमा अनेरास्ववियु छैटौँको सम्मेलन सम्पन्न भयो। दृढ विचार र अविचल निष्ठाका धनी कृष्ण सेनको नेतृत्वमा विद्यार्थी आन्दोलन जुरुक्कै उठ्यो। २०४६ सालको पञ्चायती व्यवस्था र राजतन्त्रविरोधी आन्दोलनमा कृष्ण सेन 'इच्छुक' ले राजनीतिक, सांस्कृतिक तथा साहित्यिक तीनवटै क्षेत्रबाट हस्तक्षेपकारी भूमिका निर्वाह गरे।

जनआन्दोलन सम्झौतामा टुङ्ग्याइयो। पञ्चायती व्यवस्थाको अन्त्य भए पनि सामन्ती राजतन्त्रको अझै अन्त्य हुन सकेन। क्रान्तिकारी कम्युनिस्टहरूले २०४६ सालको संविधानलाई कालो संविधानको संज्ञा दिँदै जलाए। क्रान्तिकारी आन्दोलन अर्कै तयारीका लागि देशभर सङ्गठन विस्तार र चेतनाप्रवाहमा लाग्यो। कृष्ण सेन 'इच्छुक' पश्चिमका मोर्चाहरूमा खटिए। मार्क्सवादी सौन्दर्यचिन्तक किरणको सामीप्य र सहकार्यले कृष्ण सेन 'इच्छुक' राप्तीका पहाडदेखि उपत्यका र फेदीसम्म जनप्रिय राजनेताका रूपमा स्थापित बने। उनको लालित्यपूर्ण भाषणकलाले मानिसलाई क्रान्तिकारी आन्दोलनप्रति एकैसाथ हामफाल्न सक्ने विचार र उचाइ दियो।

बहुदलीय-संसदीय व्यवस्था श्रमजीवी सर्वहारावर्गका लागि उपयुक्त छैन र यसको विल्प जनयुद्ध नै हो भन्ने कुरा आमजनतालाई बुझाउन निकै कठिन थियो किनकि ३० वर्षसम्मको निरङ्कुश पञ्चायती व्यवस्थाको कहर काटेका जनता २०४६ सालको जनआन्दोलनपछिको आंशिक खुलापनलाई नै के-के न हातलागेको ठानिरहेका थिए। संसद्वादीहरूले संसाभर असफल र बदनाम बन्दै गएको बहुदलीय व्यवस्थालाई 'रामराज्य' का रूपमा व्याख्या गरेकाले पनि जनतामा भ्रम बाँकी नै थियो। यसैबीच, छरिएर रहेका क्रान्तिकारी कम्युनिस्ट शक्तिहरूबीच ध्रुवीकरणको प्रक्रिया सुरु भयो। प्रचण्ड र मोहन वैद्य 'किरण' हरूले नेतृत्व गरेको नेकपा (मशाल), निर्मल लामाले नेतृत्व गरेको नेकपा चौथो महाधिवेशन, मोहनविक्रम सिंहको नेकपा (मसाल) बाट विद्रोह गरी हरिबोल गजुरेल 'शीतलकुमार' को नेतृत्वमा बाबुराम भट्टराईहरूसहित रहेको नेकपा (मसाल) र रूपलाल विश्वकर्मालगायतले नेतृत्व गरेको सर्वहारावादी श्रमिक सङ्गठनबीच पार्टी एकता भएर नेकपा एकताकेन्द्र बन्यो। कृष्ण सेन 'इच्छुक' पार्टी एकता महाधिवेशनमा राप्ती क्षेत्रको प्रतिनिधि भएर सहभागी भए। कृष्ण सेन 'इच्छुक' लाई पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारीका लागि आह्वान गरियो तर उनले सांस्कृतिक र साहित्यिक मोर्चामा बढी सक्रिय भएर आन्दोलनको नेतृत्व गर्ने प्रतिबद्धता व्यक्त गरे। खुला संयुक्त मोर्चाका रूपमा संयुक्त जनमोर्चा नेपालको गठन भयो। इच्छुकलाई संजमो नेपालको केन्द्रीय सदस्यको जिम्मा दिइयो।

निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य, सामन्ती राजतन्त्रको अन्त्य, जनवादी गणतन्त्रको स्थापना गर्दै वैज्ञानिक समाजवाद र साम्यवादको सपना देखेर क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा लामबद्ध भएका राजनेता, प्रगतिवादी स्रष्टा, संस्कृतिकर्मी कृष्ण सेन 'इच्छुक' लाई राजतन्त्रको अन्त्य नहुँदै आन्दोलन सम्झौतामा टुङ्ग्याइएकोमा चित्त बुझिरहेको थिएन। निरङ्कुश व्यवस्थाका विरुद्ध र समानतामूलक समाजको निर्माणका लागि जारी कम्युनिस्ट आन्दोलन बहुदलीय व्यवस्थाको रमझम र दलदलमा फस्ने हो कि भन्ने चिन्ताले इच्छुकलाई धेरै नै सताइरह्यो। उनले २०४६ सालमा लेखेको 'इतिहासको यस घडीमा' शीर्षक कविताले उक्त कुराको आभास दिन्छ :

ए, मेरो युगको तरुण नायक !
यसबेला मैले कविता लेखूँ-नलेखूँ केही फरक पर्दैन
तर तिम्रो आँधीबेहरीमय महायात्रा भने रोकिनु हुन्न
इतिहासको यो सङ्क्रमणकालीन घडीमा
भोको पेटका यी ऊर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाना पस्किरहेछ भद्रपुर
तिमी भने झुक्किनु हुन्न।
(इतिहासको यस घडीमा, पृ. ५३)

यस कवितामा इच्छुकले नक्सलबाडी विद्रोहबाट प्रभावित भएर क्रान्तिकारी आन्दोलनतिर लहसिएकाहरू पनि बहुदलीय रमझममा फसेको कुराको तीखो यथार्थ व्यक्त गरेका छन्। बहुदलले खाना होइन, भोको पेट मात्र दिएको तीतो यथार्थ पस्किँदै कवि इच्छुकले ऊर्जस्वी, मुक्तिकामी चेतनाहरूलाई रोक्न नसकिने र त्यो नयाँ चेतनाले आमूल परिवर्तनका लागि सञ्चालित वर्गयुद्धका क्रममा बीचमा आइपर्ने जस्तासुकै षड्यन्त्रहरूलाई चिरेर अघि बढ्नुपर्ने तथ्य अघिसारेका छन्। मुक्तिका लागि निरन्तर क्रान्तिमा समर्पित सांस्कृतिक योद्धा इच्छुकको नेतृत्वमा अखिल नेपाल राष्ट्रिय जनसांस्कृतिक सङ्घ, एकता संयोजन समिति (पछि अखिल नेपाल जनसांस्कृतिक सङ्घ) को पुनर्गठन गरियो। समितिमा ऋषिराज बराल, मणि थापा, हितमान शाक्य, रायनलगायत १६/१७ जना संस्कृतिकर्मी लामबद्ध भए। यति बेलासम्म चारवटा पार्टी मिलेर नेकपा एकताकेन्द्रको निर्माण भइरहेको थियो।

संजमो नेपालको नामबाट २०४८ सालको संसदीय निर्वाचन उपयोग गर्ने, संसदीय व्यवस्थालाई भित्रै पसेर नाङ्गेझार पार्ने र विस्फोट गर्ने निर्णयसँगै नेकपा एकताकेन्द्रको नेतृत्वमा संजमोले चुनावमा भाग लियो। जनमोर्चाका तर्फबाट देशका विभिन्न भागबाट ९ जना सांसद चुनिए। रोल्पा, रुकुममा पञ्च-काङ्ग्रेसहरूको भ्रम चिर्दै संजमोले जनताको मन जितेपछि नेपाली काङ्ग्रेसको सरकारले कम्युनिस्ट दमन गर्ने अभियान नै चलायो। सरकारी दमनका विरुद्ध प्रतिरोध भयो। युवाहरू क्रान्तिकारी विचार र सङ्गठनमा गोलबन्द भए। यद्यपि निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध लडेर थबाङले शक्तिशाली प्रतिरोधी मोर्चाको स्थान सुरक्षित बनाइसकेको थियो।

यसैक्रममा २०४८ सालमा कृष्ण सेन 'इच्छुक' स्टाफ नर्स अध्ययन गर्दै गरेकी दाङकै तक्मा केसीका बीच जनवादी शैलीमा प्रेमविवाह सम्पन्न भयो। तक्मा केसीका दाजु चुनचुन केसी र इच्छुक पहिलेदेखिकै साथी थिए। दुवै विद्यार्थी राजनीतिमा सक्रिय थिए। दाजुसँग ओहोरदोहोर गर्ने इच्छुकको आनीबानी र बोलीचालीबाट प्रभावित तक्मालाई २०४५ सालमा नै विवाहका लागि प्रस्ताव गरिएको थियो। तक्माका बुबाआमाको अस्वीकृतिका कारण तीन वर्षसक्म इच्छुक र तक्माका बीच विवाह हुन सकेन, कहिलेकहीँ भेटघाट मात्र भयो। अन्ततः २०४८ सालमा पारिवारिक असहमति र अस्वीकृतिहरूलाई विश्वासमा रूपान्तरण गर्दै इच्छुक र तक्माबीच दाङमा वैवाहिक सम्बन्ध गाँसियो।

नर्सिङ विषय लिएर नेपालगन्जमा अध्ययनरत तक्मा र काठमाडौँमा राजनीतिक, साहित्यिक, सांस्कृतिक क्रियाकलापमा संलग्न इच्छुकका बीच भौतिक सामीप्य कमै भए पनि दुवैले एकापसको सम्बन्धलाई भावनात्मक सम्बन्धमा विकास गरे। २०४८ सालमा विवाह हुनासाथ पार्टीले केन्द्रीय समितिको जिम्मेवारी लिन गरेको प्रस्ताव इच्छुकले जीवनसँगिनी तक्मालाई सुनाएका थिए। राजनीति, संस्कृति र साहित्यका क्षेत्रमा क्रियाशील इच्छुक पूर्ण रूपमा पार्टीको नेतृत्व समालेर हिँड्ने कुरामा तक्मा र इच्छुकका बीच एउटै निर्णय र सहमति हुन नसकेपछि इच्छुकले साहित्य र संस्कृतिकै जिम्मा समालेर बस्ने दृढता व्यक्त गर्दै पार्टीको आह्वानलाई सम्मानपूर्वक फिर्ता गरिदिए। उनले आफू पदको लालसी नभएको पनि प्रमाणित गरिदिए।

पार्टीले संसदीय व्यवस्था उपयोग गर्दै चुनावमा भाग लिए पनि देश र जनताका पक्षमा कुनै काम हुन नसकेपछि एकताकेन्द्रभित्र पनि राजनीतिक विचार, योजना र कार्यक्रमका विषयमा मतभेद उत्पन्न हुन थाल्यो। दीर्घकालीन सशस्त्र जनयुद्धका पक्षधर र सहरी सङ्घर्षका पक्षधरबीच ध्रुवीकरण बढ्दै गयो। पुनः पार्टी विभाजन

... बाँकी पृष्ठ ७ मा

## जनयुद्ध सिजित ....

भयो । क्रान्तिकारी धारको नेतृत्व प्रचण्ड, मोहन वैद्य किरण, सीपी गजुरेल गौरवलगायत नेताले गरे भने पलायनवादी-संशोधनवादी धारको नेतृत्व निर्मल लामाहरूले गरे । नेकपा माओवादी र एकताकेन्द्रका रूपमा पुनः पार्टी विभाजन भयो । कृष्ण सेन 'इच्छुक' ले पार्टीको क्रान्तिकारी लाइनलाई नै साथ दिए । सशस्त्र जनयुद्धको लाइन पारित गरेपछि माओवादीको नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट देशमा जनयुद्ध सुरू भयो । संसदीय व्यवस्थाको असफलता, महाकाली सन्धिलगायतका राष्ट्रघाती सन्धि, सांसद् किनबेच, सुत्केरी भत्ता, पजेरो अपसंस्कृतिलगायतका विकृति र विसङ्गतिबाट वाक्कब्याक्क भएका जनता जनयुद्धमा लामबद्ध हुँदै गए । सामन्ती राजतन्त्रको अन्त्य, जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार तथा राष्ट्रियताको रक्षा जनयुद्धका आधारहरू बने । माओवादीका माग आमजनताबाट अनुमोदित भए । राज्यले माग सुन्ने र पूरा गर्ने त परै जाओस्, राज्यले जनयुद्ध सञ्चालक नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूमाथि निर्मम दमन गर्न थाल्यो । गोरखामा १३ वर्षीय छात्र दिलबहादुर रम्तेलको हत्या, रूकुममा खत्री बन्धुहरूको सामूहिक हत्या, सिन्धुलीमा देवकोटा र दाहाल बन्धुहरूको निर्मम हत्या, लली रोका र कमला बुढाहरूमाथिको निर्मम हत्या हुँदै नेपाली काङ्ग्रेस तथा कम्युनिस्ट नामधारी एमालेका सरकारहरूले आफ्नो वर्गचरित्र प्रस्ट देखाउन थाले । संसदीय राज्यसत्ताले मुक्तिको यात्रामा लामबद्ध किसान, मजदुर, महिला, विद्यार्थी र क्रमशः आमजनतामाथि किलो सेरा टु, कर्डन एन्ड सर्चलगायतका हत्याअभियान नै सञ्चालन गऱ्यो । के हिमाल, के पहाड, के तराई, के दलित, के महिला, के बुद्धिजीवी, पत्रकार, के कर्णाली सबैसबै वर्ग र क्षेत्र निरङ्कुश राजतन्त्रात्मक संसदीय व्यवस्थाका विरुद्ध एकजुट हुँदै र समाजका शोषक-जालीफटाहाका विरुद्ध गोलबन्द हुँदै गए । राज्यको दमनअभियान चर्किंदै गयो ।

२०५५ साल चैत ५ गते काभ्रेको अनेकोटमा सांस्कृतिक कार्यक्रमको तयारी गर्न एउटा घरमा भेला भएका च्याङ्बा लामालगायत सातजना जनकलाकारहरूमाथि एमाले नेताको सुराकीमा राज्यले नृशंस व्यवहार गऱ्यो । उनीहरू बसेको घरमा आगो लगाएर कतिपयलाई जिउँदै र ढोकाबाट घेरा तोड्न र बच्न बाहिर निस्किन लागेकाहरूलाई गोली हानेर हत्या गऱ्यो । मानिसको लेख्ने, बोल्न, गाउन, नाच्न, सभा-सङ्गठन गर्न र आफूलाई मन नपरेका कुराहरूको विरोध गर्न पाउने हकमाथि राज्यले प्रतिबन्ध लगायो । २०५५ साल पुस २१ गते बेथान वीरता दिवसका अवसरमा माओवादी छापामारहरूले ललितपुरको भट्टेडाँडा प्रहरीचौकी कब्जा गरे । चौकी जल्दै गरेको तस्बिर र समाचारलाई कृष्ण सेन 'इच्छुक' ले आफू सम्पादक भएको पत्रिका जनादेशमा भट्टेडाँडा 'प्रहरीचौकीमाथि माओवादीको साहसिक आक्रमण' शीर्षकमा प्रकाशित गरे । त्यसैको बहाना बनाएर जनपक्षीय पत्रकार सङ्घका संयोजक, जनादेशका पूर्वसम्पादक एवम् तत्कालीन सल्लाहकार वरिष्ठ पत्रकार शक्ति लम्साल, नौलो बिहानी मासिकका सम्पादकसमेत रहेका जनादेशका सहयोगी एवम् जनपक्षीय पत्रकार सङ्घका सचिव अशोक सुवेदी (यो लेखक), महिमा साप्ताहिकका रेवती सापकोटालगायत जनपक्षीय पत्रकारलाई राजधानीको मुटु बागबजारस्थित जनादेश साप्ताहिकको कार्यालयबाट गिरफ्तार गरियो । कसैलाई जेल पठाइयो भने कसैलाई बेपत्ता पारियो । इच्छुकले भूमिगत रूपमै जनादेश सञ्चालन गरे ।

यसरी राज्यले क्रान्तिकारी पार्टीका नेता, कार्यकर्ता र शुभचिन्तकदेखि आमजनतामाथि लगाएको प्रतिबन्धका विरुद्ध इच्छुकले 'प्रतिबन्ध' कविता लेखे :

तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
तिमी जतिसुकै जुलुम र उत्पीडन सुरू गर
सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र, सत्यलाई कैद गर
तर ए, तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौँ'..
अन्तिम जित हाम्रै हो
तिम्रो हारमाथि विजयको झन्डा गाड्दै
हामी भने अथक् र अविचल
अन्तिम युद्ध लडिरहन्छौँ ।
(इतिहासको यस घडीमा, पृ. ७२)

अत्याचारी शासकका विरुद्ध तिनैले समातेको हतियार खोसेर उत्पीडित जनताले तिनकै विरुद्ध प्रहार गरेको क्षण नेपालको राजनीतिक मात्र नभएर जनसांस्कृतिक इतिहासमा पनि अत्यन्त उच्च र उदात्त अनि बलिदानी र शौर्यचेतनाले भरिएको युग हो । कृष्ण सेन 'इच्छुक' ले जनयुद्धमा लामबद्ध योद्धा, महिला, किसान, ज्यामी, भरिया, तमाम शोषित, उत्पीडित जनताको शौर्यलाई आफ्ना सिर्जनामा अत्यन्त महङ्भ्व दिएर चर्चा गरेका छन् । 'इतिहासको यस घडीमा' शीर्षकको इच्छुकको कवितासङ्ग्रहका अधिकांश कविता इतिहास बदल्ने र नयाँ इतिहास लेख्ने वर्गयुद्धमा लामबद्ध जनताका तिनै विवेक, साहस, शौर्य र बलिदानप्रति समर्पित छन् । जनताको बलिदानीले नै अन्याय र अत्याचारका पर्खालहरू भत्किन्छन् भन्नेमा दृढ र विश्वस्त इच्छुकको 'सेतु जैसीको घर' शीर्षक कविताको एउटा अंश यस्तो छ :

तिमीसँग मान्छेको मन छ भने
तिमीभित्र आगो र जलन छ भने
आऊ, एकचोटि मेलगैरीमा आऊ
र मेरो छातीमाथि
बर्बरहरूको बीभत्स नाच हेर
हेर, नृशंस जल्लादहरूका टाउकामाथि
निर्लज्ज प्रजातन्त्रको ताज हेर
घरघर निहत्था मान्छेको सिकार खेल्ने
नरभक्षी कायरहरूको राज हेर ।
(पृ. ५३)

श्रमिक जनताको मुक्तिका लागि आरम्भ गरिएको जनयुद्धलाई सहयोग र समर्थन गर्ने जनतालाई यातना दिइदिई कायरतापूर्ण र बीभत्स हत्या गर्ने राज्यसत्ताको आततायी स्वभावको चर्चा गर्दै इच्छुकले यस कवितामार्फत सामन्त, पुँजीवादी र फासिवादीहरूले देखाउने गरेको 'प्रजातन्त्रु को सक्कली अनुहार सेतु जैसीको रक्तमुछेल घर र दृश्यको चित्रण गरी उदाङ्गो पारिदिएका छन् ।

वर्गयुद्धमा लामबद्ध चेतनशील मानिस त आफ्नो लुटिएको स्वत्व खोस्न उद्यत र सक्रिय हुन्छन् नै । वर्गयुद्ध लडिरहेको समाज र त्यो समाजको प्राकृतिक-सामाजिक वातावरण पनि युद्धमय बनिरहेको हुन्छ । चेतनहीन मानिसहरू मानिसको आवरणमा चट्टानजस्ता निर्जीव र स्थुल देखिन्छन् भने वर्गयुद्धमा लामबद्ध योद्धा र जनताका साथमा रहेको प्रकृति पनि योद्धाहरूझैँ वर्गयुद्धमा रमाइरहेका हुन्छन्, युद्धका साक्षी मात्र होइन, सहयात्री बनिरहेका हुन्छन् । कवि इच्छुकको 'सलाम जेलबाङ' कविताले योद्धाहरूको बस्ती र प्रकृतिलाई पनि यसरी मानवीकरण गरेको छ :

चट्टानजस्तै दृढ र निर्भीक देखिन्छन्
गाम र फगामहरू
इस्पातजस्तै धारिला देखिन्छन्
जैमकसला, सेरम र तेबाङहरू
रक्तिम वर्गसङ्घर्षको नयाँ साँचोमा ढलेर
युगनायक बनिरहेछन्
हाम्रा भिमल र थबाङहरू
बलिरहेछ जहाँ
आगो जनसङ्ग्रामको
तातो-तातो र झरिलो आगो एकनाश
र लेखिरहेछ
समयको स्वर्णीम किरणले
उदीयमान युगको नयाँ इतिहास
(पृ. ६४)
अझ अगाडि इच्छुक लेख्छन् :
पहाड-पहाड होइन यो बेला
लालयोद्धा बनिरहेछ
जङ्गल-जङ्गल होइन यो बेला
छापामार दस्ता बनिरहेछ
प्रतिरोध क्याम्पमा
मोर्चाबद्ध भएका छन् गाउँहरू
सगरमाथाले
धरतीको शिखरमाथि
लालध्वजा फहराइरहेछ ।
(पृ. ६५)

कृष्ण सेन 'इच्छुक' प्रखर देशभक्तिपूर्ण चेत भएका कवि थिए । अन्तर्राष्ट्रियतावादी/साम्यवादी दर्शन बोकेर सिर्जनकर्ममा लागेका इच्छुक मानिसमाथि मानिसले शोषण र थिचोमिचो जारी राखेसम्म सर्वहारा मनवतावादका पक्षमा र एउटा देशले अर्को देशमाथि जालझेल र दमन गरेसम्म देशभक्तिपूर्ण लडाइँ लडिरहनुपर्ने विचारमा प्रतिबद्ध देखिन्छन् । 'इतिहासको यस घडीमा' भित्रको 'प्रतिबन्ध' कविताको एउटा अंशले इच्छुक देशीविदेशी अत्याचारीहरूका विरुद्ध एकसाथ लडिरहन र विजयको पथमा लम्किरहन इच्छुक र लालायित थिए भन्ने देखाउँछ :

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ'

इच्छुकले चाहेको यही सर्वहारा वर्गको मुक्तिको गीत, देशभक्तिले ओतप्रोत गीत आज जनजनका ओठमा झुन्डिएको छ । इच्छुकले सामन्ती समाजले दलित भनेर हेला, अपमान र तिरस्कार गरेका दलित समुदाय, साहूसामन्त र पुँजीपतिहरूले श्रम, सीप र जोबनको रस चुसी छोक्रा बनाएर फालेका मजदुर, राज्यसत्ता र शोषणमूलक चिन्तन भएका पुरुष र पुरुषवादी चिन्तनहरूले उपभोग्य वस्तु तथा दोस्रो दर्जाको नागरिक बनाएर श्रम र यौन लुटिरहेका महिला, वर्गयुद्धमा आफ्नो रगत र शरीरले धर्ती भिजाएर दुस्मनलाई रगतको बाढीले बगाइदिने देशविदेशका सहिद, अत्याचार र शोषणबाट मुक्ति पाउने महान् यात्रामा लामबद्ध हुँदाहुँदै सत्ताले हिरासत र जेलका चिसा छिँडीमा यातना दिएर सडाएका देशविदेशका क्रान्तिकारी योद्धा र क्रान्तिका नायकहरू सबैसबैलाई स्मरण गर्दै र आदर्श बनाउँदै सिर्जना गरेका छन् भने संसारका कुनै पनि मुलुकका सामन्ती, पुँजीवादी, विस्तारवादी, साम्राज्यवादी, जातिवादी, रङवादी, क्षेत्रीयतावादी शासक र तिनका मतियारहरूलाई एउटै कोटी र एउटै अचानोमा राखेर विचार र सिर्जनाको हतियारले छ्याकछ्याक पारेका छन् । इच्छुकका सिर्जनामा वर्गमित्रहरूप्रति जति धेरै न्यानो माया, ममता, सद्भाव र आत्मीयता देखिन्छ, वर्गवैरीविरुद्ध त्यति नै बढी घृणा, आक्रोश र वैमनस्य अभिव्यक्त भएको पाइन्छ ।

'बन्दी र चन्द्रगिरि' कवि इच्छुक भट्टेडाँडाकाण्डमा २०५६ साल वैशाखमा जेल परेपछि जेलभित्रै गरिएको काव्यात्मक सिर्जना हो । जीवनको भर्भराउँदो उमेरका ८ वर्षभन्दा बढी समय जेल र हिरासतका बर्बर क्षणहरूलाई पनि देश, जनता र क्रान्तिका पक्षमा उपयोग गरेका इच्छुकले यस कृतिमा पनि अन्य कृतिमा झैँ क्रान्तिको अनिवार्यता र विजयको अवश्यंभावितालाई कलात्मक ढङ्गले अभिव्यक्त गरेका छन् । यस काव्यभित्रको देशभक्तिपूर्ण चेतना र दुष्टहरूका विरुद्धको घृणाको एउटा ज्वलन्त उदाहरण यस्तो छ :

मैले मेरो महान् राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरुद्ध
मुट्ठी उठाएर मुर्दावाद भन्न किन नपाउनू ?
लुकेर देशको छातीमा तीर चलाउने
ए, मैरै देशका शिखण्डीहरू हो !
तिम्रो पाखण्डपनका विरुद्ध
मैले तिमीलाई घृणाले धिक्कार गर्न किन नपाउनू ?
(मेरो छातीभित्र मुटुमा छ मेरो देश)

इच्छुक सफल प्रगतिवादी/मार्क्सवादी स्रष्टा हुन् । जीवनका महत्वपूर्ण र ऊर्जाशील समय जेलमा बिताउन विवश इच्छुकले जेलको समयको अत्यधिक सदुपयोग गरेका छन् र त्यो पनि साहित्यसिर्जनामा । शोकाञ्जली (२०४२) होस् वा इतिहासको यस घडीमा (२०५६), बन्दी आवाज (२०५७, अप्रकाशित) होस् वा बन्दी र चन्द्रागिरि, अधिकांश कविता र काव्य इच्छुकले जेलभित्रै सिर्जना गरे ।

मार्क्सवादप्रतिको जब्बर निष्ठा र आस्थाका कारण इच्छुकका सम्पूर्ण रचना वर्गप्रेमले ओतप्रोत छन् र आफ्नो वर्गप्रति पूर्णतः समर्पित छन् । जनयुद्धले सिर्जना गरेको नयाँ यथार्थको चित्रण होस् वा नयाँ यथार्थको निर्माणमा होस्, इच्छुक उत्तिकै प्रतिबद्ध र अविचलित देखिन्छन् । सर्वाहारा वर्गप्रतिको निष्ठा र आस्थालाई इच्छुकले आफ्नो 'अजम्मरी सपना' कवितामार्फत यसरी प्रकट गरेका छन् :

सोझै क्रूर गोलीले उडाऊ
या हुरहुर जिउँदै आगोमा जलाऊ
काटेर टुक्राटुक्रा पार
या ताछेर मासुको अम्बार लगाऊ
शुष्क हाडहरूको पहाड ठड्याऊ
या रक्तको नदी बगाऊ
नयाँ प्रभातका उज्याला प्रकाशहरूलाई
बेपत्ता पारेर जतिसुकै लुकाऊ
नरसंहारको ताण्डव नृत्य नाच
या बीभत्स मृत्यु-उत्सव मनाऊ
कतै मन्द सास पनि तुफान बन्ला
मुटुका धड्कनहरूलाई धुलीसात तुल्याऊ
तर पनि मर्दैन कहिल्यै हाम्रो आस्थाको अजम्मरी सपना ।
(इच्छुक रचनावली, भाग-२, पृ. १४१)

कवि इच्छुकका कविता होऊन् वा लेख, संस्मरण र चिठी, सबैसबैमा वर्गपक्षधरता स्पष्ट छ । मालेमावादको आलोकमा गति लिइरहेको महान् जनयुद्धका क्रममा इच्छुकले आफ्नो वर्गका लागि उदात्त भावद्वारा वर्गयुद्धमा लामबद्ध हुँदाहुँदै जीवन आहुत गर्ने र बलिदान गर्ने हजारौँ सहिदका सपनाको सूक्ष्मतर अध्ययन गर्ने अवसर पाएका छन् । एक छिनअघि आफूसँगै मोर्चा लड्दालड्दै बलिदान भएको साथीका बारेमा कविता, गीत संस्मरण वा कथा लेख्ने योद्धा एकैछिनपछि सहिद भएको र उसैका बारेमा युद्धमा बचेको अर्को योद्धाले रचना गरेको कविता, गीत, गजल वा संस्मरण सम्पादन र प्रकाशन गर्ने अवसर पनि पाएका छन् । इच्छुकले आफू सम्बद्ध कलम, योजना, जनादेश वा जनदिशामा यसप्रकारका सहिदका रचनाहरू सम्पादन र प्रकाशन गरेका छन् । स्वयं आफैँसँग काम गरेका, खाइखेली गरेका साथीहरू युद्धमा होमिएका र सहिद बनेका प्रसङ्गहरू इच्छुकले नजिकबाट अनुभूत गर्ने अवसर पाएका छन् । हजारौँको रगत बगेको र लाखौँ-करोडौँ मानिसलाई साथमा लिएर अघि बढेको जनयुद्ध अन्तिम र समग्र युद्ध हो भन्ने विषयमा इच्छुकमा कत्ति पनि द्विविधा देखिँदैन । त्यसैले उनले जारी वर्गयुद्ध विजयमा टुङ्गिन्छ र त्यसले नयाँ समाज, नयाँ संसार अर्थात् महान् साम्यवादी समाज निर्माण गरेरै छोड्छ भन्नेमा पूर्ण विश्वस्त भएर सिर्जना गरेका छन् । 'बन्दी र चन्द्रागिरि' मा उनी लेख्छन् :

लामो अँध्यारो रातपछि
झलमलाउने उज्यालो प्रभातजस्तै
आजको कालो अँध्यारो रात चिरेर
हाम्रो आस्थाको साम्यवाद
एक न एक दिन जरूर झुल्कनेछ
हाम्रो निष्ठाको बीजबाट
एक न एक दिन जरुर
नयाँ जीवनको नवाङ्कुर फुट्नेछ
र एक न एक दिन जरूर
हाम्रो सुखद र ऐश्वर्यपूर्ण भविष्यको
सुन्दर सयपत्री फूल्नेछ ।
(इच्छुक रचनावली, भाग-१, पृ.५५)

जारी वर्गयुद्धकै बीचबाट एक दिन साह्रा शोषणदमन र अत्याचार समाप्त भएर समानतामूलक, शोषण-उत्पीडनरहित साम्यवादी समाज निर्माण भएरै छोड्नेमा इच्छुक यसरी पूर्णतः आशावादी देखिन्छन् :

साँचो अर्थमा जबसम्म
मानिस मानिस बन्न सक्नेछैन
साँचो अर्थमा जबसम्म
जीवन जीवन बन्न सक्नेछैन
र साँचो अर्थमा जबसम्म
आजको यो कुरूप धर्ती
मानवजातिको सुन्दर बस्तीमा बदलिने सक्नेछैन
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्कल्पको यात्रा
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्घर्षको यात्रा ।
(ऐ, पृ, ५६)

क्रान्तिकारीहरू निरङ्कुश शासनका जस्तासुकै कठोर योजना र हर्कतहरूलाई पनि निष्काम पार्न सफल हुन्छन् । आमूल परिवर्तनका पक्षधरलाई अन्यायी शासकका जस्तासुकै षड्यन्त्रहरू र क्रियाकलापहरू पनि अस्वीकार्य हुन्छन् । पञ्चायती व्यवस्था होस् वा बहुदलीय व्यवस्था श्रमिक र सर्वहारावर्गका लागि प्रकारान्तरले बराबरजस्तै थिए । झन् सामन्ती राजतन्त्रसहितको विकृत संसदीय व्यवस्था अथवा भनौँ नेपालको अर्धसामन्ती र अर्धऔपनिक अवस्थाको अन्त्य गरी नयाँ जनवादी व्यवस्था हुँदै समाजवाद र साम्यवादसम्मको यात्रा तय गर्ने आन्दोलनको नयाँ कडी वर्गसङ्घर्षको उच्च-उदात्त रूप सशस्त्र जनयुद्धको आरम्भ भएपछि क्रान्तिकारीहरूका विरुद्ध देशीविदेशी शक्तिहरूको पनि शक्तिशाली गठबन्धन बन्यो ।

जनयुद्ध समाप्त पार्न र क्रान्तिकारीहरूलाई नष्ट पार्न देशीविदेशी शासकहरूले दुनियाँका क्रान्तिकारी आन्दोलन/युद्ध सिध्याउन प्रयोग भइसकेका बासी, क्रूर र बदनाम शैलीहरूको प्रयोग गरियो । बुर्जुवाहरूले न्वारानदेखिको बल लगाएर दाबी गर्दै र चिच्याउँदै आएको प्रेस स्वतन्त्रताको धज्जी उडाउँदै २०५५ साल पुस २१ मा ललितपुरको भट्टेडाँडा प्रहरीचौकीमाथिको कारबाहीका विषयमा जनादेश साप्ताहिकमा प्रकाशित समाचारकै विषयलाई लिएर कृष्ण सेन 'इच्छुक' सम्पादक रहेको उक्त साप्ताहिक पत्रिकाको सम्पूर्ण कार्यालय नै कब्जा गरेको थियो । दुस्मनलाई उसकै राजधानीमा धुलो चटाउँदै हराउने छापामार योद्धाहरूलाई भेट्न नसकेपछि नेपाली काङ्ग्रेसको आततायी सरकारले कयौँलाई मध्यरातमा भट्टेडाँडा लगेर कायरतापूर्वक हत्या गर्ने षड्यन्त्र गरेको थियो । इच्छुक त्यस समयमा राज्यको खुनी पञ्जाबाट बचे । तर २०५६ साल वैशाख ६ गते उनलाई राज्यले कायरतापूर्वक गिरफ्तार गऱ्यो एउटा होटेलमा खाना खाँदै गरेको समयमा । जनयुद्धको सफलता र उत्कर्षका कारण छट्पटाइरहेको राज्यसत्ताले इच्छुकलाई बिनापुर्जी गिरफ्तार गऱ्यो र भद्रगोल जेलमा कैद गऱ्यो । उनलाई जेल हाल्नुपर्ने कानुनी आधार नभेटिएपछि हातहतियार र खरखजानासम्बन्धी भूटा मुद्दा लगाएर उनलाई तराईका विभिन्न प्रहरीचौकी घुमाउँदै सिराहा जेल पुऱ्यायो । सतहमा शान्त र सौम्य देखिने तर भित्र हृदयमा समुद्रका उत्ताल तरङ्ग र ज्वारभाटा निर्माण गरिरहेका इच्छुक पत्रकार महासङ्घ र प्रगतिशील लेखक सङ्घका राष्ट्रिय पार्षद् बनाइए जेलमै । पत्रकार, साहित्यकार, अधिकारकर्मी, राजनीतिक पार्टी सबैतिरबाट उनको रिहाइका लागि जोडदार आवाज उठ्यो । उनले जेलभित्रैबाट विचारोत्तेजक दुईवटा अन्तर्वार्ता दिए । एउटा पहिला आफैँ सम्पादक बनिसकेको ' कलम' साहित्यिक त्रैमासिकलाई र अर्को उदयपुरबाट प्रकाशन गर्न लागिएको 'सहयात्री' पत्रिकालाई । उनले जेलबाट छुटेपछि नौलो बिहानी मासिकलाई पनि एउटा विचारोत्तेजक अन्तर्वार्ता दिए ।

क्रान्तिकारीहरू प्रतिकूलतालाई अनुकूलतामा बदल्न खप्पिस हुन्छन् । उनीहरू दुस्मनले जहाँ टेक्यो, त्यहीँ पड्कने विचार, कला र योजना कार्यान्वयन गर्न पनि सिपालु हुन्छन् । त्यतिबेला इच्छुकको दोस्रो कवितासंग्रह 'इतिहासको यस घडीमा' भर्खरै प्रकाशित भएको थियो । जनपक्षीय साहित्यिक क्षेत्रमा पनि इच्छुक चर्चा र चासोको विषय बनिरहेका थिए । इच्छुकले भद्रगोलदेखि सिराहा जेलसम्मका बसाइलाई युद्धको नयाँ ट्रेन्चमा रूपान्तरण गरे । दर्जनौँ लेख, संस्मरण, कविता र चिठीहरूमार्फत उनले बाहिर चर्किरहेको जनयुद्धको ज्वालालाई भित्रैबाट चरू र समिधा थपिरहे । उनको कालजयी कृति ' बन्दी र चन्द्रगिरि' भद्रगोलदेखि सिराहासम्मको कैदी अवस्थामै लेखियो । उनले शासकहरूका हरप्रतिबन्ध, दमन र षड्यन्त्रलाई 'प्रतिबन्ध' कविताबाट यसरी चुनौती दिए :

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ ।
हाम्रा विचारमा प्रतिबन्ध लगाउँदै
तिमी भन्छौ - लेख न त लेख
तर यो गीत नलेख
हामी भने त्यही गीत लेखिरहन्छौँ ।
(इच्छुक रचनावली भाग-२, पृ-१००)

इच्छुकले यस रचनामा क्रान्तिकारीहरू अत्याचारी शासकका हरेक हथकण्डालाई चिर्दै आफ्नो यात्रा निरन्तर जारी मात्र राख्दैनन्, सीधै चुनौती र चेतावनी पनि दिएर क्रान्तिकर्म पूरा गर्न उद्यत रहन्छन् भन्ने विषय यसरी अझ प्रस्ट पारेका छन् :

ओ, शासक-प्रशासकहरू !
अस्वीकार्य छ हामीलाई
तिम्रा निरङ्कुश आदेशहरू
तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
सक्छौ भन हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र सत्यलाई कैद गर
तर ओ, तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौँ ।
(ऐ. पृ- १०१)

इच्छुकले कविताबाट जसरी निरङ्कुश शासकहरूलाई तिनका साह्रा हर्कतका विरुद्ध लड्ने चेतावनी दिए, जीवनमै पनि त्यही गरेर देखाए । उनले मानिसको शरीर र शरीरका बाह्य अङ्गहरूलाई मात्र होइन, सक्छौ भने उनका चेतनशील, क्रान्तिकारी मस्तिष्कहरूमा प्रतिबन्ध लगाएर सत्यलाई कैद गर्नेहरूलाई ललकारे । इच्छुकलाई जेलबाहिर बस्दा पनि र जेलभित्रै पनि थाहा थियो- विचार र चेतनाद्वारा सञ्चालित महान् जनयुद्धको प्रक्रियामा देश र विदेशमा पनि हजारौँ मानिसले, क्रान्तिकारी योद्धाले शासकहरूको प्रतिरोध गरिरहेका छन् र आफू रहेको ठाउँलाई शक्तिशाली युद्धको ट्रेन्च बनाइरहेका छन् । लडेर, घाइते बनेर, थुनिएर र मरेरै भए पनि क्रान्तिकारी योद्धाहरूले अत्याचारी शासकहरूलाई खुलमखुला हाँक दिइरहेको कुरा अनुभूत गरिरहेका इच्छुकले तिनै क्रान्तिकारी चेतना र भावनाहरूलाई मूर्तीकृत र संश्लेषित गर्दै आफ्ना जब्बर आस्था र निष्ठालाई 'बन्दी र चन्द्रागिरि' मा यसरी अभिव्यक्त गरेका छन् :

जबसम्म यो कुरूप धर्ती
मानवजातिको सुन्दर बस्तीमा बदलिन सक्नेछैन
तबसम्म जारी रहनेछ
सुन्दर संसार निर्माण गर्ने
हाम्रो सङ्कल्पको यात्रा
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्घर्षको यात्रा
र एक न एक दिन जरूर
हाम्रो विश्वासको सभ्य संसार हाम्रो गुलाफी विपनामा फेरिनेछ
र यो एक्काईसौँ शदी
हाम्रो मुक्तिको महान् शदी हुनेछ
र यो तेस्रो सहस्राब्दी
हाम्रो विजयको महान् सहस्राब्दी हुनेछ ।

दुष्ट शासकहरू आफ्नो पलपल मृत्युको मुखतिर गइरहेको आयु जोगाउन अर्धपागल र बेहोस भएर बर्बराइरहेको समयमा इच्छुक भने सिङ्गो शताब्दी र अझ हजार वर्षको अवधिकै मूल्याङ्कन गरिरहेका थिए र तेस्रो सहस्राब्दी नै सर्वहारावर्गको विजयको अवधि हुने भव्य घोषणा गरिरहेका थिए । एक पल पछि के हुन्छ भन्नेसम्म थाहा नपाएर छट्पटाइरहेका, चिच्याइरहेका र क्रान्तिकारीहरूमाथि गोली बर्साइरहेका नराधमहरूले एक हजार वर्षको सर्वहारावर्गको युगको खाका कोरिरहेका इच्छुकको मस्तिष्कलाई बुझ्न त के खुड्याउनसक्ने क्षमतासम्म नभएको सहजै थाहा पाउन सकिन्छ । कालजयी प्रगतिवादी रचनाहरूका स्रष्टा इच्छुकले समाजको शोषणदोहनबाट उत्पीडित महिला, मजदुर, दलित अनि सामन्ती राज्यसत्ताको कोपभाजनको सिकार बनेका तराई, मधेस र कर्णाली तथा दूरदराजका श्रमिक-किसानको अवस्थालाई मन छुने ढङ्गबाट कवितामा उतारेका छन् । इच्छुकको जीवन र सङ्घर्ष नै सुन्दर कविताजस्तो देखिन्छ । शोषण र दोहनको उल्झनमा परिरहेको श्रमजीवी मानवसमुदायको मुक्तिका लागि अहोरात्र राजनीतिक, सांस्कृतिक र साहित्यिक क्षेत्रबाट खटिरहेका इच्छुकलाई अन्धकारका पक्षपातीहरूले २०५९ साल जेठ ६ गते झुक्याएर कायरतापूर्वक गिरफ्तार गरे र महेन्द्र पुलिस क्लब पुऱ्याए । सापेक्ष शान्तिका लागि जीवन अर्पण गरेका इच्छुकलाई भेटेपछि लाछीहरूले भोको स्यालले सिकार भेटेझैँ झम्टिए, क्रूर यातना दिए । सिङ्गो मुलुकलाई नै मानव बधशालामा रूपान्तरित गरिरहेका नरपिशाचहरूले इच्छुकसँग जनयुद्ध सञ्चालन गरिरहेका माओवादी पार्टीका उच्च तहका नेताहरूको आश्रयस्थल देखाइदिन र उनीहरूलाई पक्डाउन दबाब दिए । क्रान्तिको महान् यात्रामा जनताको मुक्तिको महायज्ञमा लामबद्ध बनिरहेको पार्टीनेतृत्वलाई पोलेर कायरतापूर्ण र मृत्युसरह जीवन जिउनुभन्दा हाँसीहाँसी मृत्यु वरण गर्नु इच्छुकका लागि स्वीकार्य भयो । मानवसभ्यतालाई नै गिज्याउने गरी निहत्था इच्छुकको शरीरमा हजारौँ कोर्राहरू बर्सिए । करेन्ट लगाइयो त्यो स्पाती दृढता बोकेको महान् मान्छेको शरीरमा । उनलाई पानीमा डुबाइयो । नङबाट पिन छिराइयो । तर पनि उनी गलेनन् ।

राजतन्त्रका विरुद्ध लड्दिनँ भन्ने मृत्युपत्रमा सहीछाप गर्न मानेनन् इच्छुकले । मालेमावाद विचार रक्तरक्तमा दुगुरिरहेको थियो इच्छुकको । कायर र गद्दारहरूले इच्छुकलाई बुझाएर आफू बाँच्ने घृणित र निच षड्यन्त्र गरे पनि इच्छुकले ती सबै दुष्टताहरूलाई फिक्का साबित गर्दै आफू र आफू संलग्न पार्टी, सत्यका लागि, असत्यको अन्त्यका लागि निरन्तर लागिरहने उद्घोष गरे र हाँसीहाँसी महान् मृत्यु वरण गरे ।

आततायी शासनको रक्षा गर्ने कबोल गरेका प्रहरी नामका जल्लादहरूले आफूले चाहेको जबाफ दिएमा ठूलो सुखसुविधा दिने प्रलोभन पनि दिए इच्छुकलाई । राम्रो जागिर, सम्पत्ति र ' पदप्रतिष्ठा' दिने लोभ पनि देखाए तर इच्छुकका लागि देश, जनता र विश्वसर्वहारावर्गको मुक्तिबाहेक अरू सबै व्यक्तिगत सुखसुविधा तुच्छ र तृणबराबर थिए । इच्छुकले ती दुष्टहरूलाई ललकार्दै देश र जनताको मुक्तिको गीत गाए :

मैले चाहेँ- आँधी र हुरीमय जीवन
मैले चाहेँ- सधैँसधैँ सार्थक र गरिमामय जीवन
मैले कुरूपताहरूबीच पनि सधैँ
जीवनको सुन्दरता खोजेँ
अर्थ खोजेँ, महत्व खोजेँ
र सधैँ नीचता र दुष्टताहरूलाई
हरपल घृणाले पिच्च थुकेँ ।

तानाशाहहरूका निर्घृणी साह्रा हर्कतहरूलाई पिच्चपिच्च थुक्दै इच्छुकले देश र जनताको मुक्तिको गीत गाइरहेको उनीहरूलाई मनपरेन, मन पर्ने प्रश्न पनि थिएन । उनलाई गौरवशाली मृत्यु र कायरतापूर्ण जीवनमध्ये एउटा रोज्न भनियो । उनले हाकाहाकी भनिदिए-

म त चाहिरहेछु फगत
मेरो देशको छातीमा
अन्तिम गोली थाप्ने पछिल्लो सिपाही बन्न
म त चाहन्छु
मेरो लाभका निम्ति
देशमा ब्रह्मलुट मच्चाउने छुट
मैले पाउनु हुँदैन
म त चाहन्छु
मेरो स्वार्थका खातिर
देश बन्धकी राख्ने छुट
मैले पाउनु हुँदैन
मेरो सुखसयलका निम्ति
अरू कसैले नर्कको दुःख पाउनु हुँदैन ।

जनतालाई हरिकङ्गाल पारेर देशलाई विस्तारवाद तथा साम्राज्यवादको पाउनमा सुम्पेर अत्याचारी शासन लादिरहन चाहने राष्ट्रघातीहरूलाई ललकार्दै, जनद्रोहीहरूलाई चेतावनी दिँदै इच्छुकले औँला ठड्याएर भनिरहे-

मैले मेरो राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरुद्ध
मुट्ठी उठाएर मुर्दावाद भन्न किन नपाउनू ?
लुकेर देशको छातीमा तीर चलाउने
ए ! मैरै देशका शिखण्डीहरू हो
तिम्रो पाखण्डीपनका विरुद्ध
मैले तिमीलाई घृणाले धिक्कार गर्न
किन नपाउनू ?

मध्ययुगीन बर्बरता मच्चाएर कालरात्री टिकाउने दुःस्वप्न देखिरहेका बगरेहरूले इच्छुकको चट्टानी दृढताबाट पूर्णतः हार खाए र गोलीसमेत खर्च नगरी कठोर यातनाबाट हत्या गर्ने निर्णय गरे । इच्छुकले यातना, प्रताडना र बेहोसीकै बीचमा मुट्ठी उठाएर कसम खाए-

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ- गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ ।

यसरी आदर्श नायक कृष्ण सेन 'इच्छुक' ले देश र जनताको मुक्तिको गीत गाउँदागाउँदै ४६ वर्षको उमेरमै २०५९ साल जेठ १३ गते मानव बधशाला महेन्द्र पुलिस क्लबको यातनागृहमा गर्विलो मृत्युलाई स्वीकार गरे । उनी हाम्रा आदर्श हुन् । जनयुद्धबाट प्राप्त नयाँ यथार्थलाई तिलाञ्जली दिने षड्यन्त्र भइरहेको समयमा हामीले इच्छुकका आदर्शहरूलाई हृदयदेखि नै अवलम्बन गर्न, अधुरो जनयुद्धलाई विजयसम्म पुऱ्याउन अपरिहार्य बनेको नयाँ जनविद्रोहको मार्गमा लाग्न र क्रान्तिको झन्डा उठाउन ढिलो भइसकेको छ । कम्युनिस्ट आन्दोलनको रङ खुइल्याउन यतिबेला विभिन्न क्याम्पहरूबाट भड्किला रङहरूको प्रवेश गराउने होड चलेको छ । भड्किलो रङ टिकाउ हुन्न भन्ने कुरा पनि हामीले बुझ्नु आवश्यक छ । जनयुद्ध जारी रहुन्जेल यसलाई फासिवाद र आतङ्क देख्ने अनि युद्ध समाप्त भएको घोषणा गरी संविधानसभाबाट ठूलो पार्टी बनेको पुष्टि भएपछि रातारात 'क्रान्तिकारी' बनेर छिर्नेहरूबाट इच्छुकको आदर्श पालना होला, नेपालमा जनविद्रोह सम्पन्न भएर सर्वहारावर्गको राज्यसत्ता स्थापना होला भन्ने आशा गर्नु गोरू ब्याउला र बिगौती खाउँला भन्नुजस्तै हो ।

यतिबेला मन, वचन र कर्मले त्याग, वीरता, शौर्य र बलिदानका पर्याय आदर्श नायक इच्छुक नै हाम्रो सांस्कृतिक आन्दोलनका आदर्श हुन् । उचाइ बनाइसकेको व्यक्तित्वलाई कसैले ईर्ष्याले उचाइ घटाउन र सांस्कृतिक आन्दोलनलाई भड्खालामा पार्न खोज्छ भने प्रतिध्रुवीय वर्गसँगै इतिहासले नै त्यो प्रवृत्तिलाई समाप्त पारिदिनेछ ।

(आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक', २०६५ बाट । २०७६ जेठ १७ गते शुक्रबार प्रकाशित यो लेख २१ औं इच्छुक स्मृति दिवसका सन्दर्भमा सामान्य परिमार्जनसहित पुनः प्रकाशित गरिएको हो ।)

हुलाक द. नं. १५/०७८/७९ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ७, अङ्क ४३, पूर्णाङ्क ३१३
रातो खबर

नियमित

# बेपत्ता योद्धाको कि सास दे, कि लास दे !


झनक श्रेष्ठ

जेठ ७ गते अर्थात् बेपत्ता योद्धा स्मरण दिवस। यो दिवस नेपालमा राज्यद्वारा बेपत्ता योद्धाहरूको सम्मानमा प्रत्येक वर्ष विभिन्न कार्यक्रम गरेर उहाँहरूको सम्झना गर्ने गरिन्छ। जेठ ७ गतेलाई बेपत्ता योद्धा दिवस भनिए पनि बेपत्ता योद्धाका परिवारले आफन्त बेपत्ता भएको दिन पारेर सम्मान र सम्झना गर्दै आएका छन् ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) महान् जनयुद्ध लडिरहेको बेला सरकारले एक हजारभन्दा बढी योद्धालाई बेपत्ता बनाएको थियो । आजसम्म पनि उनीहरूको अवस्था अज्ञात छ । देशमा शान्तिप्रक्रिया सुरु भएको र गणतन्त्र घोषणा गरिएको डेढ दशक बित्न लाग्दा पनि बेपत्ता नागरिकहरूको अवस्था सार्वजनिक गरिएको छैन। यो अत्यन्त दुःखको कुरा हो।

महान् जनयुद्ध सुरु भएपछि तत्कालीन राज्यले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का नेता, कार्यकर्ता, समर्थक, शुभचिन्तक र जनतालाई माओवादीको आरोप लगाई हत्या गर्नुका साथै बेपत्ता बनाएको थियो। जनयुद्धकालमा यसरी बेपत्ता पार्ने क्रम २०५४ सालमा कास्कीका फणिन्द्र सिम्खडालाई गिरफ्तार गरेपछि भएको थियो। त्यसपछि २०५५ सालमा तत्कालीन नेकपा (माओवादी) का केन्द्रीय सदस्य दण्डपाणि न्यौपाने (शर्मा), पत्रकार मिलन नेपाली, नवीन गौतम, कमला शर्मालाई काठमाडौँको सुन्धाराबाट गिरफ्तार गरेर बेपत्ता पारेको थियो। यो दिन कालो दिनका रूपमा पनि कुख्यात छ। उनीहरूलाई बेपत्ता बनाएको केही समयपछि प्रधानमन्त्री बन्न पुगेका कृष्णप्रसाद भट्टराईले 'दे आर अलरेडी किल्ड' अर्थात् उनीहरू सबै मारिइसके भनेका थिए।

जनयुद्धको विकाससँगै शेरबहादुर देउवाको सरकारले देशमा सङ्कटकाल घोषणा गरेको थियो। देशैभरि सेना परिचालन पनि गरेको थियो। माओवादी नेताहरूका नाममा रेड कर्नर नोटिस जारी गर्दै टाउकाको मोल पनि तोकेको थियो। यही समयमा तत्कालीन राज्यसत्ताले योद्धा तथा नागरिकहरूलाई बेपत्ता पार्ने काम तीव्र पारेको थियो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको पालामा राज्यले ४ सयजनालाई गिरफ्तार गरी बेपत्ता पारेको थियो । यसरी २०५४ सालदेखि २०६३ सालसम्म जोजति प्रधामन्त्री वा राज्यप्रमुख हुन पुगे, उनीहरूका पालामा राज्यद्वारा बेपत्ता पार्ने काम भइराख्यो। अखिल (क्रान्तिकारी) का तत्कालीन महासचिव पूर्ण पौडेल, विद्यार्थी नेताहरू विपीन भण्डारी, नवीन राईहरूलाई पनि बेपत्ता पारिएको थियो। तत्कालीन शाहीसेनाले भैरवनाथ गणबाट कौशल्या पोखरेल, धीरेन्द्र बस्नेत, निश्चल नकर्मी, ज्ञानेन्द्र त्रिपाठीलगायत ४९ जनालाई बेपत्ता पारेको थियो।

जुन लक्ष्य र उद्देश्य लिएर जनयुद्धको घोषणा गरिएको थियो, २०६३ पछि जनयुद्धका नेताहरू प्रचण्ड, बाबुराम र बादलहरूले चटक्कै छाडिदिए । उनीहरूले नेपाली क्रान्तिलाई त छाडिदिए नै जनयुद्धमा ज्यान गुमाएका, बेपत्ता पारिएका र घाइते बनाइएकाहरू र उनीहरूका परिवारलाई पनि छाडिदिए । शान्तिप्रक्रियासँगै प्रचण्ड र बाबुरामहरू सरकारमा पुगिरहेका छन् । बाबुराम प्रधानमन्त्री हुँदा भैरवनाथ गणबाट बेपत्ता पार्ने मुख्य व्यक्तिका रूपमा कुख्यात राजु बस्नेतलाई कारबाही गर्नुको सट्टा उल्टै बढुवा गरेका थिए।

प्रचण्ड दुईपटक प्रधानमन्त्री बनिसकेका छन् । बाबुराम त अहिले जनयुद्धलाई नै तिरस्कार गर्दै मार्क्सवादको विरोध गर्दै हिँडेका छन् । प्रचण्ड अध्यक्ष भएको पार्टीको सरकार यसअघि पनि बन्यो। एमालेमा विलय भइसकेपछि प्रचण्ड नेतृत्वको माओवादी केन्द्र विलय हुँदै गर्दा नै शान्तिप्रक्रियासँगै उनीहरूले छाड्दै गरेको क्रान्तिकारी विचार र राजनीतिमा बचेखुचेका सबै अवशेषहरूलाई खरानी बनाए। तत्कालीन जनयुद्धका नायक मानिएका प्रचण्ड, बाबुराम, बादल सत्तामा पुगे पनि बेपत्ता योद्धाहरूको अवस्थाका बारेमा केही काम नगरेको बेपत्ता योद्धाहरूका परिवारहरूको भनाइ छ। प्रचण्ड, बाबुराम, बादल र पछिल्लो समयमा नेत्रविक्रम चन्द 'विप्लव' समेत संसद्वादमा पतन भए पनि कमरेड कञ्चन र सुदर्शनले विद्रोहको झन्डा उचालेका छन् र क्रान्तिका बाँकी कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विप्लव-प्रकाण्ड समूह संसद्वादी संशोधनवादमा पतन भएपछि पुनर्गठित नेकपा (बहुमत) ले वैज्ञानिक समाजवादी क्रान्ति र एकीकृत जनयुद्धको बाटोबाट सहिद, बेपत्ता, घाइते, अपाङ्ग योद्धाहरूको सपना पूरा गरेरै छोड्ने उद्घोष गरेको छ। वैज्ञानिक समाजवाद स्थापना गरेपछि नै बेपत्ता योद्धाहरूको वास्तविक अवस्था सार्वजनिक हुने र उनीहरूका सपना पूरा हुने पक्का छ।

यी त राजनीतिक कुरा भए। प्रचण्ड, बाबुराम वा बादल सत्ताको स्वाद लिने जुन अवस्थामा पुगेका छन्, त्यो हुनुको मुख्य कारण तिनै सहिद, बेपत्ता योद्धा, घाइते योद्धा र उनीहरूका परिवारको त्याग र समर्पण थियो। यसरी जनयुद्धमा सहिद भएकाहरूको एक किसिमको पीडा छँदैछ। उनीहरूका परिवारको बिचल्ली नै छ। सहिदहरू अब फर्केर आउँदैनन्, सबैले बुझ्केको कुरा हो तर प्रचण्ड–बाबुराम-बादलका लागि अन्तिम लक्ष्य बनेको यो सत्ताले बेपत्ता भएकाहरूको न सास देखाएको छ, न त लास नै। सास वा लास दुवै नपाउँदा परिवारजनमा मनोवैज्ञानिक विक्षिप्तता पैदा भएको छ। आफन्त फर्किन्छन् कि भन्ने आशाको त्यान्द्रो समाएर बसिराखेका छन् । यो मनोवैज्ञानिक क्षतिको पूर्ति कसले गरिदिने ? यो पक्ष छुट्टै छ। जनयुद्धको अन्त्य घोषणा गरी शान्तिप्रक्रिया हुँदै प्रचण्ड-बाबुराम सत्तासीन भइराख्दा उनीहरूले सत्यनिरूपण तथा छानबिन आयोग त गठन गरे तर यो आयोग पूरै एकतर्फी बनेको छ। त्यसले हिजो जनयुद्धमा राज्यद्वारा भएका नरसंहार, ज्यादतीको सही छानबिन नहुने पक्का छ। जारी वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियामा नै यसबारे टुङ्गो लाग्ने विषय क्रान्तिकारीहरूले आत्मसाथ गरिसकेका छन् ।

जनयुद्धका नायक भनिएका प्रचण्ड र हिजो नागरिक बेपत्ता पार्ने सत्ताको नेतृत्व गरेका शेरबहादुर देउवासहितको दलाल पुँजीवादी राज्यसत्ताले कुनै पनि हालतमा बेपत्ता योद्धाहरूको वास्तविक अवस्था सार्वजनिक गर्ने भन्दा पनि टालटुल पार्ने काम गरिराखेको छ। वास्तविक अपराधीहरूलाई उम्काइरहेको छ। त्यसैले बेपत्ता योद्धाहरूको अवस्था सार्वजनिक गर्नका लागि वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न भएर वैज्ञानिक समाजवाद स्थापना हुनु आवश्यक छ। सरकार, बेपत्ता योद्धालाई तत्काल सार्वजनिक गर! भन्ने नारामा गोलबन्द हुन जरुरी छ। त्यो हो कमरेड कञ्चन-सुदर्शनले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले अगाडि सारेको क्रान्तिको नयाँ मार्ग वैज्ञानिक समाजवाद स्थापनामा अघि बढ्न अब ढिला नगरौँ। यो नै सामाजिक दलाल पुँजीवादी संसदीय व्यवस्थाको उत्तम विकल्प हो।

(परिमार्जनसहित पुनः प्रकाशित)

## नेकपा (बहुमत) को ....

पहल गर्ने निर्णय गरेको छ । सुदर्शनको विज्ञप्तिमा भनिएको छ, 'सङ्गठनात्मक दृष्टिकोणले केन्द्रीय समितिदेखि प्रारम्भिक तहसम्म व्यापक रूपमा पार्टी, जवस, राष्ट्रिय तथा क्षेत्रीय मोर्चाहरू, पेसागत तथा व्यावसायिक सङ्गठनहरू र सहिद, बेपत्ता, घाइते योद्धा सङ्घ इत्यादिको गठन, पुनर्गठन, शुद्धीकरण, सुदृढीकरण र रूपान्तरण गर्ने, बृहत् क्रान्तिकारी कम्युनिस्टहरूको कार्यगत एकता, संयुक्त मोर्चा र पार्टी एकताका लागि तीव्र पहल गर्ने निर्णय गरिएको छ।'

बैठकले २०७७ साल फागुन २१ गते विघटित नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयन गर्न एक वार्ता तथा संवाद समिति गठन गरेको छ । उक्त संवाद तथा वार्ता समितिमा हेमन्तप्रकाश ओली 'सुदर्शन' संयोजक रहेका छन् भने तत्कालीन वार्ता टोलीका सदस्य उदयबहादुर चलाउने 'दीपक', गुणराज लोहनी र देवकला अधिकारी रहेका छन्।

नेकपा (बहुमत) को केन्द्रीय समिति बैठकले पार्टीका केन्द्रीय सदस्य सुदर्शनलाई पार्टी प्रवक्ता चयन गरेको छ । यस्तै राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी मुद्दाहरूलाई लिएर जनसङ्घर्षका कार्यक्रमहरू अघि बढाउने र पार्टीको नवौं महाधिवेशन आउँदो फागुन १ गते महान् जनयुद्ध दिवसका अवसरमा उद्घाटन गर्ने निर्णय नेकपा (बहुमत) को बैठकले गरेको छ।

नेकपा (बहुमत) को बैठकले झूट्टा मुद्दामा फसाइएका सम्पूर्ण राजबन्दीहरूको रिहाइ, सम्पूर्ण नेता तथा कार्यकर्ताहरू र सर्वसाधारण जनतामाथि लगाइएका झूट्टा मुद्दा खारेज गर्न सरकारसँग जोडदार माग गर्ने निर्णय गरेको छ।

प्रेस विज्ञप्ति

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौं महाधिवेशन आयोजक समितिको दोस्रो पूर्ण बैठक संयोजक कमरेड कञ्चनको अध्यक्षतामा यही जेठ ६ देखि ९ गतेसम्म काभ्रे जिल्लाको बनेपामा सम्पन्न भएको कुरा हामी सहर्ष सार्वजनिक गर्न चाहन्छौँ । उक्त बैठकद्वारा निम्ननिर्णयहरू गरिएका छन् :

१) विचारधारात्मक तथा राजनीतिक कार्यमा मालेमावादी नियमित स्कुलिङ सञ्चालन गर्ने, न्यूनतम् कार्यक्रम तथा राजनीतिक कार्यदिशा जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद, कार्यनीति स्वाधीन संयुक्त सरकार, कार्यनीतिक कार्यक्रम संसदीय व्यवस्थाको अन्त्य, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता आदि विषयमा समग्र पार्टीपङ्क्ति तथा जनपङ्क्तिलाई स्पष्ट पार्न ब्युरोस्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, पार्टीका विचारहरूलाई आमसञ्चार माध्यमहरूबाट प्रसारण गर्ने निर्णय गरिएको छ।

२) सङ्गठनात्मक दृष्टिकोणले केन्द्रीय समितिदेखि प्रारम्भिक तहसम्म व्यापक रूपमा पार्टी, जवस, राष्ट्रिय तथा क्षेत्रीय मोर्चाहरू, पेसागत तथा व्यावसायिक सङ्गठनहरू र सहिद बेपत्ता, घाइते योद्धा सङ्घ इत्यादिको गठन, पुनर्गठन, शुद्धीकरण, सुदृढीकरण र रूपान्तरण गर्ने, बृहत् क्रान्तिकारी कम्युनिस्टहरूको कार्यगत एकता, संयुक्त मोर्चा र पार्टी एकताका लागि तीव्र पहल गर्ने निर्णय गरिएको छ।

३) २०७७ साल फागुन २१ गते विघटित नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयन पूरा नभएको स्थितिमा नेपाल सरकारसँग संवाद गर्न हेमन्तप्रकाश ओली 'सुदर्शन' को नेतृत्वमा उदयबहादुर चलाउने 'दीपक', गुणराज लोहनी र देवकला अधिकारी रहेको वार्ताटोली तथा संवाद समिति बनाइएको छ। यसका साथै केन्द्रीय सदस्य सुदर्शनलाई पार्टी प्रवक्तामा चयन गरिएको छ।

४) राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी मुद्दाहरूलाई लिएर जनसङ्घर्षका कार्यक्रमहरूलाई अघि बढाउने निर्णय गरिएको छ।

५) पार्टीको नवौं महाधिवेशन आउँदो फागुन १ गते महान् जनयुद्ध दिवसका अवसरमा उद्घाटन गर्ने निर्णय गरिएको छ।

६) झूट्टा मुद्दामा फसाइएका सम्पूर्ण राजबन्दीहरूको रिहाइ र सम्पूर्ण नेता तथा कार्यकर्ताहरू र सर्वसाधारण जनतामाथि लगाइएका झूट्टा मुद्दा खारेज गर्न सरकारसँग जोडदार माग गर्ने निर्णय गरिएको छ।

सुदर्शन, प्रवक्ता
१० जेठ, २०७९

## नेकपा (बहुमत)द्वारा ....

प्रमुख आतिथ्य, नवौं महाधिवेशन आयोजक समिति सदस्यहरू ध्रुव, विजय, प्रेम, हुकुम, रणदीप, कृष्ण बराल र जिल्ला सल्लाहकार बलराम राउतको उपस्थिति रहेको थियो।

संयुक्त भेटघाट तथा प्रशिक्षण कार्यक्रमको सञ्चालन नवौं महाधिवेशन आयोजक समितिका सदस्य राजकुमारले गरेका थिए।

# बुद्धिजीवी नेता थापाप्रति नेकपा (बहुमत) द्वारा श्रद्धाञ्जली व्यक्त

चितवन।

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) चितवनले शोक वक्तव्य जारी गरी पार्टी निकट नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनका केन्द्रीय सदस्य, सङ्गठनका चितवन जिल्ला अध्यक्ष एवम् वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका पूर्वसहायक क्याम्पस प्रमुख धर्म थापाप्रति श्रद्धाञ्जली प्रकट गरेको छ। पार्टीका चितवन जिल्ला संयोजक विजय शर्माले जारी गरेको शोक वक्तव्यमा थापाको निधनले पार्टी निकै मर्माहत भएको उल्लेख छ । वक्तव्यमा थापाका शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरिएको छ। थापाको जेठ ९ गते (आइतबार) बिहान ८:३० बजे हृदयाघातका कारण निधन भएको थियो।

वक्तव्यको पूर्ण विवरण यसप्रकार रहेको छ :

नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनका केन्द्रीय सदस्य तथा सङ्गठनका चितवन जिल्ला अध्यक्ष एवम् वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका पूर्वसहायक क्याम्पस प्रमुख कमरेड धर्म थापाको आइतबार बिहान ८:३० बजे हृदयाघातका कारण निधन भएको खबरले हाम्रो पार्टी निकै मर्माहत भएको छ । आदरणीय कमरेड धर्म थापाप्रति हार्दिक श्रद्धाञ्जली एवम् शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ।

## प्रधानमन्त्री ....

र जेठ २२ गते १० देखि ११ बजेसम्म चक्काजामको कार्यक्रम सार्वजनिक गरेका थिए।

नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'गठबन्धन सरकार गठन भएको पछिल्लो ७ महिनामा पेट्रोलियम पदार्थको मूल्य १० पटक बढाइएको छ । संसदीय व्यवस्थाअन्तर्गतको स्थानीय चुनावपछिका १० दिनमा २ पटक गरी पेट्रोलमा मात्र रु. १०-१० गरी रु. २० बढाइएको छ । त्यसैगरी डिजेल, मट्टीतेल, खाना पकाउने ग्याँसको मूल्य पनि त्यही अनुपातमा बढाइएको छ । नेपाल आयल निगमले अन्तर्राष्ट्रिय स्तरमा नै पेट्रोलियम पदार्थको मूल्य बढेकाले यसरी मूल्य वृद्धि गर्नु परेको कुतर्क प्रस्तुत गरेको छ जब कि अन्तर ाष्ट्रिय तेल-बजारमा पेट्रोलियम पदार्थको मूल्य बढ्दाबढ्दै पनि आयल निगमकै तथ्याङ्कअनुसार पेट्रोलमा प्रतिलिटर रु ६३.२३, डिजेलमा रु.४५.९१ केवल कर/शुल्क, ढुवानी खर्च, निगमको प्रशासनिक खर्च, बिमा खर्च, निगमको प्राविधिक नोक्सानी, बिक्रेता कमिसनजस्ता विभिन्न शीर्षक खडा गरेर वास्तविक मूल्यमा बोझ थोपरिएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यसरी विभिन्न शीर्षक बनाएर चर्को मूल्यमा उपभोक्तालाई पेट्रोलियम पदार्थ किन्न बाध्य पार्नु भनेको जनतामाथि दलाल संसदीय व्यवस्थाले लुटखसोट गर्नु हो । यसअघि पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा हाम्रो पार्टीले भनेको थियो- पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा यातायात, ढुवानी, औद्योगिक तथा कृषि उत्पादन, स्वास्थ्य र शिक्षामा खर्च पनि स्वतः बढ्ने भएकाले यो बृद्धिले आमजनजीवन नै नकारात्मक रूपले प्रभावित हुन पुगेको छ। जनताले दैनिक जीवन गुजार्नका लागि मात्र पनि आफूसँग भएको चलअचल सम्पत्ति बेच्नुपर्दा गरिबीको सत्ख्या बढ्दै गएको छ। तसर्थ हाम्रो पार्टी सरकारलाई पेट्रोलियम पदार्थलगायत सबै उपभोग्य वस्तुको मूल्य तुरुन्त घटाउन जोडदार माग गर्दछ । सरकारले बेलगाम पेट्रोलियम पदार्थको मूल्य बढाएकाले हाम्रो पार्टीले तपसिलका आन्दोलनका कार्यक्रमको घोषणा गरेको छ । उक्त कार्यक्रममा आमजनताको सहयोग, समर्थन र सक्रिय सहभागिता रहने अपेक्षा पनि राखेका छौँ।'

## पेट्रोलियम ....

का संयोजक राईले सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर जनतामारा काम गरेको बताएका हुन्। उनले इन्धनको मूल्य बढेपछि सबै वस्तु तथा क्षेत्रको मूल्यवृद्धि हुने भएकाले जनता प्रत्यक्ष मारमा परेको बताए।

इन्धनमा लगाइएको अनावश्यक कर हटाएर मूल्य समायोजन गर्न सरकारसँग माग गर्दै राईले जनताको आवाज नसुनेर सरकारले मनपरी मूल्यवृद्धि गरिरहे आन्दोलनको आँधीबेहरी आउनसक्ने चेतावनी दिए।

शान्तिबाटिकाबाट सुरु भएको सिठी जुलुस वसन्तपुर हुँदै घण्टाघर, जमल हुँदै पुनः शान्तिबाटिकामै पुगेर कोणसभामा परिणत भएको थियो । नेकपा बहुमतले महँगी र राष्ट्रियताको सवालमा सडक सङ्घर्षको घोषणा गरिसकेको छ।

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं सुताएर, घोप्ट्याएर प्रयोग नगरौं
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **झनक श्रेष्ठ**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ